# अध्याय - एक (CHAPTER - ONE)

## १ परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

शिक्षण पेशा एक प्राविधिक कार्य हो जुनसुकै कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै प्रकारको विशेष सीप तथा ज्ञानको आवश्यकता पर्दछ । शिक्षण पेशालाई प्राविधिक रुप दिनका लागि विषय वस्तुको ज्ञान र अनुभव मात्र पर्याप्त हुदैन । यसका लागि शिक्षकमा व्यक्तिगत, सामाजिक र शैक्षिक तीनवटै गुणको आवश्यकता पर्दछ । त्यसैले शिक्षाका आधारभूत सिद्धान्तहरुको उपयोग गर्दै शिक्षण लाई अर्थपूर्ण, प्रभावकारी एवम् उद्देश्यमुलक बनाउन सक्नुपर्दछ । शिक्षकले जहिलेपनि शिक्षण कार्य गर्दा किन पढाउने ? कसरी पढाउने ? के पढाउने ? आदि कुरालाई मध्यनजर गर्दे शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नुपर्दछ (शर्मा एण्ड शर्मा, २०६७) ।

आजकल शिक्षणलाई निकै ठूलो पेशाको रुपमा लिइन्छ । किनभने अन्य पेशामा भन्दा यसमा मानिसहरुको संलग्नता बढी छ । Profession र Occupation शब्दहरु एक अर्थ भएका शव्दहरु हुन् । दुबैको विचमा समानता र असमानता पनि छ । सामान्यतया आफ्ना दैनिक कामहरु समान परम्परा बाट गर्नु जस्तैः- खेती गर्नु, लुगा सिलाउनु, काठको काम गर्नु आदि Occupation हो । Profession त्यस्तो कार्य हो जसमा विशिष्ट बौद्धिक अध्ययन, तालिम र अभ्यासमा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क वा तलबलिई सेवाग्राहीलाई आफ्नो ज्ञान र सीप संग सम्बन्धित सेवा प्रदान गर्नु हो । कुनै पनि काम पेशा हुनको लागि त्यसमा ज्ञानको क्रमबद्धता, ज्ञानको प्राप्ति र कुशल प्रयोग, सामाजिक उत्तरदायित्व बहन र आचारसंहिता जस्ता पेशा बनाउने कारक तत्वहरु समावेश भएको हुनुपर्दछ । शिक्षण पेशामा यी सबै पेशागत गुण वा कारकतत्वहरु समावेश हुने हुनाले शिक्षणलाई पेशा भनिएको छ (शर्मा एण्ड शर्मा, २०६७) ।

शिक्षा र विकास एकै सिक्काका दुईपाटा हुन् भने शिक्षण र शिक्षक पनि त्यहि पाटा हुन् । जसले गर्दा शिक्षक विनाको शिक्षण प्रायः असफल नै हुन्छ । महिला साक्षरता वृद्धि गर्न र विद्यालयमा छात्राहरुको संख्यालाई वृद्धि गर्न महिला शिक्षिकाको उपस्थितिले महत्वपूर्ण

भूमिका निर्वाह गर्ने हुँदा विद्यालय तहमा महिला शिक्षिकाहरुको संख्यालाई वृद्धि गर्नुपर्दछ । तर नेपालमा हुने सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक भेदभावका कारण उनीहरु शिक्षाको समान पहुँचबाट बाहिर रहेका छन् । जसलेगर्दा महिलाहरु शैक्षिक, आर्थिक, राजनैतिक क्षेत्रहरुमा पुरुषको तुलनामा पछि परिरहेका छन् भने महिला शिक्षिकाहरुको संख्या पनि पुरुष शिक्षकको तुलनामा निकै कम रहेको छ (विष्ट, २००६) ।

धेरै अध्ययनहरुले यो देखाएको छ कि महिला शिक्षिकाको नियुक्तिले विद्यालय शिक्षामा छात्रा सहभागितामा वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ र छात्रा तथा अभिभावकहरुका लागि एउटा अनुपम नमुनाको भूमिका निर्वाह गर्दछ । यसको अर्थ विद्यालय शिक्षा र छात्रा सहभागिता बिच महिला शिक्षिकाले एउटा पुलको काम गर्छिन् । छात्रा तथा छात्र विद्यार्थी दुबैका लागि शिक्षाको गुणस्तर प्रभावकारी बनाउन तथा उकास्न शिक्षकले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ (विष्ट, २००६) ।

विद्यालयमा कार्यरत शिक्षकहरुमा रहेको योग्यता एवम् क्षमतालाई समय सापेक्ष रुपमा नविकरण, सवलिकरण एवम् अध्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउन शिक्षकहरुको पेशागत विकास गर्नुपर्दछ । यसै कुरालाई मध्यनजर गर्दै कक्षाकोठा तथा शिक्षण सिकाईमा आवश्यक ज्ञानसिपमा पहुँच हासिल गर्न, नियमित स्वध्ययन र पठन संस्कृतिको विकासगरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विधिहरु मार्फत निरन्तर पेशागत विकास गर्ने प्रचलन कायम गर्नुपर्दछ (शिक्षक शिक्षा, २०६७) ।

उच्च स्तरिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) काअनुसार महिला र पुरुष बिचको वर्तमान असमानता शैक्षिक स्तरलाई मध्यनजर राख्दै नेपालको शिक्षा आयोगको इतिहासमा महिला शिक्षा सम्बन्धि छुट्टै परिच्छेद आफ्नो प्रतिवेदनमा पेश गरेको छ । प्रतिवेदनमा अझै पनि नेपालका ६० प्रतिशत बालबालिकाहरु निरक्षर र लैङ्गिक भिन्नता हुनु, गरिवी हुनु, जनचेतनाको कमी हुनु, महिला शिक्षिकाहरुको कमी हुनु साथै वि.सं. २०५५ सालभन्दा अगाडिको शिक्षा प्रणाली अव्यवहारिक हुनु हो भनेको छ । यी विविध अवस्थाहरुलाई सुधारेर महिला पुरुष बिचको शैक्षिक असमानताको खाडल लाई न्युन गर्दै लैजानको लागि विभिन्न सुझावहरु मध्ये प्रत्येक विद्यालयमा अनिवार्य रुपमा महिला शिक्षिकाहरुलाई राख्ने, शिक्षण संस्थानका निकायहरु बिचमा पढाउनको लागि प्रधानाध्यापक, सुपरिवेक्षक, जिल्ला शिक्षा

अधिकारी र सुपरिवेक्षणमा क्रमशः महिलाहरुको संख्या बढाउने, महिला शसक्तिकरण कार्यक्रमहरु संचालन गर्ने, साक्षरता अभियान मार्फत महिला सहभागितामा वृद्धि गर्ने, शिक्षाका प्रत्येक तहमा महिला छात्रवृतिको व्यवस्था गर्ने कुराहरु प्रमुख छन् (शिक्षा विभाग, २०६७ ) ।

तत्कालिन अवस्थामा अधिकाशं सेवारत शिक्षकहरु पेशागत योग्यता विहिन रहेकाले त्यस्ता शिक्षकहरुलाई आधारभूत सीप प्रदान गरी शिक्षणसिकाई कार्यको न्यूनतम गुणस्तर कायम गर्ने उद्देश्यले विभिन्न किसिमका तालिमहरु सञ्चालन गरियो । जसले शिक्षकहरुको पेशागत योग्यता र दक्षताको विकास गर्न सहयोग पुऱ्याउँदछ । सबैका लागि शिक्षा कार्यक्रम ( २००१-२०१५) द्वारा सन् २००९ सम्ममा ९९ प्रतिशत शिक्षकहरु तालिम प्राप्त तुल्याईसक्ने लक्ष्य निर्धारण गरे बमोजिम र तालिम निति २००५ द्वारा विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरुलाई १० महिने तालिम प्राप्त तुल्याउने निति लिइयो (शिक्षक शिक्षा, २०६७) ।

सन् १९९२ देखि प्राथमिक शिक्षा विकास परियोजनाले प्राथमिक तहको लागि र माध्यमिक शिक्षा विकास कार्यक्रमले माध्यमिक तहको लागि १० महिने शिक्षक तालिमको आवश्यकतालाई पुनरावृत्ति गरी यसको विस्तारित रुपमा संचालनका लागि नितिगत, भौतिक, संस्थागत पाठ्यसामग्री एवम् कार्यक्रमगत पूर्वाधार निर्माण गरी शिक्षकहरुको पेशागत ज्ञान विकासमा सहयोग पुऱ्याएको थियो । "सबैका लागि शिक्षा" अन्तर्गतको कार्यक्रमले प्रत्येक विद्यालयमा कम्तिमा पनि एकजना महिला शिक्षिका र महिलाशिक्षिकाहरु १३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको थियो भने सन् २००१ मा ३० प्रतिशत पुऱ्याउने र सन् २०१५ मा ५० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ (अधिकारी, २०६८) ।

देश विकासको मेरुदण्डका रुपमा रहेको क्षेत्रमा समर्पित महिला शिक्षिकाहरु बीच एकताको वातावरण तयार गरी एक आपसमा सम्बन्ध, सद्भाव सहयोगी भावनाको विकासबाट शिक्षा क्षेत्रसंग सम्बन्धि सम्पुर्ण महिलाहरु बिच सहकार्य गर्दै शैक्षिक विकासका साथसाथै समाजको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउनु सामुदायिक विद्यालयमा महिला शिक्षिकाको महत्वपुर्ण भुमिका रहनेछ । एउटी आमा शिक्षित भए घर शिक्षित हुन्छ । एउटा घर शिक्षित भए समाज शिक्षित हुन्छ, समाज शिक्षित हुँदै गयो भने एउटा सिंगो राष्ट्र शिक्षित बन्छ भन्ने भनाईलाई चरितार्थ पार्दै हरेक विद्यालयमा महिला शिक्षिका अनिवार्य रुपमा ५० प्रतिशत

हुनुपर्छ । शिक्षामा लैङ्गिक समानताको लागि महिला शिक्षिका स्वयम् पनि एकजुट भई सहकार्य गर्नुपर्छ भन्ने अवधारणा आवश्यक छ (पौडेल, २०६५) ।

महिला शिक्षिकाहरुले घर परिवार र बालबालिकाहरुको रेखदेखमा पनि उत्तिकै ध्यान दिनुपर्नेभएकाले गर्दा उनीहरु इच्छा हुँदाहुँदै पनि आफ्नो पढाइ लाई निरन्तरता दिन नसक्ने भएकाले उनीहरुको शैक्षिक स्तर पुरुष शिक्षकको भन्दा न्युन रहेको हुनसक्छ (आचार्य, २०६७) ।

सन् २०११ को प्रतिवेदन अनुसार नेपालमा प्राथमिक तहमा अध्यापन गर्ने महिला शिक्षिकाहरु ४२.२ प्रतिशत रहेका छन् भने पुरुष ५७.८ प्रतिशत रहेका छन् । निम्न माध्यमिक तहमा महिला २७.१ प्रतिशत र पुरुष ७२.९ प्रतिशत रहेका छन् । त्यसैगरी माध्यमिक तहमा १७.६ प्रतिशत महिला शिक्षिका छन् भने पुरुष शिक्षकहरु ८२.४ प्रतिशत रहेका छन् । यस अवस्थालाई सुधारेर महिला र पुरुष बिचको विद्यमान शैक्षिक खाडल कम गर्दै लैजान प्रत्येक विद्यालयमा अनिवार्य रुपले महिला शिक्षिका सङ्ख्या बढाउने, प्रधानाध्यापक, सुपरिवेक्षक र जिल्ला शिक्षा अधिकारीमा क्रमशः महिला सङ्ख्या बढाउने, महिला सशक्तिकरण केन्द्रित गर्न साक्षरता सम्बन्धि चेतनाको वृद्धि गर्न पाठ्यपुस्तकको परिमार्जन गर्ने, ग्रामिण महिलाहरु लाई छात्रावासको व्यवस्था गरी शिक्षामा सहभागिता वृद्धि गर्न शिक्षाको प्रत्येक तहमा छात्रवृत्तिको व्यवस्था गर्ने जस्ता कुराहरु प्रमुख समस्याको रुपमा रहेका छन् (शिक्षा विभाग, २०६८ ) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

विद्यालय तहमा महिला शिक्षिकाहरुको सङख्या बढाउने, प्रधानाध्यापक, सुपरिवेक्षक, जिल्ला शिक्षा अधिकारिमा महिलाको संख्या बढाउन साथै शिक्षालाई सर्वव्यापिकरण गर्न र गुणस्तरिय बनाउन विभिन्न कार्यहरु तर्जुमा गरिएतापनि शिक्षामा पहुच र गुणस्तरियता हेर्दा धेरै जसो क्षेत्रमा महिला निकै पछाडि परिरहेका छन् ।

नेपालमा महिलाहरुलाई शिक्षण तर्फ आकर्षण गराउन एवम् महिला शिक्षिकाहरुको सहभागिता वृद्धि गर्न विभिन्न किसिमका योजना तथा निति निर्माण कार्यान्वयन भए तापनि महिलाहरुको सङ्ख्या अझै पनि हरेक क्षेत्रमा कम रहेको पाइएको छ । लैङ्गिक विभेद अन्त्यगरी राज्यले विभिन्न योजना, लक्ष्य, कार्यक्रमहरु तर्जुमा गरेपनि यी कार्यक्रमहरु कसरी

र कुन निकायबाट सञ्चालन गरिने हो सो स्पष्ट गरिएको पाइदैन तसर्थ उद्देश्यहरु राखेर मात्र सबै कुरा बन्ने होइन । महत्वपुर्ण कुरा कार्यान्वयन र परिणाम हो । न्यायोचित वितरणका आधारमा कार्यान्वयन गरिएका कार्यनितिहरुले मात्र महिलाहरु प्रति न्याय निर्धारण हुन सक्दछ ।

शिक्षणपेशालाई महत्वपूर्ण र जिम्मेवार पेशाको रुपमा लिइन्छ । जसमा शिक्षकले लाखौ बालबालिकाको भविष्य निर्माणका साथै राष्ट्रका कर्णधार बनाउने र शैक्षिक मानविय जनशक्ति निर्माण गर्ने कार्य गर्दछ । शिक्षक शिक्षण पेशामा संलग्न व्यक्ति पनि हो । जो व्यक्तिगत, सामाजिक एवम् शैक्षिक गुणले युक्त हुनुपर्दछ । एउटा असल शिक्षक राष्ट्रको लागि मार्गदर्शक बन्न सक्छ । शिक्षण पेशा मर्यादित र सम्मानित पेशा हो तैपनि महिला शिक्षिकाहरुले यो पेशा अपनाउँदा उनीहरुलाई समाजले हेर्ने दृष्टिकोण, सरोकारवालाले हेर्ने दृष्टिकोण र शिक्षकहरुले गर्ने कार्य, शिक्षण कार्यमा देखिएका विविध समस्याहरुले महिला शिक्षिकाहरु अगाडि बढन नसकेको पनि हुन सक्छ । महिला शिक्षिकाहरु स्वयम्पनि यस पेशामा पूर्णरुपले समर्पित हुन नसकेको विद्यमान चुनौतिहरुका कारण शिक्षण पेशाप्रति सकारात्मक दृष्टिकोणको विकास हुन नसकेको भन्ने आरोप पनि नआएको होइन तसर्थ के कारणले महिला शिक्षिकाहरुको स्थितीमा सुधार नआएको र उनीहरुलाई आफ्नो पेशा अगाडी बढाउन कस्तो अवसर र तालिम प्राप्त भईरहेको छ भन्ने कुराको खोजी गर्नको लागि यो अनुसन्धान आवश्यक परेको देखिन्छ ।

महिला शिक्षिकाहरुको सङ्ख्या वृद्धि गर्ने विभिन्न नीतिहरु अवलम्वन गरिएपनि आवश्यक मात्रामा जति महिला शिक्षिका नियुक्ति हुनुपर्ने हो सो मात्रामा हुन सकेको छैन । महिला शिक्षिकाहरु बढी भएको विद्यालयमा छात्रा भर्नासङ्ख्या बढी रहेको, बालबालिकाहरुलाई उनीहरुले व्यवहारिक रुपमा हेरचाह गर्ने साथै व्यवहारिक ज्ञान दिने र पारिवारिक वातावरण प्रदान गर्ने कुरा प्रष्ट भएपनि उक्त कुरा कार्यान्वयन गर्न सकिएको पाइदैन । महिला शिक्षिकाहरुले शिक्षणपेशामा विभिन्न पारिवारिक, सामाजिक, लैगिंक चुनौतिहरुका कारण साथै महिला शिक्षिकाप्रति सरोकारवालाहरुको दृष्टिकोण, व्यवहारले गर्दापनि महिला शिक्षिकाहरु अगाडि बढ्न नसकेका गुनासाहरु पाइन्छन् ।

शिक्षण पेशालाई जिम्मेवार र महत्वपूर्ण पेशाको रुपमा लिइन्छ जसले लाखौं बालबालिकाहरुको भविष्य निर्माणका साथै राष्ट्रका कर्णधार बनाउने र शैक्षिक, मानविय

संसाधन निर्माण गर्ने गर्दछ । शिक्षक एक शिक्षण पेशामा संलग्न व्यक्ति हो जो व्यक्तिगत, सामाजिक एवम् शैक्षिक गुणले युक्त हुनुपर्दछ ।

शिक्षण पेशा एक मर्यादित र सम्मानित पेशा हो । तर हाम्रो देशको सन्दर्भमा यस पेशालाई खासै स्थान दिएको पाइदैन भने महिलाहरुको संलग्नता पनि यस पेशामा निकै न्युन रहेको छ । महिलाहरुलाई आइपर्ने पारिवारिक, सामाजिक एवम् शारीरिक चुनौतीहरु, लैङ्गिक विभेदजस्ता कारणले गर्दा उनीहरु यस पेशामा अगाडि बढ्न नसकेको हुन सक्दछ । त्यसैगरी सरकारले निर्माणगरेका शैक्षिक नीतिहरु अन्धाधुन्ध विस्तार गरिनु, कार्यान्वयनमा ढिलासुस्ती हुनु, महिलाहरुको लागि आवश्यक भौतिक सुविधाहरु विद्यालयमा उपलब्ध नहुनु, विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता न्यून हुनु जस्ता विद्यमान समस्याहरु पनि यथावत नै रहेको पाइन्छ । त्यसैगरी महिलाहरु पनि स्वयम् यस पेशामा पूर्णरुपले समर्पित हुन नसकिरहेको, विद्यमान चुनौतिसँग जुधि पेशालाई सहज रुपमा सञ्चालन गर्न कठिनाइ परेको, पेशाप्रति सकारात्मक दृष्टिकोणको विकास हुन नसकिरहेको जस्ता आरोपहरु पनि उनीहरुमाथि नआएको होइन । त्यसैले यस्तो अवस्थामा महिला शिक्षिकाहरुको पेशागत अवस्था, उनीहरुले शिक्षण पेशामा भोगेका समस्याहरुको बारेमा अध्ययन गर्नु ज्यादै आवश्यक देखिन्छ ।

हरेक व्यक्ति कुनै न कुनै किसिमको समस्या बाट गुज्रिरहेको हुन्छ । शिक्षण पेशा अपनाउँदा महिला भएकै हिसावले भ्केल्नुपरेका विविध पारिवारिक र सामाजिक समस्याहरु, शिक्षण पेशा अपनाउदा सामना गर्नुपरेका कठिनाइहरु, घरायसी समस्याहरु लाई किनारा लगाउँदै अगाडि बढ्छ । आइपरेका विविध कठिनाईले गर्दा महिला शिक्षिकाहरुको अवस्था अभ्क पनि सन्तोषजनक देखिदैन । एउटा असल शिक्षक राष्ट्रको लागि मार्गदर्शक बन्न सक्छ । शिक्षण पेशा मर्यादित र सम्मानित पेशा हो तैपनि महिला शिक्षिकाहरुले यो पेशा अपनाउँदा उनीहरुलाई समाजले हेर्ने दृष्टिकोण र शिक्षकहरुले गर्ने कार्य, शिक्षक शिक्षण तालिमको अभाव लैङ्गिक चुनौतिहरु, महिला शिक्षिकाप्रति सरोकारवालाहरुको दृष्टिकोण, व्यवहार आदि जस्ता समस्याहरु अभ्कपनि विद्यमान रहेको पाइन्छ ।

महिला शिक्षिकाहरुको शैक्षिक, पेशागत समस्या, महिला शिक्षिकाहरु प्रति सरोकारवालाहरुको दृष्टिकोण, विद्यालय प्रशासनको व्यवहार साथै महिला शिक्षिकाहरुले भोग्नुपरेका समस्याहरु प्रति त्यस्तो खासै अध्ययन अनुसन्धान एवम् निति निर्माण भएको पनि देखिदैन । तसर्थ मेरो

यस अध्ययनले महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक अवस्थाको विश्लेषण लाई मुख्य समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको उद्देश्यहरु (Objectives of the Study)

यो अध्ययन झापा जिल्ला दमक नगरपालिकामा शिक्षणपेशामा संलग्न महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु हो भने यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्नप्रकार रहेका छन् ।

१. महिला शिक्षिकाहरुको पेशागत अवस्थाको पहिचान गर्नु ।

२. शिक्षण पेशामा संलग्न हुनुपहिला र पछिको महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक विश्लेषण गर्नु ।

३. समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु ।

## १.४ अनुसन्धान प्रश्नहरु (Research Questions)

यस अध्ययनमा महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण र पेशागत कठिनाइहरुको सम्बन्धमा रहेका समस्याहरुको खोजी गर्न निम्न प्रकारका प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :-

१. महिला शिक्षिकाहरुको शैक्षिक स्थिति कस्तो रहेको छ ?

२. महिला शिक्षिकाहरुको पेशागत स्थिति कस्तो रहेको छ ?

३. विद्यालयीय वातावरणको अवस्था कस्तो छ ?

४. महिला शिक्षिकाहरुको पारिवारिक विवरण कस्तो छ ?

५.महिला शिक्षिकाहरुको परिवारले शिक्षण पेशा प्रति कस्तो दृष्टिकोण राखेको छ ?

६. महिला शिक्षिकाहरुको आर्थिक अवस्था कस्तो रहेको छ ?

७. कार्यस्थलमा महिला शिक्षिकाहरु प्रति सरोकारवालाहरुको धारणा के कस्तो रहेको छ ?

८. शिक्षण पेशा प्रति महिला शिक्षिकाहरुको धारणा कस्तो छ ?

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

यो अध्ययन निजी तथा सामुदायिक विद्यालयमा शिक्षणपेशामा आबद्ध महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण, तालिम अनुभव शिक्षण पेशामा देखापरेका समस्याहरु साथै सरोकारवालाहरुको महिला शिक्षिकाहरु प्रतिको धारणा पत्ता लगाउने उद्देश्यमा आधारित रहेर यो अनुसन्धान गरिएको थियो । यस अध्ययनको औचित्यलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

१. महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नुका साथै उक्त समस्याहरुको समाधान गर्नकोलागि तथा सरोकारवालाहरुको सकारात्मक धारणाको विकास गराउनु नै यस अध्ययनको औचित्य रहेको छ ।

२. महिला शिक्षिकाहरुको शैक्षिक, पेशागत, आर्थिक अवस्थामा बाधापुऱ्याउने तत्वहरुको पहिचान गर्नुका साथै उक्त समस्याहरुको समाधान गर्नको लागि तथा सरोकारवालाहरुको सकारात्मक धारणको विकास गर्नको लागि यो अध्ययन उपयोगी हुनेछ ।

३. यस अध्ययनमा महिला शिक्षिकाहरुको शैक्षिक अवस्था र पेशागत विविध समस्याहरु समेटिनुका साथै निजी र सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षिकाहरुको योग्यता र दक्षता वृद्धि गर्न प्रोत्साहन गर्दै पेशागत समस्याहरु समाधान गर्न आवश्यक पर्ने उयायहरुको खोजी गर्नु ।

४. यस अध्ययनले निजी तथा सामुदायिक विद्यालयहरुमा महिला शिक्षिकाहरुको अवस्थामा सुधार गर्न चाहनेहरुका लागि लैगिक समानता र समता कायम गरी महिला शिक्षिकाहरुको दक्षता अभिवृद्धि गर्न तथा भविष्यमा महिला शिक्षिकाहरुको अवसरको स्थितिको बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताको लागि पनि सदैव मार्गदर्शनका रुपमा रहि सहयोग पुऱ्याउन मदत गर्नेछ ।

५. यस अध्ययनले निजी तथा सामुदायिक विद्यालयहरुमा कार्यरत महिला शिक्षिकाहरुको पेशागत समस्याहरुको पहिचान गरी तिनिहरु लाई हटाउन आवश्यक पर्ने उपायहरुको सिफारिस गर्ने हुँदा उनीहरुको पेशागत दक्षतामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

६. यस अध्ययनले शिक्षकहरुसँग सम्बन्धित नीति तथा योजना निर्माण र कार्यान्वयनमा महिला शिक्षिकाहरुको सहभागिता हुनुपर्दछ भन्नेकुरामा जोड दिन, महिला शिक्षिकाहरुको समस्या, योग्यता र पेशागत व्यवहारको विश्लेषण गरी समाधानका प्रयास एवम् अपनाउनु पर्ने सतर्कता र चाल्नुपर्ने कदमहरुको सम्बन्धमा विचारहरु प्राप्त गरी सुझाव प्रस्तुत गर्न विशेष महत्व छ भन्न सकिन्छ ।

७. यस अध्ययनले लैङ्गिक विश्लेशण गरी तिनमा विद्यमान कमी र असमानताको अवस्थामा सुधार गरी शिक्षण पेशामा महिलाहरुलाई प्रोत्साहन गर्न मदत पुऱ्याउने छ ।

८. शिक्षण एवम् महिला शिक्षिकाहरुसगँ सम्बधित नीति नियम निर्माण गर्न ।

९. शिक्षणपेशासँग सम्बन्धित व्यक्ति, अनुसन्धानकर्ता, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नीति निर्माणकर्ता, सरकारी र विभिन्न संघसंस्थामा आबद्ध व्यक्तिहरुलाई लैङ्गिक सचेतना र समानता प्रतिको धारणामा अभिवृद्धि गराउन ।

१०. यस अध्ययनले महिलासँग सम्वन्धित अनुसन्धान तथा शोधपत्र तयार गर्न आवश्यक जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउने छ ।

११. यस अध्ययनले निजामति सेवा, प्रहरी सेवाका साथै शिक्षण सेवामा पनि महिला सहभागिता ज्यादै न्यून रहेकाले महिला शिक्षिकाहरुको शैक्षिक, पारिवारिक एवम् पेशागत अवस्था र उनीहरुको पेशागत समस्याहरु केलाउने प्रयास गरिएको छ ।

## १.६ अध्ययनको सिमा (Limitaion of the Study)

अध्ययनकर्ताको समय, सिमित साधन, स्रोत, लागत र आवश्यक पर्ने जनशक्तिको अभावका कारण यस अध्ययन लाई सम्पन्न गर्न निम्न सिमाहरु भित्र रहि अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

१. यो अध्ययन झापा जिल्ला दमक नगरपालिका अन्तर्गत मात्र सिमित गरिएको थियो ।

२. यस अध्ययनमा झापा जिल्लाको दमक नगरपालिकाको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक सामुदायिक र निजी विद्यालयहरुमा मात्र सिमित गरिएको थियो ।

३. यस अध्ययनलाई महिला शिक्षिकाहरुको आर्थिक बर्ष २०७०/७१ को आम्दानीमा मात्र सिमित गरिएको थियो ।

४.	ठुलो जनसंख्यालाई अध्ययनमा समेट्न कठिनाई हुने हुनाले सम्पूर्ण क्षेत्रलाई प्रतिनिधित्व हुनेगरी सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत सामान्य नमुना छनौट विधि प्रयोग गरिएको थियो ।

५.	सामुदायिक र निजी विद्यालयमा अध्यापन कार्यमा संलग्न महिला शिक्षिकाहरु मात्र अध्ययन क्षेत्रभित्र छनौट गरिएको थियो ।

६.	यस अध्ययन बाट निकालिएको निष्कर्ष लाई अन्य क्षेत्रमा सामान्यिकरण गर्न सकिनेछैन ।

## १.७ अध्ययनको सङ्गठन (Organization of the Study)

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड रहेको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरु, अध्ययनको औचित्य, अध्ययनको सीमालाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन रहेको छ । जस अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समिक्षा अध्ययनमा पूर्व साहित्यको प्रयोग, अध्ययनको अवधारणात्मक ढाँचा र कार्यात्मक ढाँचा रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसअर्न्तगत अनुसन्धान ढाँचा, तथ्याङ्क सङ्कलनकका स्रोतहरु जनसङ्ख्या, नमुना आकार, र नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधनहरु, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्क विश्लेशण रहेको छ । अध्याय चार अन्तर्गत तथ्याङ्कको प्रस्तुति र विश्लेषण रहेको छ । अध्याय पाँच अन्तिम अध्याय रहेको छ । यस अध्यायमा सबै कुराहरुको साराशं, निष्कर्ष, प्राप्तिहरु र सुझावहरु प्रस्तुत गरिएको छ । यस सँगै अध्ययनको सिलसिलामा उपयोगमा ल्याईएका अनुसूचीहरु तथा सन्दर्भ सूचीलाई समेत समावेश गरिएको छ ।

## १.८ मुख्य शब्दावलीहरुको परिभाषा (Definitation of key Terms)

खर्च - वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम ।

वचत - आम्दानी र खर्च बिचको अन्तरलाई बचत भनिन्छ ।

नमूना - ठुलो जनसंख्याबाट छनोट गरीएको प्रतिनिधि मुलक समुह ।

नमूना छनोट - ठुलो जनसंख्याबाट केहि एकाइहरु छनोट गर्ने प्रक्रिया ।

साक्षर - पढ्न र लेख्न सक्ने मानिस ।

निरक्षर - पढ्न र लेख्नसक्ने मानिस ।

वार्षिक आम्दानी - एक वर्षभरी प्राप्त गरेको आय ।

वार्षिक खर्च - कुल वार्षिक आम्दानी र कुल वार्षिक खर्च बिचको अन्तर ।

अर्न्तवार्ता - दुई वा दुई भन्दा बढी व्यक्तिहरु बीच आमने सामने बसेर गरिने कुराकानी ।

अवलोकन - कुनै पनि कुरालाई प्रत्यक्ष हेरेर त्यसको वास्तविक पत्ता लगाउने विधि ।

# अध्याय - दुई (CHAPTER -TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature and Conceptual Framework)

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

गौतम, (२०६७) काअनुसार शिक्षण एक पेशा हो । पेशा त्यस्तो कार्य हो जसमा विशिष्ट बौद्धिक अध्ययन, तालिम र अभ्यासको आवश्यकता पर्दछ । शिक्षण पेशालाई सफलतापुर्वक कार्यान्वयन गर्ने गराउने शिक्षकको काम हो । असल शिक्षकको प्रभावकारी शिक्षण गर्न गराउन विभिन्न कुराहरुको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको मानवीय व्यवहार सँगको प्रत्यक्ष अन्तर्क्रियामा सबै कार्यहरु भन्दा जटिल कार्य हो । यसको लागि शिक्षकमा विशेष कलाको आवश्यकता पर्दछ । त्यसैले भनिन्छ शिक्षण एक कला हो र शिक्षक कलाकार हो । शिक्षण कार्यका लागि विभिन्न सिद्धान्तहरुको निर्माण भएको छ । उपयुक्त सिद्धान्त अनुसारको शिक्षण विधिको छनौट गर्न सक्नुपर्दछ । अर्थात् शिक्षकले मनोवैज्ञानिक विश्लेषण पद्धति अनुसार विद्यार्थी मस्तिष्कमा शिक्षणको छाप पार्न सक्नुपर्दछ ।

गौतम, (२०६७) काअनुसार सामान्यतया पेशा भन्नाले जीवन यापनको निम्ति अपनाइएको मुख्य काम वा जिवीकाको निम्ति गरिने काम लाई बुझिन्छ । पेशा शब्दले इलम, व्यवसाय, उद्योगधन्दा आदि बुझाउँछ । मानिसले आफ्नो जीवन यापन गर्न पाउने विविध पेशामध्ये शिक्षण पनि एक प्रकारको पेशा हो । तर यो पेशाको लागि अन्य पेशा भन्दा पृथक स्वभाव र प्रकृतिको पेशागतदक्षता आवश्यकता पर्दछ । शिक्षण कार्य आफैमा एक प्राविधिक पेशा भएकाले यसमा प्राविधिक सीपको आवश्यकता पर्दछ । शिक्षण कार्य भनेको शिक्षा आदानप्रदान गर्ने प्राज्ञिक स्वरुपको पेशा हो । तसर्थ यसमा विशेष क्षमता र सिपको आवश्यकता पर्दछ । शिक्षण पेशामा आउने नयाँ नयाँ जानकारी लिई समस्या र चुनौती विरुद्ध जुध्नको लागि पेशागत अभिवृद्धि आवश्यक हुन्छ ।

शिक्षा विभाग, (२०६६) काअनुसार  शिक्षकहरुमा रहेका योग्यता एवम् क्षमता लाई समय सापेक्ष रुपमा नविकरण, सवलिकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक

परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याउनु पर्ने कुरामा जोड दिएको छ । यही कुरालाई मध्यनजर गर्दै शिक्षामा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्ष देखि कार्यान्वयनमा रहेका विद्यालय क्षेत्र सुधार योजना ( School Sector Reform, SSR) ले शिक्षकको पेशागत विकास (TPD) का निति तथा कार्यनितिहरुको व्यवस्था निर्दिष्ट गरेको छ ।

कोइराला, (२०६१) काअनुसार सामाजिक, आर्थिक अवस्था सम्बन्धी एक अध्ययन अनुसार पारिवारिक कुरामा पुरुष भन्दा महिलालाई बढी ज्ञान हुन्छ । महिलाहरु परिवारमा पुरुषभन्दा बढी काममा खटिएका हुन्छन् तर पनि उनिहरुको काम लाई कुनै मुल्य दिइदैन । हाम्रो समाजमा महिलाहरु निकै कारुणिक तथा दयनिय अवस्थामा छन् भन्नुभएको छ । परिवारमा जन्मदेखि नमरुन्जेलसम्म पुरुषहरुबाट, समाजबाट तथा स्वयं महिलाहरुबाट नारीहरु दबिएर बस्नु पर्दछ । उहाँले आफ्नो सर्वेक्षणका क्रममा प्राप्त भएका निष्कर्षहरुको आधारमा महिलाहरुको उत्थानको निमित्त यसप्रकार सुझावहरु दिनुभएको छ ।

कोइराला, (२०६१) काअनुसार निरक्षरहरुलाई साक्षर गराउन साक्षरता कार्यक्रम जस्तै प्रौढ शिक्षा, छोरीलाई अनिवार्य स्कुल पठाउनुपर्ने नियम तथा छोरीलाई स्कुल पठाउने अभिभावकहरुलाई थोरै भएपनि आर्थिक सहयोगको कार्यक्रम राष्ट्रले नै तर्जुमा गरेर निरक्षर महिलाहरुलाई साक्षर गराउनुपर्दछ । विद्यालय स्तरदेखि नै अनिवार्य विषयका रुपमा लैङ्गिक विषयलाई समावेश गरिनुपर्दछ । महिलाहरु बढी मात्रामा घरायसी कार्यमा मात्र सिमित हुनाले विभिन्न रोजगारीमुलक, सिपमुलक कार्यक्रमहरु संचालन गरेर उनीहरुको आर्थिक अवस्था मजबुत बनाउने कार्यक्रम संचालन गर्नुपर्दछ । कुनैपनि कार्यक्रम सफलहुन समाजमा लैङ्गिक सचेतना हुन जरुरी हुन्छ । समाजमा महिला, पुरुष, केटाकेटी, बुढाबुढी सबैलाई परिवारमा महिलाको भुमिका महत्वपुर्ण हुन्छ भन्ने चेतना जगाउन आवश्यक छ ।

सेरिड, (१९९०) काअनुसार महिला शिक्षिकाहरुको नियुक्तिले विद्यालय शिक्षामा छात्र छात्रा दुबैको सहभागिता बृद्धि गर्न योगदान पुऱ्याएको छ । विद्यालयमा कम्तिमा पनि एकजना महिला शिक्षिकाको उपस्थिति भएमा छात्रा एवम् अभिभावकहरुले सुरक्षित र आरामदायी महसुस गरेको पाइएको छ । त्यसैले छात्रा तथा अभिभावकहरुको लागि महिला शिक्षिकाहरुको उपस्थितिले अनुपम नमुना निर्वाह गरेको छ । यसको अर्थ विद्यालयीय शिक्षा

र छात्रा सहभागिता बिच महिला शिक्षिकाले एउटा पुलको काम गर्दछिन् । छात्र तथा छात्रा विद्यार्थी दुबैको लागि महत्वपुर्ण भूमिका खेलेको पाइन्छ ।

सेरिड, (२०००) काअनुसार विद्यालयमा राम्रो प्रस्तुतिकरण गर्नकोलागि भौतिक संरचनाहरु सुव्यवस्थित हुन जरुरी छ तर धेरैजसो विद्यालयहरुमा महिलाहरुको लागि उचित वातावरण हुदैन । उनीहरुलाई आराम गर्न वा छात्राहरु लाई कपडा फेर्न छुट्टैकोठाको व्यवस्था नहुनु, खानेपानीको व्यवस्था नहुनु, छुट्टै शौचालयको व्यवस्था नहुनु एवम् विद्यालय कम्पाउन्ड नहुनु जस्ता कठिनाईहरुले महिला शिक्षिकाहरुको सहभागिता न्युन रहेको हो भन्नेकुरा उल्लेख गरिएको छ ।

शिक्षा विभाग, (२०५९) काअनुसार आधारभुत शैक्षणिक सिपहरु विकास गर्नका लागि महिला शिक्षिकाहरु प्रभावकारी हुन्छन् भन्ने आधारमा विद्यालय शिक्षामा महिला संलग्नताको निति लिइएको हो । वास्तवमा महिला शिक्षिकाको व्यवस्थाले शिक्षामा छात्रा सहभागिता बढाउन सकारात्मक योगदान पुऱ्याएको छ । महिला शिक्षिकाहरुलाई विद्यालयको शैक्षिक, प्रशासनिक तथा आर्थिक क्षेत्रमा संलग्नताको अवसर उपलव्ध गर्नुका साथै उनीहरुको उत्थानको लागि विशेष किसिमको आरक्षणको व्यवस्था गरिनुपर्छ ।

Baidhya, (1996) काअनुसार दक्षिण एसियामा महिलाहरुको अवस्था तथा उनीहरुको सामाजिक तथा आर्थिक उन्नतिका लागि के के गर्नु आवश्यक छ भन्ने सम्बन्धमा अगाडी लेख्छन्-कुल जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाहरु तुलनात्मक रुपमा धेरै जसो विकासका कार्यक्रममा पछाडी परिरहेका छन् । शिक्षा, स्वास्थ्य, राजनीति, प्रशासन र आर्थिक क्षेत्रका गतिविधिमा उनीहरुको सहभागिता न्यून छ । महिलाहरु जसले पुरुषले भन्दा लामो समय काम गर्दछन् उनीहरु नै कमजोर तथा आर्थिक रुपमा पुरुषमाथि आश्रित छन् ।

Sharma, (1980) काअनुसार अशिक्षित महिलाको तुलनामा शिक्षित महिलाहरुको जीवनस्तर उच्च रहेको निष्कर्ष निकालिएको पाईन्छ । तापनि शिक्षित महिलाहरु पनि पुरुषको तुलनामा कमै अवसर पाएका छन् ।

केन्दिय तथ्याङ्क विभाग, (२००४) काअनुसार ९८ विभिन्न जातजातिहरुमध्ये २० वटा जातजातिहरुमा महिला साक्षरता दर ३० प्रतिशत भन्दा कम छ । केवल ११ जातिहरुमा ५०

प्रतिशत भन्दाबढी साक्षरता दर छ भने केवल ३ जातिहरुमा ७० प्रतिशत भन्दा बढी (जैन ९२ प्रतिशत, मारवाडी ८२ प्रतिशत र कायस्थ ७२ प्रतिशत) साक्षरता दर रहेको छ ।

शर्मा, (२०६१) काअनुसार मानव विकास, समाज विकास, व्यक्तिगत विकास, आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक विकासका सबै पक्षहरुमा स्त्री र पुरुषको समान अधिकार हुनु पर्दछ । मानव विकासको इतिहासलाई हेर्दा पूर्वेली वा पश्चिमेली जुनसुकै क्षेत्रमा पनि पुरुषहरुको प्रधानता रहँदै आएको पाइन्छ । स्त्रीहरु काम धेरै गरेर पनि पछि परेका छन् । यस लिङ्गीय विभेद वा असमानता हटाउन आजको शिक्षाको आवश्यकता तथा विश्वव्यापी धारणा हो भन्ने कुरा उल्लेख गरिएको छ ।

आर्चाय, (२०६०) काअनुसार शिक्षामा लैङ्गिक समानता ल्याउने उपायहरु : शिक्षिकाको उपस्थिती सम्बन्धी एक अध्ययन अनुसार शिक्षामा लैङ्गिक मुद्दा सम्बन्धी धेरैजसो दस्तावेजहरुले महिला शिक्षिकाको उपस्थिति भन्नु नै धेरै छात्राहरु निम्त्याउनु हो भन्ने देखाउँछ । यो भनाइले मान्यता नै पाइसकेको छ । यस अर्थमा शिक्षिकाको उपस्थिति बढाउन सकेमा प्राथमिक तहमा बालबालिकाहरुको विद्यालय आउने क्रम पनि बढ्छ भन्ने जनविश्वासमा नै भइसकेको छ । यस जनविश्वासलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा चारवटा निश्चित धारहरु देखिन्छन् । पहिलो आधारभूत प्राथमिक तहको शिक्षाले बालबालिकालाई स्वास्थ्य र संचार तथा आयआर्जनको क्षेत्रमा सबल हुन मद्दत पुग्ने खाले तालिम दिन्छ साथै थप शिक्षाका निम्ति पनि तयार पार्छ । दोश्रो यदि बालबालिकाहरुलाई राम्रो तालिम दिइयो भने उनीहरुले घरपरिवारको राम्रो रेखदेख गर्न सक्छन् र आफ्नो पढाई पनि निरन्तरता दिदै जान सक्छन् । घर र बाहिर दुबै ठाँउमा अपेक्षित भूमिका निर्वाह गर्नका निम्ति आउने पिढीका बालबालिकाहरुलाई पनि तयार पार्दछन् । तेसो शिक्षा बालबालिकाको अधिकार हो । चौथो महिला शिक्षिका स्वत : लैङ्गिक समानता स्थापित गर्न सक्षम हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय, (१९९७) काअनुसार महिलाले गर्ने धेरै जसो कार्यलाई आर्थिक गतिविधिका रुपमा गणना नगरिनुले उनीहरुको अर्थतन्त्रमा रहेको योगदानलाई सही तरिकाले मूल्याङ्कन गर्न सकिएको छैन । सन् १९९१ मा सयुंक्त राष्ट्र संघले गरेको सर्वेक्षणमा जम्मा ४५.२ प्रतिशत महिला आर्थिक रुपमा सक्रिय देखिएका थिए भने पुरुष ६८.२ प्रतिशत रहेको थियो । सन् १९९७ मा नेपालको कुल महिलाको जम्मा ७ प्रतिशत मात्र पारिश्रमिक

प्राप्त हुने रोजगारीमा रहेको थियो भने ३० प्रतिशत विभिन्न अनौपचारिक आर्थिक गतिविधिमा संलग्न रहेका थिए भने बाँकी रहेको ६३ प्रतिशत महिलाको श्रमको कुनै मौद्रिक मुल्य थिएन ।

कान्तिपुर, (२०७०) नेपालमा युगान्तकारी ऐतिहासिक परिवर्तन भई गणतन्त्रको स्थापना भएको सात वर्ष भईसकेको छ । यसमा नेपाली महिलाले खेलेको अभूतपूर्व भूमिका विश्वकै निम्ति एउटा उदाहरण हो । नयाँ नेपालको निर्माणमा राज्य व्यवस्थाले सबैजसो समुदाय, जाति, महिला, एकल महिला, जनजाति, दलित, मधेशी एवम् सिमान्तकृत महिला सबैको समस्यालाई सम्बोधन गर्न नसकेको खण्डमा गणतन्त्रको स्थायित्व र संस्थागत विकास हुनसक्दैन । लोकतन्त्र भनेको जनताको शासन व्यवस्था हो, जसमा जनता सर्वशक्तिमान हुन्छन् । आधा जनसंख्या ओगटेको महिलाको स्थान लोकतन्त्रको सुदृढिकरणका लागि अत्यन्त महत्वपूर्ण हुनाले अबको शासनव्यवस्था महिलालाई राजनितीको मुल प्रवाहमा समावेश गर्न सकेन भने लोकतन्त्रको दिगो विकास असम्भव देखिन्छ ।

राष्ट्रिय योजना आयोग, (२०७०) काअनुसार महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि ऐन, नियम, कार्ययोजनाका साथै सबै जिल्लाहरुमा विभिन्न कार्यक्रमहरु मार्फत लैङ्गिक समानता तथा महिला शसक्तिकरण गर्ने प्रयास भएका छन् । पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट केही सुधार देखिन थालेका छन् । राज्यले  अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरुलाई कार्यन्वयनमा लैजान मानव बेचबिखन तथा ओसारपसार एवम् घरेलुहिंसा नियन्त्रण गर्न कानुनहरु कार्यन्वयनमा ल्याएको छ । मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडितहरुको तत्काल उद्धार तथा सहयोगको लागि कोषहरुको स्थापना गरी व्यवस्थापन र परिचालन गरिएको छ । तर महिला शसक्तिकरण अभियानलाई समुदाय स्तरमा पुऱ्याई राज्यका सबै अङ्गमा महिलाको सहभागिता सुनिश्चत गर्न नसकिनु, विकासका आयामहरुमा लैङ्गिक मुलप्रवाहिकरण अपेक्षा गरिए अनुसार प्रगति हुन नसक्नु र महिला विरुद्ध हुने शारीरिक, मानसिक वा अन्य किसिमका हिंसाजन्य कार्यलाई कानुनद्धारा दण्डनिय मानिए तापनि यसको प्रभावकारी नियन्त्रण हुन नसक्नु प्रमुख समस्या भएको छ ।

शिक्षा विभागको प्रतिवेदन, (२०६५) काअनुसार शिक्षा, स्वास्थ्य, अर्थ, सामाजिक अवस्था र चिनारी समेत सामाजिक जीवनका सबै पक्षहरुमा पुरुष र स्त्री दुबैको समान अवसरहरु

हुनुपर्दछ । नेपालमा महिलाहरुको सामाजिक अवस्था सामान्यतया न्यून स्तरमा छ । जुन अवस्थाका कारक तत्वहरु देशको गरिवी, पारिवारिक र सामाजिक स्रोत तथा शक्तिको लैङ्गिक विभेदपूर्ण, असमानता विभाजन दुबै छन् । सामान्यतया नेपाली महिलाहरु माथि अशिक्षा, खराव स्वास्थ्य स्थिति, गरिवी, उनीहरुमा परम्परागत संकीर्ण मानसिकता र उत्पादनमूलक स्रोतहरुमाथि उनीहरुको पहुँचको कमी, सुचना र प्रविधि माथि पहुँचको कमी जस्ता कारणहरुले गर्दा विकासशील क्रियाकलापहरुमा सक्रिय सहभागी हुन सकिराखेको छैन । महिलामाथि गरिने विभेद जन्मदेखि नै सुरु हुने गर्दछ । यस प्रकारको पक्षपातलाई धार्मिक, सांस्कृतिक, परम्परागत मान्यताहरु र राजनैतिक परिवेशले पनि सघाउ पुऱ्याइरहेको हुन्छ । यसको फलस्वरुप देश विकासको हरेक खण्डमा लैङ्गिक असमानता देखिन्छ ।

शिक्षा विभाग, (२०६५) काअनुसार विभिन्न ऐन तथा नियमावलीहरुमा शिक्षामा महिलाहरुको सहभागिताको मुद्दालाई शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०४९ ले प्राथमिक विद्यालयमा कम्तिमा एक जना शिक्षिका हुनुपर्ने साथै अस्थायी शिक्षकलाई तालिमको अवसर दिनुपर्ने व्यवस्था मिलाइएको छ । शिक्षक सेवा नियमाली २०५७ मा २ वर्षको लागि शिक्षक अनुमति पत्र लिन छुट तथा तालिम बिना पनि शिक्षण कार्यकोलागि प्रतिस्पर्धा गर्न अनुमति दिइएको छ । अन्य प्रत्यक्ष सरकारी निर्णय र कार्यहरु जस्तो महिला तथा बालबालिकाहरुको लागि राष्ट्रिय परिषद् (१९९४) को निर्माण महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना (१९९५) हाल महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, शिक्षा विभागको स्थापना र सो अन्तर्गत महिलाशिक्षा शाखा लाई महिला शिक्षामा सहभागिता बढाउन एउटा शाखाको रुपमा स्थापना गरिएको छ । यसबाट शिक्षामा महिला सहभागिता बढाउन विभिन्न प्रयासहरु भएको तर वर्तमान परिप्रेक्षमा यी प्रयासहरुले मात्र शिक्षामा महिलाहरुको सहभागितामा वृद्धि गर्नको लागि पर्याप्त नहुने देखिन्छ ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Empirical Literature/Previous Studies)

जोशी, (२०६८) काअनुसार सबै कुराकोअवसर हुँदाहुँदै पनि महिलाहरु उच्च शिक्षा पछि व्यवसायमा आउन सकेका छैनन् । घरको काम, मुल्य-मान्यता, संस्कृति, पितृसतात्मक धारणा, भेदभावपूर्ण व्यवहार आदिले गर्दा उनीहरु स्वयं आफ्नो दक्षतालाई तल्लोथरीको ठान्दछन् । जसले गर्दा महिलाहरु पढाई सकिएपछि व्यवसायमा पुरुषको दाजोमा तिनगुणा

कम छन् (Marley, 2000) । यसर्थ समाजमा देखिएको लैङ्गिक विभेद र असमानताको मुलकारण जैविकिय नभएर सामाजिक र सांस्कृतिक हो । लैङ्गिक असमानतामा महिलाहरु प्राय सबै समाजमा पछिपरेका छन् । समाजमा निर्णयप्रकृयामा, शिक्षा, स्वास्थ्य, राजनितिक स्रोतमाथि, सामाजिक सांस्कृतिक कार्य गर्ने लगायत विभिन्न पक्षमा महिला र पुरुष बिच सबै क्षेत्रमा असमान स्थिति रहेको छ । जसमा महिलाहरुको उल्लेखित अवस्थामा अत्यन्तै कम पहुँच रहेकाले पुरुष सरहको अवस्था श्रृजना हुन सकेको छैन ।

श्रेष्ठ, (२००६) काअनुसार शिक्षक तालिम केन्द्रमा महिला शिक्षिकाहरुलाई आवासिय सुविधा, भान्छा घरको सुविधा, बालबच्चा हेरचाहको सुविधा, ट्वाइलेट, बाथरुमको सुविधा, सुरक्षित वातावरण र उपयुक्त वातावरणको कमीका कारण पुरुष शिक्षकहरुले हेलाको दृष्टिले हेर्ने वातावरण जस्ता विभिन्न कारणहरुले गर्दा महिलाहरुलाई शिक्षक तालिममा सहभागि हुन केही खास समस्याहरु छन् । त्यसैले गर्दा साधारणतया महिला शिक्षिकाहरुको आवासिय कार्यक्रममा सहभागिता न्यून भएको पाईन्छ । घर परिवारको उत्तरदायित्व बहन गर्नुपर्ने र आशा गरे अनुरुप तालिम केन्द्रहरुमा महिला शिक्षिकाहरुका लागि सुरक्षित र उपयुक्त वातावरणको कमीका कारण पुरुष शिक्षक सरह सहभागी गराउन सकिएको छैन ।

विष्ट, (२००६) काअनुसार कम्तिमा पनि विद्यालयमा एकजना महिला शिक्षिकाको उपस्थितिले पनि अभिभावक र छात्राहरुलाई सुरक्षाको अनुभुति प्रदान गर्दछ । जुनसुकै विद्यालयमा सुविधा र सुरक्षा अति आवश्यक तत्व भएको तर्क प्रस्तुत गरेको छ । साधारणतया वातावरणीय असुरक्षा र यौन दुर्व्यवहार र पुरुष शिक्षकहरु बाट नराम्रो व्यवहार भएका उदाहरणहरु पनि प्रशस्तै पाइन्छन् । त्यसैले अभिभावकहरुले पुरुष शिक्षकहरु भन्दा महिला शिक्षिकाहरु बढी भएको विद्यालयमा धेरै आरामदायी र सुरक्षा महशुस गरेको पाइन्छ र ती महिला शिक्षिकाहरुले छात्रा भर्ना गर्नका लागि नमुनाको भुमिका खेलेको पाइन्छ । ती अनुसन्धानले के देखाएका छन् भने महिला शिक्षिकाहरुले बालबालिकाहरुलाई व्यवहारिक रुपमा हेरबिचार गर्ने, माया ममता गर्ने र उनीहरुको आवश्यकतालाई बुझेर व्यवहारिक ज्ञान दिने र पारिवारिक वातावरण प्रदान गर्दछन् ।

अधिकारी, (२०६८) काअनुसार नेपालमा राष्ट्रिय योजना आयोग (२०११) ले शिक्षण पेशामा महिला शिक्षिका भर्ना गर्नुपर्ने आवश्यकता पहिचान गरेको थियो । उक्त आयोगको प्रतिवेदन "Eduction Status in Nepal" मा प्राथमिक विद्यालय उमेरमा बालबालिकाहरु सँग

घुलमिल गर्न, हेरचाह गर्न, उनीहरुको भावना लाई बुझ्ने तथा ग्रहण गर्ने कार्य क्षमता महिला शिक्षिकासँग बढी हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ । तसर्थ उक्त आयोगले सरकारी तवरबाट यो कुरा सिफारिस गऱ्यो कि शिक्षण पेशामा दक्ष तथा योग्य शिक्षक शिक्षिका छनौटमा सरकारको कुशल नेतृत्व, उचित प्रकृया र योजनाको महत्वपुर्ण भुमिका खेल्दछ । अन्य मुलुकहरुमा जस्तै नेपालमा पनि शिक्षण पेशा लाई महिलाको पेशा बनाउने लक्ष्य बोकेको पाइयो ।

पोखेल, (२०६९) काअनुसार लैङ्गिक समानताको दृष्टिकोणले हेर्दा विद्यार्थी भर्ना तर्फ प्राथमिक र माध्यमिक शिक्षामा प्रशासनिक रुपमा बृद्धि भएको देखिएतापनि रोजगारीको दृष्टिकोणले प्राथमिक तहमा ४२.२, निमावि तहमा ३५.९, माध्यमिक तहमा १७.३ तथा उच्च माध्यमिक शिक्षामा १२.९ प्रतिशत महिलाहरु मात्र शिक्षण पेसामा संलग्न रहेका छन् (राष्ट्रिय योजना आयोग, २०६७) । तसर्थ महिला शिक्षिका संख्यामा बृद्धि गर्नुका साथै तत्काल नयाँ निति निर्माण तथा कार्यन्वयन गर्नुपर्ने देखिन्छ ।

पोखेल, (२०६९) का अनुसार मुलुकको विकास गर्न कागजमा सुन्दर विकासको योजना सजाएर मात्र पुग्दैन त्यसलाई व्यवहारमा प्रभावकारी रुपले कार्यान्वयन गर्न विविध कारणले विकासको मुल प्रभावमा  समावेश हुन नसकेको आधा आकाशको रुपमा रहेको महिलावर्गलाई विकासको आवश्यकता पहिचान र निर्णयको सम्पूर्ण प्रक्रियामा एउटा हिस्सेदारको रुपमा सहभागी गराइनु पर्दछ । तर त्यो हिस्सेदारी जबसम्म दयाको रुपमा मात्र बाडिन्छ । त्यसैले सारभूत रुपमा त्यति अन्तर ल्याउँदैन जबसम्म महिलाहरु पुरुषमा आश्रित वर्गको रुपमा बाचिरहन्छन् । महिलाहरुको विकास प्रक्रियामा हिस्सेदारी अधुरै रहन्छ । त्यसैले सर्वप्रथम लैगिंक विभेदको मुल कारणको रुपमा रहेको पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउन जरुरी छ । महिलाहरुलाई आर्थिक, सामाजिक तथा राजनैतिक रुपले शसक्त बनाइनु पर्दछ । यसको लागि शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरुमा महिलाहरुलाई सहभागी गराउन समानताको आधारमा मात्र नभएर सकारात्मक विभेदको माध्यमबाट हस्तक्षेप गरी उनीहरुको अवस्थामा परिवर्तन ल्याउन जरुरी छ । लैगिंक समानताको अधिकार र विकासका मुद्दाहरु अन्तर सम्बन्धित छन् भन्ने कुरालाई महशुस गरी नेपालमा विकास प्रक्रियाको मूलप्रभाहमा महिलालाई सहभागी गराउन संविधान, कानुन र नीतिगत प्रयासहरु भएका छन् । साथै महिलाको मानव अधिकारको अवस्थामा सुधारका लागि संविधान र

कानुनहरुमा महत्वपूर्ण परिवर्तन गरी महिलाको आधारभूत अधिकारको संरक्षणको दिशामा धेरै प्रगतिहरु भएका छन् । तथापि यी प्रयासहरु अझै पर्याप्त छैनन् ।

लुइटेल, (२०६४) काअनुसार प्रधानाध्यापकले प्रभावकारी शैक्षिक नेतृत्व दिन सक्यो भने विद्यालयको विकासात्मक पक्षमा सम्बन्धितले राम्रो सहयोग प्राप्त गर्नुका साथै विद्यालयको गुणस्तर बढाउन सघाउ पुऱ्याउँदछ । विद्यालयमा प्रभावकारी शैक्षिक कार्यक्रमका साथै विद्यालयको लक्ष्य प्रष्ट्याउन सकारात्मक शैक्षिक वातावरण, कक्षा अवलोकन तथा पृष्ठपोषण, शैक्षिक सामाग्री, ,सन्दर्भ सामाग्री, पाठ्यक्रम आदिको व्यवस्था, विभिन्न योजना निर्माण र प्रभावकारी कार्यान्वयन आदी जस्ता कार्यहरुमा व्यवस्थापनको गहन भूमिका हुन्छ । विद्यालयमा व्यवस्थापनको कार्यको लागि महिला प्रधानाध्यापक भएको खण्डमा अझ प्रभावकारी हुन जाने देखिन्छ ।

मैनाली, (२०६१) काअनुसार नारी सिर्जनाकी प्रतिमुर्ति हुन् , स्रष्टा हुन् र पारिवारिक एवम् सामाजिक विकासको सम्वाहक हुन् , देवता खुशी हुनु भनेको नै मानव जगत्को भलो हुनु हो । त्यसैले त नारी जगतको सम्मान हुनु पर्ने कुरामा पक्कै पनि दुईमत नहोला, तर यस्ता विवेकपूर्ण तर्क अथवा यथार्थको व्यवहारिक उपलब्धी हुनु एवम् नहुनुसँग हाम्रो सामाजिक संरचना, सांस्कृतिक पक्ष, शिक्षा र आर्थिक पक्षजस्ता कुराले प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

भट्ट, (२०६६) काअनुसार पुरुषलाई जति स्वतन्त्रता छ महिलालाई त्यति नै बन्धनहरुले बाँधिएको छ । महिलाहरुलाई घरपरिवारबाट बाध्न सुरु हुन्छ । समाजले बाधेको हुन्छ, राजनीतिले बाँधेको हुन्छ, पितृसत्तावादी सोचले र चिन्तनले बाँधेको हुन्छ, आर्थिक समस्याले बाँधेको हुन्छ, बालबालिकाको लालनपालनले बाँधेको हुन्छ । यसरी धेरै क्षेत्रबाट बाँधिए पछि महिलाहरु जति अगाडि बढ्न खोज्छन् ,त्यतिनै पछाडि तानिन्छन्, माथिबाट तल धकेलिन्छन्, बायाँबाट दायाँ मिचिन्छन् । जसले आफ्नो स्वभिमान र स्वत्रन्त्रता सहित अगाडी विकास गरेर जान पाउँदैनन् । फलस्वरुप कतिपय महिलाहरु बच्चा जन्माउने मेशिन र मनोरञ्जनको साधन बन्छन् भने कतिपय दिदी वहिनी पूँजिपतिको नाफा कमाउने वस्तुको रुपमा आफूलाई राख्न बाध्य हुन्छन् । आफूप्रति भएका यस्ता अन्याय र अत्याचार प्रति बोल्न खोज्दा विभिन्न आरोप लगाइन्छ । जस्तो :- घर वा समाजको घेरा तोड्न खोज्यो भने वेश्याको आरोप लगाइन्छ । राजनीति गर्न खोज्यो भने व्याख्या र व्याङ्ग्य गर्ने गर्छन् । सम्पति खोज्यो भने दाई भाइसँग दुश्मनि बढायो भन्ने, रोजगार खोज्न हिड्यो भने अनेकौ

किसिमको लान्छना लगाउने जस्ता आरोप लगाई महिलाको आत्माबल गिर्ने कुरा गर्छन् । यस्तो नेपालको धरातलमा महिला कसरी विकासको बाटोमा अगाडि बढ्न सक्छन् ।

सर्वोत्तम नारी, (२०६१) काअनुसार "दक्षिण एशियामा हुर्कनु भनेको नै निरन्तर संघर्ष हो भने यो भू-भागमा नारी हुनु भनेको व्यक्तित्वमा नै नगनिनु हो । नारीहरु दक्षिण एसियामा मानव हुन पाउने हकबाटै बन्चित छन्, थिचिएका छन् ।" जीवन जटिल छ युवतिहरुका लागि नेपालमा घरका कामकाज र नानिहरु हुर्काउन उनीहरु जिम्मेवार छन् । तुलनात्मक रुपमा हेर्ने हो भने युवतिहरु युवाहरुभन्दा बढी कुपोषणको सिकार हुन्छन् । धेरैजसो बिरामी हुने सम्भावना पनि केटीहरुमा नै पाइन्छ । स्वास्थ्य, शिक्षा एवम् सम्पत्तिको अधिकारमा पनि उनीहरुको संलग्नता कमै मात्रामा पाइन्छ । कारण उनीहरुलाई सानैदेखि छोराको तुलनामा कम भेदभाव गरिएको हुन्छ । युवतीहरुलाई प्रायजसो कमै उमेरमा विवाह गरेर पठाइन्छ । संसारमा भएका बाल विवाहको गणनामा नेपाल अग्रपंतिमै आउँछ । त्यसमा पनि ७ प्रतिशत त दशवर्ष मुनिका बालिकाहरु नै हुन्छन् । यसरी नारीहरु आफ्नो जीवनलाई कुन दिशामा लाने भनेर भन्ने अधिकारबाट (विशेष गरेर गाउँघरका) सानैमा च्यूत भइसकेका हुन्छन् ।

वस्नेत, (२०६३) वास्तवमै हरेक क्षेत्रमा पुरुषहरुसरह लाग्न भिड्न सक्ने नारीको मनस्थितिमाथि हाम्रो मुलुकमा अद्यावधिक विद्यमान पुरुषप्रधान सामाजिक सोचको अडानमा पुरुष नै कतै बाधक त बनिरहेको छैन ? भन्ने प्रश्न पनि यहाँ जल्दोबल्दो रुपमा देखा पर्दछ । अन्यथा पुरुषकै कारणद्धारा कतिपय नारीमा आत्मविश्वासको दैलोबाट भागेर निराधार भई बेचिने, बौलाउने या आत्महत्या गर्नुपर्ने स्थितिको सिर्जना नहुनुपर्ने । विकासका संवेदनशील महत्वपूर्ण पक्षहरुसित चुनौतिपूर्ण तरिकाले अहम् भूमिका खेलिरहेको स्वास्नी मानिसप्रति सहजैसित हीनताभास प्रकट गर्नेमा ९९ प्रतिशत जनसंख्या पुरुष नै पर्दछ । जतिसुकै माया र ममताको लेपमा दिदीबहिनीको आन्तरीक र बाह्य विकास माइतीमा भएतापनि दिदीबहिनीलाई पैतृक सम्पत्तिमा समान हक दिनुपर्छ भनेर दाजुभाइले खुलस्त ढंगले आफ्नो हकको सम्पत्ति टुक्राउन चाहन्छन् ? विवाहपूर्व माइतितर्फ छोरासरह छोरीको सम्पत्ति उपभोगका हकमा त जन्मसिद्ध अधिकारका साथै मुलुकी ऐनअनुसार ३५ वर्षसम्म विवाह नगरी माइत बसेकी छोरीले छोरासरह अंश पाउने र त्यसपछि उसले विवाह गरेका या उ पोइल गएमा उसको विवाह खर्च छुट्याएर अरु बाँकी हकवालाले नै पाउने आमाका एकै

कोखका सन्तान छोरीप्रतिको औपचारिकतापूर्ण बच्चाको चकलेटी प्रलोभनजस्तो पूर्वी ऐनले पनि महिलालाई 'विवाह' कै प्रसङ्गमा पुऱ्याएर पछारेको थियो ।

युनेस्को, (२००६) काअनुसार नेपालको शिक्षामा लैङ्गिक समानताको मापन नामक एक अध्ययनमा नेपालको सार्वजनिक विद्यालयहरुमा माध्यमिक तहमा शिक्षकहरुको कुल जनसंख्या २५,१२९ थियो । जसमा महिला शिक्षिकाको संख्या १० प्रतिशत मात्र थियो । यस हिसाबले महिला पुरुष अनुपात ०.११ मात्र छ भने शिक्षामा केटिहरुको सहभागिता बढाउने उद्देश्यले सरकारले प्राथमिक विद्यालयहरुमा कम्तिमा एक जना महिला शिक्षिकाको नियुक्ती गर्ने भन्ने निति लिएको छ । हालको शिक्षा ऐनले तीनजना शिक्षक भएको प्राथमिक विद्यालयले कम्तिमा एक जना महिला शिक्षिका नियुक्ति गर्नुपर्ने र चार देखी सात जना शिक्षकहरु हुने विद्यालयले दुई जना महिला शिक्षिकाहरु र सातजना भन्दा बढी कुल शिक्षकहरु हुने विद्यालयले तीनजना भन्दा बढी महिला शिक्षिकाहरु नियुक्ती गर्न प्रावधान तोकेको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६४) काअनुसार तथ्यांक अनुसार प्राथमिक विद्यालय तहमा अध्यापनरत ४४,२१२ जना महिला शिक्षिकाहरु मध्ये ५२१ तलिम प्राप्त महिला शिक्षिका ५६.८ प्रतिशत, निम्नमाध्यमिक विद्यालयमा ५,६१६ महिला शिक्षिकाहरु मध्ये ५१.७ प्रतिशत तालिम प्राप्त र माध्यमिक तहमा अध्यापनरत २,०४१ शिक्षिकाहरु मध्ये ६८.८ प्रतिशत शिक्षण सम्बन्धि पुरै तालिम प्राप्त गरेका छन् ।

## २.३ अध्ययनमा सम्बन्धित पूर्व साहित्यको समिक्षा (Implication of the Review of Related Liteature)

जोशी, (२०६८) का अनुसार समाजमा देखिएको लैङ्गिक विभेद र असमानताको मूल कारण जैविकीय नभएर सामाजिक संस्कृति हो । लैङ्गिक असमानतामा महिलाहरु प्राय सवै समाजमा पछि परेका छन् ।

श्रेष्ठ, (२००६) काअनुसार साधारणतया महिला शिक्षिकाहरुको आवासिय कार्यक्रममा सहभागिता न्यून भएको पाइन्छ । घर परिवारको उत्तरदायित्व वहन गर्नुपर्ने र आशा गरे अनुरुप तालिम केन्द्रहरुमा महिला शिक्षिकाका लागि सुरक्षित र उपयुक्त वातावरणको

कमिका कारण पुरुष शिक्षकहरुले हेलाको दृष्टिले हेर्ने वातावरण जस्ता विभिन्न कारणहरुले गर्दा महिलाहरुलाई शिक्षक तालिममा सहभागी हुन केही खास समस्याहरु छन् ।

विष्ट, (२००६) काअनुसार महिला शिक्षिकाहरुले बालबालिकाहरुलाई व्यावहारिक रुपमा हेरविचार गर्ने, माया ममता गर्ने र उनीहरुको आवश्यकतालाई बुझेर व्यावहारिक ज्ञान दिने र पारिवारिक वातावारण प्रदान गर्दछन् ।

अधिकारी, (२०६८) काअनुसार प्राथमिक विद्यालय उमेरमा बालबालिकाहरुसँग घुलमिल गर्न, हेरचाह गर्न, उनीहरुको भावनालाई बुझ्ने तथा ग्रहण थर्ने कार्य क्षमता महिला शिक्षिकाहरुसँग बढी हुन्छ । शिक्षण पेशामा दक्ष तथा योग्य शिक्षक शिक्षका छनौटमा सरकारको कुशल नेतृत्व, उचित प्रकृया र योजनाले महत्वपूर्ण भुमिका खेल्दछ ।

कान्तिपुर, (२०७०) नयाँ नेपालको निर्माणमा राज्य व्यवस्थाले सबैजसो समुदाय, जाति, महिला, एकल महिला, जनजाति, दलित, मधेशी एवम् सिमान्तकृत महिला सबैको समस्यालाई सम्बोधन गर्न नसकेको खण्डमा गणतन्त्रको स्थायित्व र संस्थागत विकास हुनसक्दैन । आधा जनसंख्या ओगटेको महिलाको स्थान लोकतन्त्रको सुदृढिकरणका लागि अत्यन्त महत्वपूर्ण हुनाले अबको शासनव्यवस्था महिलालाई राजनितीको मुल प्रवाहमा समावेश गर्न सकेन भने लोकतन्त्रको दिगो विकास असम्भव देखिन्छ ।

शर्मा, (२०६१) काअनुसार मानव विकास, समाज विकास, व्यक्तिगत विकास, आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक विकासका सबै पक्षहरुमा स्त्री र पुरुषको समान अधिकार हुनु पर्दछ । स्त्रीहरु काम धेरै गरेर पनि पछि परेका छन् । यस लिङ्गिय विभेद वा असमानता हटाउन आजको शिक्षाको आवश्यकता तथा विश्वव्यापी धारणा हो ।

भट्ट, (२०६६) काअनुसार  पुरुषको तुलनामा महिलालाई कम स्वतन्त्रता  छ । महिलाहरुलाई घरपरिवारबाट, समाजबाट, राजनीतिले, पितृसत्तावादी सोचले र चिन्तनले, आर्थिक समस्याले, बालबालिकाको लालनपालनले बाँधेको हुन्छ । यसरी धेरै क्षेत्रबाट बाँधिए पछि महिलाहरु जति अगाडि बढ्न खोज्छन्, त्यतिनै पछाडि तानिन्छन्,  जसले आफ्नो स्वभिमान र स्वत्रन्त्रता सहित अगाडी विकास गरेर जान पाउँदैनन् । त्यसैले नेपालको धरातलमा महिलालाई विकासको बाटोमा अगाडि बढ्न समस्याहरु रहेका छन् ।

Baidhya, (1996) काअनुसार कुल जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाहरु तुलनात्मक रुपमा धेरै जसो विकासका कार्यक्रममा पछाडी परिरहेका छन् । शिक्षा, स्वास्थ्य, राजनीति, प्रशासन र आर्थिक क्षेत्रका गतिविधिमा उनीहरुको सहभागिता न्यून छ । महिलाहरु जसले पुरुषले भन्दा लामो समय काम गर्दछन् उनीहरु नै कमजोर तथा आर्थिक रुपमा पुरुषमाथि आश्रित छन् ।

शिक्षा विभागको प्रतिवेदन, (२०६५) काअनुसार शिक्षा, स्वास्थ्य, अर्थ, सामाजिक अवस्था र चिनारी समेत सामाजिक जीवनका सबै पक्षहरुमा पुरुष र स्त्री दुबैको समान अवसरहरु हुनुपर्दछ । नेपालमा महिलाहरुको सामाजिक अवस्था न्यून स्तरमा रहनुको कारक तत्वहरु देशको गरिवी, पारिवारिक र सामाजिक स्रोत तथा शक्तिको लैङ्गिक विभेदपूर्ण, असमानता विभाजन आदी हुन । नेपाली महिलाहरु माथि अशिक्षा, खराव स्वास्थ्य स्थिति, गरिवी, परम्परागत संकीर्ण मानसिकता र उत्पादनमूलक स्रोतहरुमाथि उनीहरुको पहुँचको कमी, सुचना र प्रविधि माथि पहुँचको कमी जस्ता कारणहरुले गर्दा विकासशील क्रियाकलापहरुमा सक्रिय सहभागी हुन सकिराखेको छैन । महिलामाथि गरिने विभेद जन्मदेखि नै सुरु हुने गर्दछ । यस प्रकारको पक्षपातलाई धार्मिक, सांस्कृतिक, परम्परागत मान्यताहरु र राजनैतिक परिवेशले पनि सघाउ पुऱ्याइरहेको हुन्छ, फलस्वरुप देश विकासको हरेक खण्डमा लैङ्गिक असमानता देखिन्छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन र यस अध्ययनको विचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमूना छनौट विधिको माध्यमबाट सिमित जनसंख्याबाट तथ्याङ्क संकलन गरिएको छ भने यस अनुसन्धानमा निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुलाई उद्दश्यमुलक नमूना छनौट विधिबाट सबैको प्रतिनिधित्व हुने गरी वास्तविक र यथार्थ तथ्याङ्क संकलन गरिएको छ । साहित्यको पुनरावलोकनमा प्रश्नावलीको मात्र प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ तर यस अध्ययनमा निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको पारिवारीक, आर्थिक तथा शैक्षिक अवस्थाको  बारेमा लक्षित समुह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अध्ययनको साहित्यको पुनरावलोकनमा महिला शिक्षिकाहरुको आर्थिक तथा शैक्षिक क्षेत्रको वारेमा अध्ययन गरिएको छ । उल्लेखित

अन्तरहरुको आधारमा साहित्यको पुनरावलोकन र यस अध्ययनको विचमा अन्तर छुट्याउन सकिन्छ ।

## २.४ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यो अध्ययन निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको पेशागत अवस्था, पेशागत दक्षता सम्बन्धी, पेशागत समस्याहरु, शैक्षिक योग्यता, तालिमको अवस्था, स्थायीत्वको अवस्था, उनीहरुले अध्यायन गर्ने विषयको अवस्था, पेशागत नियम सम्बन्धी प्रावधानहरु र विद्यालयमा उनीहरुको उपस्थितिको अवस्थाको अध्ययन गर्नका लागि निर्माण गरिएको अवधारणात्मक ढाँचा हो ।




स्रोत :- कार्की, (२०७०) ।

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)

यो अध्ययन निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्था कस्तो छ ? साथै महिला शिक्षिका प्रति सरोकारवालाहरुको धारणा लाई समेटेर निर्माण गरिएको कार्यात्मक ढाँचा हो । जुन निम्नअनुसार रहेको छ।



# अध्याय - तीन (CHAPTER – THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

यस अनुसन्धानमा अनुसन्धान ढाँचा, अध्ययनको जनसंख्या, नमुना छनौट विधि, तथ्यांक संकलन प्रकृया, तथ्यांक प्रस्तुतिकरण तथा विश्लेषण प्रकृया लाई नै मुलतः अनुसन्धान विधिको रुपमा प्रयोग गरिएको छ । तथ्यांक संकलन गर्न साधनको निर्माण गरि अनुसन्धानकर्ता द्धारा स्थलगत सर्वेक्षण गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य र संकलित सुचनाहरुको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गर्दछ । यो अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांकको संकलन नमूना छनोटमा परेको क्षेत्रमा रहेका महिला शिक्षिका, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट लिइएको थियो भने द्धितीय तथ्यांकको संकलन यसका विभिन्न स्रोतहरुबाट लिइएको थियो । यसरी संकलन गरिएका तथ्यांकहरुको प्रस्तुति तालिका तथा वृत्तचित्रबाट गरी तिनीहरुको व्याख्या गरिएकाले तथ्यांकको स्वरुप परिमाणत्मक र गुणात्मक प्रकारको छ ।

### ३.२ तथ्यांक संकलनका श्रोतहरु (Sources of Data)

यस अध्ययनका लागि आवश्यक सुचना संकलन गर्न निम्न साधनहरुको प्रयोग र निर्माण गरि सुचना संकलन कार्य गरिएको छ ।

#### ३.२.१ प्राथमिक स्रोत (Primary Sources)

प्राथमिक तथ्यांकका श्रोतको रुपमा झापा जिल्ला दमक नगरपालिकामा अवस्थित निजी र सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षिकाहरु, उनीहरुका अभिभावकहरु, सोही विद्यालयमा अध्ययनरत विद्यार्थीहरु र सहकर्मी पुरुष शिक्षकहरु हुन् ।

### ३.२.२ द्वितिय स्रोत (Secondary Sources of Data)

अध्ययन कार्यलाई प्रभावकारि बनाउन द्वितिय श्रोतहरुमा सम्बन्धित क्षेत्र वा वार्डसँग सम्बन्धित विद्यालय प्रशासन, व्यवस्थापन समितिका पदाधिकारीहरु, विभिन्न पूर्व अध्ययन प्रतिवेदन, पूर्व प्रकासित कृतिहरु, पत्रपत्रिका, विभिन्न विद्वानहरुका लेखहरु, शिक्षा विभाग र नगरपालिकाको कार्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्यांकहरुको सहयोग लिइएको छ ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनौट (Population, Sample Size and Sampling Procedure)

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययन झापा जिल्लाको दमक नगरपालिकामा रहेका सामुदायिक तथा निजी विद्यालयमा महिला आधारित छ । उक्त क्षेत्रमा कुल सामुदायिक विद्यालय ३ वटा र निजी विद्यालय १२ वटा गरि जम्मा १५ वटा विद्यालयहरु रहेका छन् । यी मध्ये नमुनामा परेका सामुदायिक विद्यालय संख्या ३ वटा र निजी विद्यालय संख्या ३ वटा गरि जम्मा ६ वटा विद्यालयमा अध्यापनरत कुल महिला शिक्षिकाहरु १०० जना रहेका छन् । जुन यस अध्ययनको जनसंख्या हो ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनको उद्देश्य बमोजिम अनुसन्धानकर्तासँग समय, आर्थिक लगानी र आवश्यक जनशक्तिको अभावका कारण निश्चत मात्रा तथा जनसंख्यालाई नमुनाको रुपमा छनोट गरिएको छ । यस अध्ययनमा सामुदायिक तथा निजी विद्यालयका महिला शिक्षिकाहरु मध्येबाट संगणना विधि (Census Method) को आधारमा १०० जना शिक्षिकाहरुलाई नमुनाको रुपमा लिइएको छ जुन कुल शिक्षिकाहरुको शतप्रतिशत हो ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

यस अध्ययनका लागी नमूना छनोट यस प्रकार उल्लेख गरिएको छ :

१. यस अध्ययनमा झापा जिल्ला दमक नगरपालिकालाई उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ । किनभने झापा जिल्ला अध्ययनकर्ताको आफ्नै जिल्ला भएकाले तथ्याङ्क प्राप्त गर्न सजिलो हुने भएकाले छनोट गरिएको हो ।

२. विद्यालयको छनोट : छनोट गरिएको नगरपालिका भित्र संचालन भइरहेका सामुदायिक तथा निजी विद्यालयहरुको संख्या मा.वि.सरकारी तर्फ ३ वटा रहेका छन् भने निजी तर्फ १२ वटा गरि कुल १५ वटा रहेका छन् जसमध्ये सरकारी ३ वटा र निजी ३ वटागरी कुल ६ वटा विद्यालयलाई समावेश गरिएको छ। त्यसैगरी नि.मा.वि.सरकारी र निजी तर्फ ११ /११वटा रहेका छन् जसमध्ये ३/ ३ वटा, प्रा.वि.(सरकारी) ११ र निजी ४ वटा गरी कुल १५ वटा विद्यालय रहेका छन् जसमध्ये ३/३ वटा विद्यालय लाई समावेश छ। जसलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ।

३. महिला शिक्षिकाहरुको छनोट : दमक नगरपालिकाभित्र रहेका सामुदायिक तथा निजी विद्यालयहरुमा कार्यरत कुल १०० जना महिला शिक्षिकाहरु मध्ये शतप्रतिशतलाई संगणना विधि (Census Method) का आधारमा छनोट गरिएको छ।

४. पुरुष शिक्षकहरुको छनोट : कुल ८० जना पुरुष शिक्षकहरुबाट सामान सम्भावनायुक्त नमूना छनोट विधि अर्न्तगत चिठ्ठा प्रणालीबाट १५ जनालाई नमूनाको रुपमा छनौट गरिएको छ।

५. अभिभावकहरुको छनौट : यस अध्ययनका लागी कुल १०० जना अभिभावकहरुबाट समान सम्भावनायुक्त नमुना छनोट विधि अर्न्तगत चिठ्ठा प्रणालीबाट १५ जना अभिभावकहरुलाई नमुनाको रुपमा छनोट गरिएको छ।

६. विद्यार्थीहरुको छनोट : नमुना छनोटमा परेका सामुदायिक ३ वटा र निजी विद्यालय ३ वटाको कक्षा ८ र ९ बाट २/२ जनाका दरल पर्नेगरी सामान्य सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत चिठ्ठा प्रणालीबाट २४ जना विद्यार्थीलाई अध्ययनका लागि नमुना छनोट गरिएको थियो।

## ३.४ अध्ययनको क्षेत्र (Study Area)

यो अध्ययनको क्षेत्र झापा जिल्लाको मेची अञ्चल दमक नगरपालिका हो।

## ३.५ तथ्यांक संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागि आवश्यक सुचना संकलन गर्न निम्न साधनहरुको निर्माण र प्रयोग गरि सुचना संकलन कार्य गरिएको थियो । जुन यसप्रकार रहेको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

अध्ययनको क्रममा छनौटमा परेका महिला शिक्षिकाहरु, अभिभावकहरु, विद्यार्थीहरु र पुरुष शिक्षकहरुसँग उनीहरुको पारिवारिक स्थिति, शैक्षिक अवस्था, आर्थिक स्तरको विश्लेषण गर्नुका साथै महिला शिक्षिकाहरुका लागी तयार गरिएको प्रश्नावलीको नमूना अनुसुची १ मा देखाइएको छ । अभिभावकहरुका लागि तयार गरिएको प्रश्नावलीको नमूना अनुसुची २ मा देखाइएको छ । विद्यार्थीहरुका लागी तयार गरिएको प्रश्नावलीको नमूना अनुसुची ३ मा देखाइएको छ भने पुरुष शिक्षकहरुका लागी तयार गरिएको प्रश्नावली अनुसुची ४ मा देखाइएको छ ।

### ३.५.२ छलफल सुची (Discussion Gride)

यस अध्ययनलाई पूरा गर्नको लागि निजि तथा सामुदमयिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरु तथा अभिभावकहरुलाई छलफलमा सहभागी बनाइएको थियो । उक्त छलफल संचालन गर्नका लागि आवश्यक छलफल सुची बनाइएको थियो । त्यसको नमूना अनुसुची ५ मा देखाइएको छ ।

### ३.५.३ अवलोकन सुची (Observation List)

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न अध्ययनकर्ता स्वयम् महिला शिक्षिकाहरुको घरमा गई उनीहरुको आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । साथै छनोटमा परेका घरपरिवारको आर्थिक अवस्थाको, जग्गा जमिन,भौतिक सामग्रीहरुको अवलोकन गरिएको छ जसलाई अनुसुची ६ मा देखाइएको छ ।

## ३.६ तथ्यांक संकलन विधि (Data Collection Technique)

यस शोधपत्र तयार गर्ने क्रममा मुख्यतया निम्न विधि अपनाई तथ्यांक संकलन गरिएको थियो ।

### ३.६.१ अर्न्तर्वाता (Interview)

यस अध्ययनका लागी आवश्यक तथ्याङ्क संकलन गर्नका लागी अर्न्तवार्तालाई विधिको रुपमा प्रयोग गरिएको थियो । महिला शिक्षिकाहरु, पुरुष शिक्षक, अभिभावक र विद्यार्थीहरु संग प्रत्यक्ष रुपमा भेटघाट गरी प्रत्यक्ष व्यक्तिगत अर्न्तवाता (Direct Personal Interview) अन्तर्गत आमने सामने अन्तर्वाता (Face to Face Interview) लिइएको थियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनलाई पुरागर्नको लागी अध्ययनकर्ताले प्रत्यक्षरुपमा विद्यालयको अवलोकन गरी विद्यालयको भौतिक अवस्था, शैक्षिक सामग्रीको प्रयोग, शौचालयको व्यवस्था, खानेपानीको व्यवस्था आदीको अवलोकन गरिएको थियो । त्यसैगरी महिला शिक्षिकाहरुको घर परिवारमा गई उनीहरुको आर्थिक अवस्थाको समेत प्रत्यक्षरुपमा अध्ययनगरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्यलाई पूरागर्ने सिलसिलामा अनुसन्धानकर्ताले ३ जना विद्यार्थी, पुरुष शिक्षकहरु ५ जना र महिला शिक्षिकाहरु ५ जना गरी जम्मा १३ जनाको समुह बनाइ मिति २०७२/६/२२ गते शुक्रबार दमक नगरपालिका बार्ड नं. १० को वडाकार्यलयको बैठक हलमा दिउसो १२ बजे छलफल कार्यक्रम सुरु गरिएको थियो । उक्त कार्यक्रम अनुसन्धानकर्ता स्वयम्ले सञ्चालन गरी उत्तरदाताले दिएको उत्तर वा सुचानाको टिपोटका लागी साथी तारा गड्तौलाको सहयोग लिइएको थियो । यो कार्यक्रम २ घण्टा सम्म चलेको थियो ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure)

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्कमा आधारित हुने भएकाले अध्ययनका क्रममा अनुसन्धानकर्ता आफैले अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, छलफल र अवलोकनको माध्यमबाट आवश्यक सुचना प्राप्त गरिएको थियो । प्राथमिक तथ्याङ्कको अभावलाई पुरागर्नको लागि सहायक तथ्याङ्कलाई पनि यस अध्ययनमा

समावेश गरिएको छ जसको माध्यमबाट अध्ययनले निष्कर्षलाई विश्वसनियता र वैधता प्रदान गर्ने प्रयास गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण र व्याख्याको तरिका (Data Analysis and Interpretation Techniques)

यस अध्ययनका क्रममा अध्ययन क्षेत्रबाट प्राप्त संकलित तथ्याङ्कहरु सुव्यवस्थित तरिकाले शिर्षक अनुसार सम्पादन तथा तालिकिकरण गरिएको छ । यस अध्ययनबाट प्राप्त हुन आएका सुचना संख्यात्मक तथा व्याख्यात्मक रुपमा रहेकाले ती सुचनालाई गुणात्मक तथा परिमाणात्मक दुवै किसिमबाट विश्लेषण गर्न वर्णनात्मक र गुणात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय चार (CHAPTER - FOUR)

## ४. तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण (Presentation and Interpretation of Data)

## ४.१ झापा जिल्लाको परिचय (Introduction of Jhapa District)

पूर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चल अर्न्तगतको एउटा जिल्ला झापा हो । यो जिल्लाको सम्पूर्ण भूभाग तराई प्रदेशमा पर्दछ । यो जिल्ला नेपालको सुदुरपूर्वमा अवस्थित छ । यो जिल्लाको उत्तरी सीमाना इलाम, पूर्वी सीमाना मेची नदी, पश्चिममा मोरङ्ग र दक्षिणमा भारत पर्दछ । यस जिल्लामा ३३ गा.वि.स. र ८ वटा नगरपालिका रहेका छन् । यस जिल्लाको सदरमुकाम चन्द्रगढी हो । नेपालको कुल क्षेत्रफलको ०.११ प्रतिशत ओगटेको झापा जिल्ला भौगोलिक रुपमा २६° ३९' देखि २७° १०' उत्तरी अक्षांश र ८६° ०९' देखि ८७° १०' सम्म पूर्वी देशान्तरमा रहेको छ (जि.वि.स.झापा, २०७१) ।

पहिले झापा जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य मोरङ्ग गोश्वराले हेर्ने गर्दथ्यो । पछि उक्त मोरङ्ग गोश्वारा हालको कुमरखोद गा.वि.स. अर्न्तगत पर्ने झापा गाउँमा सारियो सो गाउँ हाल पनि कुमरखोद गा.वि.स.मा झापा बजारको नामले नै चिनिन्छ । तसर्थ त्यसै झापा गाउँको नामबाटै यस जिल्लाको नामाकरण झापा हुन गएको भनाई छ । राजवंशी भाषामा झापाको अर्थ ढकनी वा बिर्को भन्ने अर्थ लाग्ने र शताब्दीऔदेखि वनजंगलबाट ढाकिएको वा छोपिएको हुदा यस ठाउँको नाम झापा रहन गएको भन्ने भनाई रहिआएको छ ( जि.वि.स. झापा, २०७१) ।

### ४.१.१ भौगोलिक अवस्था (Geographical Condition)

झापा जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र भित्र पर्ने एक विकसित जिल्ला हो । मानव विकास सुचकाङ्कमा झापा जिल्ला नेपालको तेस्रो स्थानमा रहेको छ । यस जिल्लाको सदरमुकाम चन्द्रगढी महेन्द्र राजमार्गको विर्तामोड खण्डबाट १३ कि.मि.दक्षिणमा पर्दछ । यो जिल्ला सामुन्द्रिक सतहदेखि न्यूनतम ६३ मिटर र अधिकतम ३८० मिटरको उचाईमा रहेको छ । यस जिल्लममा मनसुनी हावापानी (अर्ध उष्ण र उष्ण हावापानी पनि भनिन्छ) पाइन्छ । गृष्मकालमा यहाँको तापक्रम ३२ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयससम्म पुग्दछ भने

शीतकालमा १० देखि १५ डिग्री सेल्सीयससम्म कायम रहन्छ । यस जिल्लाको कुल क्षेत्रफल १,६०६ वर्ग कि.मि. रहेको छ । यो जिल्ला समुन्द्रसतहदेखि ५८ मिटरदेखि ५०० मिटरसम्म रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्वाई ४६ कि.मि. छ भने उत्तर दक्षिणको चौडाई २९ कि.मि. रहेको छ । यसको भौगोलिक स्थिती २६°३५' देखि २६°४५' उत्तरी अक्षांस र ८७°३९' उत्तर देखि ८७° ५१' पूर्वी देशान्तरमा रहेको छ । यो जिल्ला पूर्ण रुपमा समथर भूभाग मिलेर बनेको छ भने यहाँको माटो उत्पादनको दृष्टिले धेरै उर्वर रहेको छ । यो जिल्लाको कुल क्षेत्रफलको ९३.९० प्रतिशत भूभाग कृषि व्यवसायको लागि एकदमै उपयुक्त छ । कुल क्षेत्रफलको १०.३० प्रतिशत भूभागमा वन क्षेत्रले ढाकेको छ भने १.३० प्रतिशत नदिनालाहरु रहेका छन् । ०.३ प्रतिशत भूमिमा चिया खेति रहेको छ (जि.वि.स. २०७१) ।

यस जिल्लामा १ लाख ३७ हजार ३०१ घर परिवार रहेका छन् भने कुल जनसंख्या ६ लाख ८८ हजार १०९ रहेको छ । यस मध्ये ३ लाख ९१ हजार ६७५ अर्थात् ४९ दशमलव ६६ प्रतिशत पुरुष र ३ लाख ४६ हजार ४३४ अर्थात् कुल जनसंख्याको ५० दशमलव ४३ प्रतिशत महिला रहेका छन् । यहाँको जनघनत्व प्रति वर्ग कि.मि. ५०६ जना रहेको छ । यस जिल्लाको जनसंख्या वृदिदर १.४८ प्रतिवर्ष र साक्षरता दर ६१.१० प्रतिशत छ (जि.वि.स., २०६८) ।

### ४.१.२. सामाजिक अवस्था (Social Condition)

यस जिल्लाको उत्तरी भेगमा ब्राम्हण, क्षेत्री, नेवार, लिम्बु, राई, गुरुङ्ग, मगर, कामी, दमाई आदी जातिहरुको बाहुल्यता रहेको छ भने दक्षिणी भेगतिर मुख्यगरेर तराई मुलका आदीवासीहरुका रुपमा चिनिने राजवंशी, ताजपुरिया, थारु, धिमाल, कोचे, मेचे, सतार ( संथाल) आदि जातिहरुको बाहुल्यता रहेको छ । यी जातिय विविधता बिचमा भाषिक विविधता पनि रहेको छ भने धार्मिक रुपमा पनि विविधता र धार्मिक सहिष्णुता रहेको छ । यहाँ ११० जाती तथा ९० भाषाभाषिका मानिसहरुको बसोबास रहेको पाईन्छ (जि.वि.स. झापा, २०७१) ।

### ४.१.३. राजनैतिक विभाजन (Political Division)

यस जिल्लालाई समानुपातिक रुपमा विकास गर्ने उदेश्यले ७ वटा निर्वाचन क्षेत्र, १७ वटा इलाका, ८ वटा नगरपालिका र ३३ वटा गा.वि.स.हरुमा विभाजन गरिएको छ । स्थानिय

विकासको अनुभूति सम्पूर्ण  जनताले गर्न पाउन् भन्ने उद्देश्यले विकेन्द्रिकरणको निती अनुरुप जिल्लालाई नगरपालिकाहरु र गा.वि.स.हरुमा विभाजन गरिएको हो (जि.वि.स. झापा, २०७१) ।

### ४.१.४. आर्थिक अवस्था (Economic Condition)

झापा जिल्लामा आर्थिक व्यवसायका रुपमा अनेकौ व्यवसायहरु रहेका छन् । यहाँका अधिकाशं व्यक्तिहरु कृषि पेसामा आत्मनिर्भर रहेका छन् । झापा जिल्ला नेपालकै दोस्रो धान तथा तरकारी उत्पादन गर्ने जिल्ला हो । यहाँका मानिसहरु व्यापार व्यवसायमा पनि उत्तिकै अगाडी  रहेका छन् । यस अतिरिक्त चिया उत्पादन यहाँको मुख्य उत्पादनमा पर्दछ । यहाँ माछापालन, कुखुरापालन, बाखापालन, गाईपालन र अहिले वर्तमान अवस्थामा मौरीपालन मुख्य व्यवसाय पर्दछन् । यस जिल्लाको अधिकांश भाग सडकले जोडिएको छ । यहाँ एउटा हवाईमैदान रहेको छ जुन भद्रपुर नगरपालिका अन्तगर्त पर्दछ (जि.वि.स. झापा, २०७१) ।

### ४.१.५. शैक्षिक अवस्था  (Educational Condition)

झापा जिल्ला शैक्षिक क्षेत्रमा अग्रगतिमा रहेको जिल्लाहरु मध्ये एक हो । शैक्षिक क्षेत्रमा उल्लेख्य रुपमा सामुदायिक तथा निजि विद्यालयहरु सञ्चालित रहेका छन् । बितेको दश वर्षमा झापामा साक्षरता ६०.६ प्रतिशतबाट १५.२ प्रतिशतले बढेर ७५.८ प्रतिशत पुगेको देखिएको छ । समग्र राष्ट्रको साक्षरता हाल ६५.९ प्रतिशत रहेको तथा दश वर्षमा समग्रमा ११.८ प्रतिशत प्रगति भएको देखिन्छ । झापामा हालपनि पुरुष र महिलाको साक्षरता दरमा ठूलो फरक देखिन्छ । महिलाको साक्षरता दर भन्दा पुरुषको साक्षरता दर १६ प्रतिशत भन्दा बढीले फरक रहेको छ (जि.शि.का.झापा, २०७१) ।

## ४.२ दमक नगरपालिकाको परिचय  (Introduction of Damak Municipility)

झापा जिल्लामा ८ वटा नगरपालिका रहेका छन् । जस अर्न्तगत दमक नगरपालिका एउटा नमुनामा पर्दछ । जिल्ला अर्न्तगत रहेका नगरपालिकाहरु क्रमश मेचीनगर नगरपालिका, भद्रपुर नगरपालिका, दमक नगरपालिका, विर्तामोड नगरपालिका, शिवसतासी नगरपालिका, कन्काई नगरपालिका, गौरादह नगरपालिका र शनिअर्जुन  नगरपालिका रहेका छन् । दमक

नगरपालिको कुल क्षेत्रफल ७५१३ हेक्टर ९७५८५११०५.०२९ वर्ग मिटर रहेको छ । कुल जनसंख्या ७९६४८ रहेको छ भने जसमध्ये पुरुष ३८८५१ जना र महिला ४०७९७ जना रहेको छ भने  जनसंख्या वृदिदर ३.९७ प्रतिशत रहेको छ । यस नगरपालिका लाई जम्मा १९ वटा वार्डमा विभाजन गरिएको छ (न.पा., २०७२) ।

दमकनगरपालिकाको पूर्वी सिमाना लखनपुर गा.वि.स., पशिममा उर्लावारी, मधुमल्ला, राजघाट गा.वि.स. रहेको छ भने उत्तरमा चुलाचुली गा.वि.स. र दक्षिणमा गौरादह नगरपालिका रहेको छ । यस नगरपालिकाको आवास क्षेत्र २१४० हेक्टर, कृषि क्षेत्र ३६७० हेक्टर, बजार क्षेत्र ९५०, वन क्षेत्र ६३४ हेक्टर र अन्य ११९ हेक्टर रहेको छ । नगरपालिका अर्न्तगत पर्ने प्रमुख नदीहरुमा रतुवा र मावा नदी रहेको छ । नगरपालिका अर्न्तगत कुल घर धुरी १३७९२ रहेको छ भने ३५२ टोलविकास संस्था रहेको छ । दमक नगरपालिका अर्न्तगत कुल मतदाता संख्या ३३६७७ जना रहेको छ (दमक न.पा.,२०७२) ।

### ४.२.१. शैक्षिक अवस्था (Educational Condition)

दमक नगरपालिका भित्र रहेको जनसंख्याको साक्षरता ८८ प्रतिशत रहेको छ । निजी क्याम्पस ३ वटा, उच्च मा.वि. ६ वटा निजी  र ४ वटा सरकारी गरी कुल १० वटा रहेको छ । मा.वि. सरकारी ३ वटा, र निजी १२ वटा गरी कुल १५ वटा रहेको छ । त्यस्तैगरी नि.मा.वि.निजी र सरकारी ११/११ वटा रहेका छन् । प्रा.वि.निजी ११ वटा र सरकारी ४ वटा गरी कुल १५ वटा रहेका छन् जसले स्थानिय स्तरवाट शैक्षिक क्षेत्रलाई अगाडी बढाउनुका साथसाथै दक्षजनशक्ति उत्पादनमा निरन्तर योगदान पुऱ्याईरहेका छन् ( न.पा.२०७२) ।

### ४.२.२.सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition)

दमक नगरपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ । यहाँ धिमाल, नेवार, राई, लिम्बु, मगर, सतार, राजवंशी, कुमाल, दमाई, सार्की, तामाङ्ग, ब्राम्हण, क्षेत्री, गुरुङ्ग, थारु, भुजेल, विश्वकर्मा, सुनुवार, मुसहर, माझी, झागड, आदी जातिहरुको बसोबास रहेको छ र यी विविध जातजातिका आफ्नै धार्मिक, सांस्कृतिक, भाषिक र जीवनशैलीमा विविधता रहेको छ । यहाँ हिन्दु, बौद, मुस्लिम, इसाई, किराँत र अन्य धर्म मान्दछन् । यसप्रकार जाती धर्मावलम्वीहरु मिलेर बसेको हुनाले धार्मिक सहिष्णुता रहेको पाइन्छ (न.पा.,२०७२) ।

### ४.२.३. कार्यालय तथा संघ संस्थाहरु (Office/Organizations)

यस न.पा. अन्तर्गत अस्पताल निजी ८, उपस्वाथ्य चौकी (सरकारी) १, सामुदायिक क्लिनिक २ वटा, नेत्रालय १ (निजी), नेपाल परिवारनियोजन उपकेन्द्र १ (सरकारी) रहेको छ । न.पा. महिला स्वास्थ्य स्वयंसेविका १०० जना रहेका छन् जसले स्वास्थ्य क्षेत्रमा निरन्तर सेवा प्रदान गरिरहेका छन् । सार्वजनिक शौचालय ३ वटा रहेका छन् । संचार सेवालाई प्रभावकारी बनाउन ल्याण्डलाइन टेलिफोन ५,२०० वटा, सि.डि.एम.ए. १३,८२० वटा, मोवाइल सेवा ५१,५८५ वटा र ए.डि.एस.एल. ६४१ वटा रहेका छन् । टोलविकास संस्था ३५३ वटा रहेका छन् भने कुलमतदाता संख्या ३३,६७७ जना रहेका छन् । (न.पा.,२०७२) ।

### ४.२.४. आर्थिक अवस्था (Economic Condition)

दमक न.पा.मा मुख्य रुपमा धान, गहु, मकै, कोदो, आलु प्रमुख खाद्यान्न वालीको रुपमा रहेको छ भने नगदेवालीको रुपमा चिया, उखु, सनपाट, दलहनवालीको रुपमा मुसुरो, खेसरी, चना, केराउ, मास, गहत, मुङ, तेलहनवालीको रुपमा तोरी, सर्स्यू, आलस, तिल, वागवानीको रुपमा आप, नरिवल, सुपारी, केरा, लिचि, भुईकटहर, अम्बाको खेती गरिन्छ । यहाँ पशुपालन व्यवसाय अर्न्तगत गाई, भैसी, बंगुर, खसीबाखा, हासकुखुरा पालन लाई व्यवसायिक रुपमा पालिएको छ । बैक तथा वित्तियसंघ संस्थाहरुमा क्रमश रा.वा.बैक, नेपाल बैक लि., कृषि विकास बैक, नविल बैक, सिद्धार्थ बैक, किष्ट बैक, आदि रहेका छन् जसले आर्थिक कारोवारलाई सजिलो बनाएको छ । घरेलु तथा ठूला उद्योग ३८५ वटा, होटल ८४६ वटा र पसल ३,२४४ वटा रहेका छन् भने मनोरञ्जनका लागि ४ वटा सिनेमाहल समेत रहेको छ । न.पा को मुख्य आन्तरिक आयस्रोत अर्न्तगत पशुहाट कर, सम्पत्ति कर, सवारी कर, पार्किङ शुल्क, हाट कर, व्यवशाय कर, विज्ञापन कर, टहरा भाडा आदी रहेका छन् । विकास निर्माणका कार्यअर्न्तगत दमक चक्रपथ निर्माण, दमक रवि चिसापानी सडक, बसपार्क निमार्ण, नदी नियन्त्रण, अतिथिसदन निर्माण कृषि थोक बजार स्थापना, ल्याण्डफिल साईट निर्माण, खानेपानी निर्माण कार्य प्रमुख रुपमा रहेका छन् (न.पा.,२०७२) ।

## ४.३ महिला शिक्षिकाहरुको शैक्षिक स्थिति (Educational Condition of Female Teahers)

यस अध्ययनमा महिला शिक्षिकाहरुको शैक्षिक अवस्था अर्न्तगत शैक्षिक योग्यता, शिक्षणमा संलग्नता रहेको अवधि, कार्यभार, सेवाकोअवस्था, अध्यापनरत विषय, तालिमको अवस्था, शैक्षिक स्थायित्व जस्ता पक्षहरुलाई समेटिएको छ ।

### ४.३.१ तहगत अध्यापनरत महिला शिक्षिकाहरुको संख्या (Number of Levelwise Study of Female Teachers)

यस अध्ययनमा प्रा.वि. ३ वटा, नि.मा.वि. ३ वटा र ३ वटा मा.वि. मा अध्यापनरत महिला शिक्षिकाहरुलाई समावेश गरिएको छ । जसअनुसार सरकारी ३ वटा र निजी ३ वटा विद्यालयहरुलाई नमुनाका रुपमा छनोट गरिएको छ । प्रा.वि, नि.मा.वि. र मा.वि. तिनवटै तहमा अध्यापनरत महिला शिक्षिकाहरुको संख्यालाई तहगत रुपमा देखाउने प्रयास गरिएको छ । सामुदायिक तथा निजी विद्यालयको समान प्रतिनिधित्व हुनेगरी तथ्याङ्क लिईएको छ । जसअनुसार विभिन्न तहमा अध्यापनरत महिला शिक्षिकाहरुको संख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१**

**तहगत अध्यापनरत महिला शिक्षिकाहरुको संख्या २०७२**

| तह | निजी | सामुदायिक | शिक्षिकाहरुको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक तह | २५ | १५ | ४० | ४०% |
| निम्न माध्यमिक तह | १५ | १५ | ३० | ३०% |
| माध्यमिक तह | १५ | १५ | ३० | ३०% |
| जम्मा | ५५ | ४५ | १०० | १००% |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.१ अनुसार अध्ययन क्षेत्रमा अध्यापनरत महिला शिक्षिकाहरुमध्ये सवैभन्दा बढी ४० प्रतिशत शिक्षिकाहरु प्राथमिक तहमा रहेका छन् भने नि.मा.वि. तह र मा.वि तहमा ३०/३० प्रतिशत शिक्षिकाहरु अध्यापनरत रहेको पाइएको छ । त्यसैगरी प्रा.वि.

तहमा २५ जना निजी र १५ जना सामुदायिक विद्यालयमा, नि.मा.वि. तहमा १५/१५ जना (निजी र सामुदायिक) र मा.वि तहमा १५/१५ जना निजी र सामुदायिक विद्यालयमा अध्यापनरत रहेको पाईयो । तथ्याङ्कको आधारमा प्राथमिक तहमा महिला शिक्षिकाहरुको संलग्नता बढी रहेको छ ।

### ४.३.२ महिला शिक्षकहरुको शैक्षिक योग्यता (Educational Qualification of Female Teachers)

नेपाल सरकारको शिक्षा निति अनुसार प्राथमिक तहमा शिक्षण पेशामा प्रवेश गर्नका निमित्त न्युनतम शैक्षिक योग्यता एस. एल.सी. पास गरेको हुनु पर्दछ । त्यसैगरी निम्न माध्यमिक तहमा शिक्षण पेशामा प्रवेश गर्नका निमित्त कुनैपनि विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह पास गरेको हुनुपर्ने प्रावधान रहेको छ भने माध्यमिक तहमा शिक्षण गर्नका निमित्त न्यूनतम शैक्षिक योग्यता स्नातक डिग्री हुनुपर्ने प्रावधान रहेको छ । अध्ययन अनुसार महिला शिक्षकहरुको शैक्षिक योग्यता पत्ता लगाउन गरिएको प्रश्नावलीबाट प्राप्त जानकारीलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तलिका ४.२**

**निजी तथा सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षिकाहरुको शैक्षिक योग्यता २०७२**

| क्र.स. | उत्तीर्ण तह | निजी | सामुदायिक | महिला शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एस.एल.सी. | २५ | १५ | ४० | ४० |
| २ | प्रमाणपत्र तह | १५ | १५ | ३० | ३० |
| ३ | स्नातक तह | १० | १५ | २५ | २५ |
| ४ | स्नातकोत्तर तह | ५ | - | ५ | ५ |
| | जम्मा | ५५ | ४५ | १०० | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तलिका ४.२ अनुसार सबै तहमा न्युनतम शैक्षिक योग्यता देखि उच्च योग्यता हुने महिला शिक्षिकाहरु पनि रहेको पाईयो । प्रा.वि. तहमा न्युनतम शैक्षिक योग्यता भएका महिला

शिक्षिकाहरु न्युन रहेको पाईयो भने अधिकांश महिला शिक्षिकाहरुको शैक्षिक योग्यता उच्च रहेको पाईयो भने उच्च शैक्षिक योग्यता प्राप्त गर्ने शिक्षिकाहरु ज्यादैकम रहेको पाईयो । शैक्षिक योग्यता हेर्दा सबैभन्दा बढी एस.एल.सी. उत्तीर्ण गर्ने ४० जना मध्ये २५ जना निजी विद्यालयमा अध्यायनरत रहेका र १५ जना सामुदायिक विद्यालयमा अध्यापनरत रहेका, प्रमाणपत्र तह उत्तीर्ण गर्ने ३० जना मध्ये निजी र सामुदायिक विद्यालयमा १५ /१५ जना, स्नातकतह उत्तीर्ण गर्ने २५ जना मध्ये १० जना निजी विद्यालयमा र १५ जना सामुदायिक विद्यालयमा अध्यापनरत रहेका र स्नातकोत्तर तह उत्तीर्ण गर्ने ५ जना निजी विद्यालयमा अध्यापनरत रहेका छन् । तथ्याङ्कलाई विश्लेषण गर्दा ५५जना निजि विद्यालयमा र ४५ जना सामुदायिक विद्यालयमा अध्यापनरत रहेको पाईयो । तथ्याङ्कलाई आधारमान्दा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा धेरै महिला शिक्षिकाहरु रहेको देखिन्छ ।

### ४.३.३ महिला शिक्षिकाहरुको तालिमको अवस्था (Training Condition of Female Teachers)

नेपालमा विद्यालयतहको शिक्षण सम्बन्धी तालिम प्रदान गर्ने, तालिम सम्बन्धी आवश्यक पाठ्यसामाग्री निर्माण, विकास र परिमाजर्न गर्ने, आवश्यक निति नियम निर्माण गर्ने कार्य शैक्षिक जनशक्ति विकास केन्द्रले गर्दछ । यस केन्द्रले १० महिने सेवाकालिन शिक्षक तालिम (प्राथमिक, निम्न माध्यमिक र माध्यमिक) र १० महिने पूर्वसेवाकालिन तालिम (प्राथमिक तह) सञ्चालन गर्दछ ।

प्राथमिक तहको तालिम सबै शिक्षकको लागि एउटै किसिमको सञ्चालन गरिन्छ भने निम्न माध्यमिक र माध्यमिक तहको तालिम अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक शिक्षा, जनसंख्या तथा वातावरण विषय गरी ६ वटा अनिवार्य विषयमा सञ्चालन गरिन्छ । हाल आएर प्राथमिक तहमा बालशिक्षा सम्बन्धी तालिम पनि सञ्चालन गर्ने गरिएको छ ( शै.ज.वि.के. २०६२/६३) ।

अध्ययन क्षेत्रमा विद्यालय तहमा अध्यापनरत महिला शिक्षिकाहरु कति तालिम प्राप्त छन् कति अप्राप्त छन् तालिम लिन नसक्नुका कारणहरु निर्माण गरिएको प्रश्नावलीबाट प्राप्त जानकारीलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**महिला शिक्षिकाहरुको तालिमको अवस्था २०७२**

| क्र.सं. | तालिमको अवस्था | महिलाशिक्षिकको संख्या (निजी) | महिलाशिक्षिकको संख्या (सरकारी) | प्रतिशत |
|---|---|---|---|---|
| १. | तालिम प्राप्त | २० | ३० | ५० |
| २. | अप्राप्त | ३५ | १५ | ५० |
| | जम्मा | ५५ | ४५ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.३ अनुसार १०० जना महिला शिक्षिकाबाट प्राप्त सुचनाको आधारमा ५० प्रतिशत महिला शिक्षिकाहरु तालिम प्राप्त पाईयो भने अझै पनि ५० प्रतिशतले शिक्षण सम्बन्धी कुनैपनि तालिम नलिएको पाईयो । अध्ययन अनुसार प्राथमिक विद्यालय तहमा महिला शिक्षिककाहरुले बालशिक्षा, १० महिने प्राथमिक शिक्षक तालिम र १० महिने पूर्वसेवाकालिन तालिम लिएको र निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका महिला शिक्षिककाहरुले सेवाकालिन १० महिने तालिम लिएको बताए ।

त्यसैगरी सरकारी विद्यालयमा अध्यापनरत ३० जनाले तालिम लिएका छन् भने निजी विद्यालयमा अध्यापनरत २० जनाले मात्र तालिमको अवसर प्राप्त गरेको देखिन्छ । तालिम अप्राप्त शिक्षिकाहरु मध्ये ३५ जना निजी विद्यालयमा अध्यापनरत र १५ जना सरकारी विद्यालयमा अध्यापनरत रहेको देखिन्छ । अधिकांश महिला शिक्षिकाहरुले तालिम लिन नसक्नुमा तालिमको अवसर नपाएको, घरव्यवहारको व्यस्तता, तालिममा पठाउन महिला शिक्षिककालाई विद्यालय प्रशासनले पुरुष शिक्षकको तुलनामा कम प्राथमिकता दिनु रहेको बताए ।

अध्ययन अनुसार तालिम प्राप्त महिला शिक्षिकाहरुले कक्षा शिक्षणमा सीपको प्रयोग गर्न, सिकारुको इच्छा बुझेर अध्ययापन गराउन सजिलो भएको बताए भने तालिम अप्राप्तहरुले आफ्नो सिपको विकासगर्न नपाएको गुनासो व्यक्त गरे । प्राप्त तथ्याङ्क अनुसार तालिम प्राप्त जनशक्ति शतप्रतिशत पुऱ्याउन सकिएको देखिदैन जसले गर्दा हरेक शिक्षकलाई तालिमको आवश्यकता भएको देखिन्छ ।

## ४.४ महिला शिक्षिकाहरुको पेशागत स्थिती (Occupational Condition of Female Teachers)

महिला शिक्षिकाहरुको पेशागत स्थिति अध्ययन गर्न शिक्षण पेशामा लाग्नुका कारणहरु र शिक्षण पेशामा प्रवेश गर्दा भ्लेल्नु परेका समस्याहरु जस्ता पक्षहरुलाई समेटिएको छ ।

### ४.४.१ महिला शिक्षिकाहरुको स्थायी र अस्थायीको अवस्था (Permanent and Temporary Condition of Female Teachers)

नेपालको शिक्षानिति अनुसार विद्यालयतहमा शिक्षण सेवाको अवस्थालाई खासगरी स्थायी र अस्थायी गरी दुई भागमा विभाजन गरेको पाइन्छ । स्थायी शिक्षकहरुले अवकाश हुने उमेरसम्म शिक्षण सेवा गर्न सक्छन् भने अस्थायी शिक्षकहरु विद्यालयमा शिक्षकको अभाव भएको अवस्थामा विद्यालयका तत्कालिन आवश्यकता पूर्ति गर्नका निमित्त स्थानिय स्तरबाट नै नियुक्ति गरिएका हुन्छन् । उनीहरुलाई स्थायी शिक्षकहरुले प्राप्त गरेजस्तो सेवासुविधा प्राप्त हुँदैन । स्थायी शिक्षक हुनका लागि उपयुक्त र आधिकारीक रुपले शिक्षक छनौट प्रक्रियाबाट छनौट भई आएको व्यक्ति नै स्थायी हुन्छ । वर्तमान समयमा उक्त अधिकार राष्ट्रिय शिक्षक सेवा आयोगलाई प्रदान गरिएको छ र शिक्षण पेशामा नियुक्त हुनका लागि राष्ट्रिय शिक्षक सेवा आयोगले शिक्षक लाइसेन्स अनिवार्य लिनुपर्ने प्रावधान राखेको छ । महिला शिक्षिकाहरुको स्थायीत्वको अवस्थालाई तालिकामा देखाईएको छ ।

**तालिका ४.४**

**महिला शिक्षिकाकाहरुको स्थाई र अस्थाईको अवस्था २०७२**

| क्र.स. | सेवाको अवस्था | महिला शिक्षिकका संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थायी | २० | २० |
| २ | अस्थायी | ८० | ८० |
| जम्मा | | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका ४.४ अनुसार महिला शिक्षिकाहरुको सेवाको अवस्थालाई हेर्दा अधिकांश अस्थाई रहेको पाईयो अर्थात ८० प्रतिशत महिला शिक्षिकाहरु अस्थायी रहेका छन् भने २० प्रतिशत शिक्षिकाहरु स्थायी रहेका छन् ।

प्राय महिला शिक्षिकाहरुको उपस्थिती नै न्यून रहनु र भएका शिक्षिकाहरु समेत लामो समयसम्म अस्थायी रुपमा कार्य गर्नु, सेवा सुविधा कम हुनु जस्ता कुराहरुले गर्दा कहिलेकाँही आफ्नो पेशाबाट निराश समेत हुनु परेको कुरा बताए ।

### ४.४.२ महिला शिक्षिकाहरुको अध्यापनरत विषय (Teaching Subjects of Female Teachers)

यस अध्ययनमा महिला शिक्षिकाहरुको अध्यापनरत विषयलाई ६ वटा भागमा (नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक र अन्य गरेर) वर्गीकरण गरिएको छ । अन्य विषयअन्तर्गत शारीरिक शिक्षा, कम्प्युटर, सामान्यज्ञान, स्वास्थ्य तथा जनसंख्या शिक्षा जस्ता विषयहरु समावेश छन् । जसलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.५**

**महिला शिक्षिकाहरुको अध्यापनरत विषय २०७२**

| क्र.स. | विषयहरु | महिला शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३५ | ३५ |
| २ | सामाजिक | २० | २० |
| ३ | गणित | १५ | १५ |
| ४ | विज्ञान | १० | १० |
| ५ | अंग्रेजी | १५ | १५ |
| ६ | अन्य | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.५ मा सबैभन्दा धेरै ३५ जना महिला शिक्षिकाहरुले नेपाली विषय अध्यापन गराएको पाईयो भने २० जनाले सामाजिक विषय अध्यापन गराएको पाइयो ।

त्यसैगरी १५/१५ जना शिक्षिकाहरुले अंग्रेजी र गणित विषय अध्यापन गराएको पाइयो भने १० जना महिला शिक्षिकाहरुले विज्ञान र ५ जनाले अन्य विषय अध्यापन गराएको पाइयो । यस तथ्याङ्कबाट महिला शिक्षिकाहरु अंग्रेजी, गणित र विज्ञान जस्ता कठिन मानिने विषय अध्यापन गराउनेको संख्या न्यून रहेको देखिन्छ भने सजिले मानिने विषयहरु नेपाली, सामाजिक जस्ता विषयहरु अध्यापन गराउनेको संख्याभने धेरै नै देखिएको पाइयो ।

### ४.४.३ महिला शिक्षिकाहरु शिक्षण पेशामा लाग्नुका कारणहरु (Causes of Choosing Teaching Profession of Female Teachers)

मानिस जो कोहि पनि कुनै पेशा वा व्यवसाय छनोट गर्नुका पछाडि कुनै न कुनै कारण त अवश्य नै हुन्छन् । यस अध्ययन अनुसार महिला शिक्षिकाहरु शिक्षण पेशामा लाग्नुका कारणहरु निम्नलिखित रहेका छन् ।

**तालिका ४.६**

**महिला शिक्षिकाहरु शिक्षण पेशामा लाग्नुका कारणहरु २०७२**

| क्र.स. | कारणहरु | महिला शिक्षिका संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शैक्षिक सोच भएकाले | ४० | ४० |
| २ | बेरोजगारी | १५ | १५ |
| ३ | क्षमता अभिवृद्धि गर्न | ३० | ३० |
| ४ | कमजोर आर्थिक स्थिती | ५ | ५ |
| ५ | सेवाको भावना | १० | १० |
| | जम्मा | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका ४.६ अनुसार अधिकांश महिला शिक्षिकाहरु शैक्षिक सोच भएकालेशिक्षण पेशामा प्रवेश गरेको बताए भने अन्यले विविध कारणहरुले गर्दा शिक्षण पेशा अपनाएको बताए । अध्ययन अनुसार ४० प्रतिशत महिला शिक्षिकाहरु आफ्नो इच्छाले, ३० प्रतिशतले क्षमता अभिवृद्धि गर्न, ५ प्रतिशतले कमजोर आर्थिक स्थितिकाकारणले, १५ प्रतिशतले बेरोजगारीले र १० प्रतिशतले सेवाको भावनाले शिक्षण पेशामा प्रवेशगरेको बताए ।

यसरी हेर्दा धेरै जसो महिला शिक्षिकाहरुले शिक्षण पेशा अगाल्नुमा शैक्षिक सोच प्रमुख देखिन्छ भने अन्य कारणहरु न्युनमात्रामा रहेको देखिन्छ ।

## ४.५ विद्यालयीय वातावरणको अवस्था (Condition of Schooling Environment)

### ४.५.१ शैक्षिक वातावरण (Educational Environment)

यस अध्ययनमा महिला शिक्षिकाहरुले अध्यापन गर्नुपर्ने घण्टी, शैक्षिक सामग्रीको उपलब्धता जस्ता पक्षहरुलाई शैक्षिक वातावरण अन्तर्गत समावेश गरिएको छ ।

### ४.५.२ शिक्षण कार्यभारको अवस्था (Condition of Teaching periods)

निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत १०० जना महिला शिक्षिकाहरुबाट प्राप्त सुचनाहरुको आधारमा महिला शिक्षिका र पुरुष शिक्षकहरुको शिक्षण कार्यभारको वितरण सबैमा समान र न्यायोचित रहेको पाईयो । जसमा प्रतिदिन औसत पाँच देखि सात ओटा पिरियड सम्म कार्यभार रहेको पाईयो । प्राप्त सुचनाको आधारमा कार्यभारको अवस्थालाई यसरी देखाइएको छ ।

**तालिका ४.७**


**महिला शिक्षिकाहरुले साप्ताहिक रुपमा अध्यापन गराउने घण्टी २०७२**

| कार्यभार /हप्ता पिरियड | प्रा.वि. संख्या | प्रतिशत | नि.मा.वि. संख्या | प्रतिशत | मा.वि. संख्या | प्रतिशत | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०–२५ | ५ | ५ | – | – | – | – | ५ | ५ |
| २५–३० | – | – | – | – | – | – | – | – |
| ३०–३५ | २० | २० | – | – | – | – | २० | २० |
| ३५–४० | – | – | २० | २० | २० | २० | ४० | ४० |
| ४०–४५ | १५ | १५ | १० | १० | १० | १० | ३५ | ३५ |
| जम्मा | ४० | ४० | ३० | ३० | ३० | ३० | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.७ मा सबैभन्दा धेरै र सबैभन्दा थोरै कार्यभार प्राथमिक विद्यालयका महिला शिक्षिकामा भएको देखियो अर्थात कार्यभारको फैलावट प्राथमिक तहमा बढी भएको पाइयो । सबैभन्दा कम फैलावट नि.मा.वि. र मा.वि. तहमा भएको पाइयो । प्रा.वि. तहमा प्रतिहप्ता कार्यभार २०–२५ पिरियड हुने महिलाशिक्षिका जम्मा ५ प्रतिशत, प्रतिहप्ता कार्यभार ३०–३५ पिरियड हुने महिलाशिक्षिका जम्मा २० प्रतिशत र प्रतिहप्ता कार्यभार ४०–४५ पिरियड हुने महिलाशिक्षिका जम्मा १५ प्रतिशत पाइयो भने नि.मा.वि. र मा.वि. तहमा ३०/३० प्रतिशत रहेको पाइयो । महिला शिक्षिकाहरुले प्रतिदिन सरदर ५ पिरियड वा सो भन्दाबढी कार्यभार भएको देखियो ।

**चित्र १**




स्रोत : तालिका ४.७

चित्र १ अनुसार अध्ययन क्षेत्रमा अधिकांश ४० प्रतिशत महिला शिक्षिकाहरुले ३५–४० पिरियड प्रतिहप्ता अध्यापन गराउने गरेको बताए । त्यसैगरी ३५ प्रतिशत महिला शिक्षिकाहरुले ४०–४५ पिरियड सम्म प्रतिहप्ता अध्यापन गराउने गरेको बताए भने २० प्रतिशत महिला शिक्षिकाहरुले ३०–३५ पिरियड सम्म अध्यापन गराउने गरेको बताए भने बाँकी ५ प्रतिशतले २०–२५ पिरियड सम्म अध्यापन गराउने गरेको बताए ।समग्रमा भन्नुपर्दा ३५ प्रतिशत महिला शिक्षिकाहरुको अध्ययापन भार बढीरहेको देखिन्छ ।

त्यसैगरी तपाईंसरह सहकर्मी पुरुष शिक्षकहरुले कति घण्टी अध्यापन गराउँदछन् भनी गरिएको अध्ययन अनुसार अधिकांश ८५ प्रतिशत महिला शिक्षिकाहरुले आफूसरह नै

अध्यापन गराउने गरेको कुरा बताए भने १५ प्रतिशत मध्ये पनि १० प्रतिशतले आफूहरुले भन्दा बढी घण्टी अध्यापन गराउने गरेको कुरा बताए । त्यसैगरी ५ प्रतिशतले भने आफूहरुले पुरुष शिक्षकहरुले भन्दा बढी घण्टी अध्यापन गराउने गरेको कुरा बताए । अध्ययनअनुसार विशेष गरी पुरुष शिक्षकहरुले खेलकुद र बाहय कार्यक्रमहरुमा बढी समय बिताउने हुदा कम घण्टी अध्यापन गराउने गरेको कुरा महिलाशिक्षकाहरुले बताए ।

### ४.५.३ शैक्षिक सामग्रीको प्रयोग (Use of Teaching Materials)

अध्ययन क्षेत्रमा महिला शिक्षिकाहरुमाथि गरिएको अनुसन्धान अनुसार उनीहरुले विद्यालयको वातावरणमा कार्य गर्न कुनै हिचकिचाहट र असजिलो महसुस नभएको बताए । त्यसैगरी विद्यालय आउन, बस्न, शिक्षण गर्न अप्ठारो एवम् कुनै दवाव नभएको बताए ।

**तालिका ४.८**

**शैक्षिक सामग्री प्रयोगको अवस्था २०७२**

| शैक्षिक सामग्री प्रयोगको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| शैक्षिक सामग्री प्रयोग गर्ने | ९५ | ९५ |
| शैक्षिक सामग्री प्रयोग नगर्ने | ५ | ५ |
| जम्मा | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.८ मा अध्यायनरत १०० जना महिला शिक्षिकाहरुमध्ये शिक्षण गर्दा शैक्षिक सामग्री एवम् सन्दर्भ सामग्रीको प्रयोग गर्ने ९५ प्रतिशत छन् । शैक्षिक सामग्री विना नै अध्यापन गराउने महिला शिक्षिकाहरु ५ प्रतिशत रहेको देखिन्छ । विद्यालयमा शैक्षिक सामग्री पर्याप्त नभएको, समय र ठाउँको अभाव, दृष्टिविहिन भएको, तालिम नपाएको जस्ता कारणहरुले गर्दा शैक्षिक सामग्रीको प्रयोगमा असक्षमता भएको कुरा अध्ययनको क्रममा जानकारी प्राप्त भयो ।

### ४.५.४ भौतिक वातावरण (Physical Environment)

यस अध्ययनमा भौतिक वातावरण अन्तर्गत विद्यालयमा कक्षाकोठा एवम् फर्निचरको अवस्था, खानेपानी एवम् शौचालयको अवस्था जस्ता पक्षहरुलाई समावेश गरिएको छ ।

### ४.५.५ कक्षाकोठा र फर्निचरको अवस्था (Conditions of Classroom and Furnitures)

कुनै पनि विद्यालय एवम् पेशा व्यवसाय सञ्चालन गर्ने स्थानमा पेशामा संलग्न व्यक्तिहरुलाई उचित बसोबासको व्यवस्था, सहयोगी सामग्रीको व्यवस्था, प्रयोग गर्ने स्थल, सामग्री सुरक्षित राख्ने उचित ठाँउ हुनु जरुरी छ । यदि यस्तो व्यवस्था भएको खण्डमा काम गर्ने व्यक्तिलाई कार्य गर्न सजिलो हुनुका साथै साधनहरुको उचित प्रयोग र संरक्षण समेत हुने गर्दछ ।

**तालिका ४.९**

**कक्षाकोठा र फर्निचरको अवस्था २०७२**

| **कक्षाकोठा र फर्निचरको अवस्था** | भएको | नभएको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| आराम गर्नेकोठाको व्यवस्था | १० | ९० | १०० | १०० |
| शैक्षिक सामग्री राख्ने ठाउँ | ३० | ७० | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.९ अनुसार अध्ययन क्षेत्रमा कक्षाकोठाको अवस्थालाई हेर्दा ९० प्रतिशत महिला शिक्षिकाहरुले आराम गर्नको लागि छुट्टै कोठाको व्यवस्था नभएको बताए । त्यसैगरी १० प्रतिशतले आराम गर्नको लागि छुट्टै कोठाको व्यवस्था भएको बताए । ३० प्रतिशतले शैक्षिक सामग्री जस्तै कापी, किताव, राख्नको लागि माध्यमिक विद्यालय तहका सम्पूर्ण शिक्षकहरुको लागि छुट्टाछुट्टै दराज एवम् बाकसको व्यवस्था भएको बताए । ७० प्रतिशतले भने शैक्षिक सामग्री राख्ने उचित ठाँउ नभएको बताए जसले गर्दा महिला र पुरुष शिक्षकहरुले एकै ठाउँमा सामग्रीहरु राख्नुपर्ने बाध्यता रहेको छ । त्यसमा पनि शैक्षिक

सामग्रीहरु राख्ने दराज एवम् बाकसहरुको साँचो पुरुष शिक्षकहरुले लग्ने हुँदा कहिलेकहीँ उनीहरुको अनुपस्थितिमा ती सामग्रीहरु झिक्ने र प्रयोग समेत गर्न अप्ठेरो परेको गुनासो महिला शिक्षिकाहरुको रहेको छ ।

### ४.५.६ खानेपानी र शौचालयको अवस्था (Condition of Drinking Water and Toilet)

हरेक व्यक्तिलाई स्वस्थ जिवनयायन गर्नकालागी शुद्ध खानेपानी र शौचालयजस्ता आधारभूत आवश्यकता पूरा हुनु आवश्यक हुन्छ ।अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा खानेपानी र शौचालयको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**खानेपानी र शौचालयको अवस्था २०७२**

| विवरण | भएको | नभएको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| महिला र पुरुषकालागी छुट्टाछुट्टै शौचालयको व्यवस्था | ९० | १० | १०० | १०० |
| खानेपानीको व्यवस्था | ८० | २० | १०० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका ४.१० मा ८० प्रतिशत विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था रहेको छ भन्ने २० प्रतिशत विद्यालयहरुमा अझपनि स्वच्छखानेपानीको व्यवस्थाहुन नसकेको देखिन्छ । ९० प्रतिशत विद्यालयमा महिला र पुरुष शिक्षकहरुको लागि छुट्टाछुट्टै शौचलयको व्यवस्था नभएको देखिन्छ भने १० प्रतिशत विद्यालयमा छुट्टाछुट्टै शैचालयको व्यवस्था भएको देखिन्छ । महिला र पुरुषका लागी छुट्टाछुट्टै शौचलय नहुनाले केही असजिलो हुने गरेको महिला शिक्षिकाहरुले गुनासो रहेको छ ।

## ४.६ घरपरिवारको जनसांख्यिक बनावट (Demographic Structure of Household)

### ४.६.१ उमेरगत जनसंख्या (Agewise Population)

अध्ययन क्षेत्रमा अध्यापनरत महिला शिक्षिकाहरुको पारिवारिक विवरणलाई निम्न तालिकामा देखाइएको छ :

**तालिका ४.११**

**उमेरगत जनसंख्या विवरण २०७२**

| क.स. | उमेर समूह(वर्ष) | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०–५ | १५ | ६.०७ | ४१ | १३.१४ | ५६ | १०.०२ |
| २ | ६–१५ | ३० | १२.१५ | ४० | १२.८२ | ७० | १२.५३ |
| ३ | १६–६० | १८७ | ७५.७१ | २१६ | ६९.२३ | ४०३ | ७२.०९ |
| ४ | ६० भन्दा माथि | १५ | ६.०७ | १५ | ४.८१ | ३० | ५.३६ |
| | जम्मा | २४७ | १०० | ३१२ | १०० | ५५९ | १०० |
| औसत घर परिवारको आकार = ५.५९ प्रतिशत | | | | | | | |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.११ अनुसार अध्ययन क्षेत्रमा महिला शिक्षिकाहरुको पारिवारिक विवरण हेर्दा १६–६० वर्ष उमेर समुहका सदस्यहरुको संख्या ४०३ जना अर्थात् ७२.०९ प्रतिशत पाईयो । त्यसैगरी ६–१५ वर्ष उमेर समुहका सदस्यहरुको संख्या ७० जना अर्थात् कुल जनसख्याको १२.५२ प्रतिशत हुन आउँछ । त्यसैगरी ०–५ वर्ष उमेर समुहका सदस्यहरुको संख्या ५६ जना अर्थात् १०.०१ प्रतिशत र ६० वर्ष भन्दा माथिका ३० जना अर्थात् ५.३६ प्रतिशत रहेको छ । तथाङ्कका आधारमा विश्लेशण गर्दा बालबालिका र वृद्धवृद्धाहरुको तुलनामा सकृय जनसंख्याको प्रतिशत बढी देखिन्छ ।

## ४.६.२ परिवारको प्रकार (Family Pattern)

परिवारको आकार भन्नाले कुनै पनि परिवारमा रहेका सदस्य संख्या भन्ने बुझिन्छ । अर्थात् एउटै घरमा बसोबास गर्ने एउटै भान्छामा खाने, जन्म विवाहले एक आपसमा सम्बन्धित व्यक्तिहरुको समुह नै परिवार हो र ती व्यक्तिहरु नै परिवारका सदस्यहरु हुन् । परिवारको आकार निर्धारण गर्न विवाहको उमेर, सामाजिक सांस्कृतिक तथा धार्मिक मुल्य मान्यताहरु र अभिभावको शैक्षिक अवस्थाले महत्वपूर्ण भुमिका निर्वाह गरेको हुन्छ । अध्ययन क्षेत्र भित्रका १०० जना महिला शिक्षिकाहरुको परिवारको संख्यालाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१२**

**महिला शिक्षिकाहरुको परिवार संख्या २०७२**


| क.स. | परिवार सख्या | महिला शिक्षिक सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४ जना सम्म | ४७ | ४७ |
| २ | ५–६ जनासम्म | ४८ | ४८ |
| ३ | ७ जना र सो भन्दा माथि | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.८ अनुसार ४७ प्रतिशत महिला शिक्षिकाहरुको परिवारमा ४ जनासम्म सदस्य रहेका छन् । त्यसैगरी ४८ प्रतिशत महिला शिक्षिकाहरुको परिवारमा ५–६ जनासम्म सदस्य रहेका छन् भने ५ प्रतिशत महिला शिक्षिकाहरुको परिवारमा ७ जना र सो भन्दा माथि सदस्यहरु रहेका छन् । यसलाई निम्न वृत्तचित्रबाट देखाउन सकिन्छ :–

**चित्र २**

**महिला शिक्षिकाहरुको परिवारको प्रकार**




स्रोत : तालिका ४.१२

चित्र २ अनुसार अध्ययन क्षेत्रमा आधाभन्दाबढी महिला शिक्षिकाहरुको परिवार संख्या ५देखि ६ जनासम्म रहेको छ भने एक तिहाई अर्थात ५ प्रतिशतको परिवार संख्या ७ जना वा सो भन्दा बढी रहेको पाईयो । त्यसैगरी महिला शिक्षिकाहरुको परिवारको प्रकारलाई हेर्दा ९५ प्रतिशत महिलाशिक्षिकाहरु एकल परिवारमा बसोबास गरेको पाईयो भने ५ प्रतिशत महिलाशिक्षिकाहरु मात्र संयुक्त परिवारमा बसोबास गरेको

पाईयो ।

### ४.६.३. वैवाहिक स्थिती (Maritual Status)

महिला शिक्षिकाहरुको वैवाहिक स्थिति अध्ययन गर्दा अध्ययन क्षेत्रमा कार्यरत १०० जना महिला शिक्षिकाहरुमध्ये ९५ जना विवाहित रहेको छ । यो कुल जनसंख्याको ९५ प्रतिशत हुन आउँदछ भने ५ जना अर्थात ५ प्रतिशत अविवाहित रहेको छ ।

**तालिका ४.१३**

**महिला शिक्षिकाहरुको वैवाहिक स्थिती २०७२**

| वैवाहिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ९५ | ९५ |
| अविवाहित | ५ | ५ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

### ४.६.४ शिक्षण पेशाप्रति परिवारको धारणा (Family Openion Towards Teaching Profession)

कुनै पनि व्यक्तिलाई कार्य कुशलतापूर्वक सम्पन्न गर्नको लागि सीप, दक्षताका साथै पारिवारिक समर्थन, सहयोग हुनु अति जरुरी छ । त्यसैमा पनि महिलाहरुलाई त झन् परिवारको सहयोग अति आवश्यक छ किनकी उनीहरुको शारीरिक अवस्था, बच्चाबच्चीको हेरचाह, घर व्यवहारको व्यस्तता आदिले गर्दा बाह्य कार्यहरुमा समय निकाल्न गाह्रो पर्दछ ।

अध्ययन क्षेत्रमा महिला शिक्षिकाहरुलाई पारिवारिक सहयोग कस्तो छ ? परिवारिक एवम् सामाजिक दृष्टिकोण कस्तो छ ? भन्ने पक्षको विश्लेशण पारिवारिक वातावरण अन्तर्गत गरिएको थियो । महिला शिक्षिकाहरुको पेशाप्रति उनीहरुको घरपरिवारको दृष्टिकोणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१४**

**शिक्षणपेशाप्रति परिवारको दृष्टिकोण २०७२**

| परिवारको दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ९० | ९० |
| नकारात्मक | ५ | ५ |
| कुनैप्रतिक्रिया नभएको | ५ | ५ |
| जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४.१४ अनुसार अध्यापनरत १०० जना महिला शिक्षिकाहरुमाथि गरिएको अध्ययन अनुसार ९० प्रतिशत महिला शिक्षिकाहरुले पेशाप्रति घरपरिवारको दृष्टिकोण सकारात्मक रहेको, ५ प्रतिशत महिला शिक्षिकाहरुले पेशाप्रतिघरपरिवारको दृष्टिकोण नकारात्मक रहेको र बाँकी ५ प्रतिशतले भने घरपरिवारले कुनै प्रतिकृया नजनाएको बताए । घरपरिवारको सहयोग प्राप्त गरेका महिला शिक्षिकाहरुले शैक्षिक सामाग्री निर्माण गर्न, बालबच्चाको हेरचाह गर्ने जस्ता क्रियाकलापमा परिवारको सहयोग प्राप्त गरेको बताए । समग्रमा भन्नुपर्दा महिला शिक्षिकाहरुको परिवारको सहयोग उच्च रहेको देखिन्छ । त्यसैगरी परिवार एवम् समाजले शिक्षणमा संलग्न महिला शिक्षिकाहरुलाई राम्रो दृष्टिकोणले हेर्ने गर्दछन् । विभिन्न धार्मिक, सामाजिक क्रियाकलापमा उनीहरुको उपस्थितीलाई समाजले महत्वपूर्ण स्थान दिने गरेको छ ।

## ४.७ पारिवारिक आर्थिक अवस्था ( Economic Condition of Family)

यस अध्ययनमा महिला शिक्षिकाहरुको परिवारको आर्थिक अवस्थाको अध्ययन अन्तर्गत परिवारको मुख्य पेशा र वार्षिक आम्दानी, खर्च, चल/ अचल सम्पत्तिको स्वामित्वको अवस्था र वचत / ऋणको अवस्था जस्ता पक्षलाई समेट्ने प्रयास गरिएको छ ।

### ४.७.१ शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत आर्थिक अवस्था ( Levelwise Economic Condition before Involve in Teaching Profesion)

प्रस्तुत अध्ययनमा शिक्षणपेशामा संलग्नहुनु पूर्वको परिवारको मुख्य पेशा र तहगत वार्षिक आम्दानीको अवस्थाको अध्ययन गर्दा निम्नानुसारको तथ्याङ्क पाईयो जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१५**

**शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत वार्षिक आम्दानी २०७२**

| क्र.स. | वार्षिक आम्दानी(रु.मा) | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.२,४०,००० देखि रु. ३,६०,००० | ४० | ४० |
| २ | रु.३,६०,००० देखि रु.४,६०,००० | २० | २० |
| ३ | रु.४,६०,००० देखि रु. ६,००,००० | २० | २० |
| ४ | रु.६,००,००० देखि रु. ९,००,००० | १० | १० |
| ५ | रु.९,००,००० देखि रु. १२,००,००० | १० | १० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.१५ मा महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र तहगत वार्षिक आम्दानीको स्रोतलाई देखाईएको छ । तालिका अनुसार रु. २,४०,००० देखि रु. ३,६०,००० सम्म आम्दानी गर्ने परिवारको संख्या ४० अर्थात ४० प्रतिशत अर्थात सबैभन्दाबढी रहेको पाइयो । त्यसैगरी रु.३,६०,००० देखि रु.४,६०,००० सम्म आम्दानी गर्ने परिवारको संख्या २० प्रतिशत रहेको पाइयो । रु. ४,६०,००० देखि रु. ६,००,००० सम्म वार्षिक आम्दानी हुने परिवारको संख्या २० जना अर्थात २० प्रतिशत रहेको पाइयो । रु.६,००,००० देखि रु. ९,००,००० आम्दानी हुने परिवारको संख्या १० जना अर्थात १० प्रतिशत रहेको पाइयो । त्यसैगरी रु.९,००,००० देखि रु.१२,००,००० आम्दानी हुने परिवारको सख्या १० जना अर्थात १० प्रतिशत रहेको पाइयो ।

## ४.७.२. शिक्षणपेशामा संलग्न हुनु पूर्वको वार्षिक आम्दानी (Sectorwise Economic Condition before Involve in Teaching Profesion)

यस अध्ययनमा शिक्षण पेशामा संलग्न हुनु पूर्वको महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र क्षेत्रगत वार्षिक आम्दानीको अध्ययन गर्दा विभिन्न शिर्षकहरुमा आम्दानी हुनेगरेको तथ्याङ्क तलिकामा देखाइएको छ ।

**तालिका ४.१६**

**शिक्षणपेशामा संलग्न हुनु पूर्वको क्षेत्रगत आम्दानी २०७२**

| पेशा | वार्षिक आम्दानी(रु.मा) | प्रतिशत |
|---|---|---|
| कृषि | ५,००,००० | ४.८० |
| व्यापार | ४०,००,००० | ३८.४७ |
| नोकरी | ९,००,००० | ८.६६ |
| वैदेशिक रोजगारी | ५०,००,००० | ४८.०७ |
| जम्मा | १,०४,००,००० | १०० |
| कुल वार्षिक आम्दानी रु. १,०४,००,०००<br>औसत आम्दानी रु १,०४,००० | | |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.१६ मा महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र आम्दानीलाई देखाईएको छ । तालिका अनुसार सबैभन्दाबढी वार्षिक आम्दानी वैदेशिक रोजगारीबाट भएको देखिन्छ । जसमा औसत वार्षिक आम्दानी रु. १,०४,००० रहेको छ । तालिका अनुसार सबैभन्दाबढी वार्षिक आम्दानी वैदेशिक रोजगारीबाट रु. ५०,००,००० (४८.०७) र सबैभन्दाकम कृषिबाट रु. ५,००,००० (४.८० प्रतिशत) रहेको छ ।

## ४.७.३ शिक्षणपेशामा संलग्न हुनु पूर्वको तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure Pre Involved in Teaching Profesion)

प्रस्तुत अध्ययनमा शिक्षण पेशामा संलग्न हुनु अघिको तहगत वार्षिक खर्चलाई प्रस्तुत गर्न खोजिएको छ । शिक्षण पेशामा संलग्नहुनु भन्दा पहिलाको अवस्थालाई  तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**
**तहगत वार्षिक खर्च २०७२**

| कुल वार्षिक खर्च(रु.मा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १,००,००,००० सम्म | ४० | ४० |
| १,००,००,००० देखि २,००,००,००० | २० | २० |
| २,००,००,००० देखि ३,००,००,००० | ३० | ३० |
| ३,००,००,००० भन्दामाथि | १० | १० |
| जम्मा | १०० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.१७ मा महिला शिक्षिकाहरुको परिवारको शिक्षण पेशामा संलग्न हुनु अघिको तहगत वार्षिक खर्चको अवस्थालाई देखाइएको छ । उक्त तालिका अनुसार ४० प्रतिशत घरपरिवारले वार्षिक १,००,००,००० सम्म खर्च गरेको देखिन्छ । त्यसैगरी २० प्रतिशतले १,००,००,००० देखि २,००,००,००० सम्म खर्च गरेको देखिन्छ । त्यसैगरी ३० प्रतिशतले २,००,००,००० देखि ३,००,००,००० सम्म खर्च गरेको देखिन्छ भने १० प्रतिशतले ३,००,००,००० भन्दामाथि खर्च गरेको देखिन्छ ।

## ४.७.४ शिक्षण पेशामा संलग्न हुनु पूर्वको क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure Pre Involved in Teaching Profesion)

प्रस्तुत अध्ययनमा महिला शिक्षिकाहरुको परिवारको शिक्षण पेशामा संलग्न हुनु अघिको विभिन्न शिर्षकमा गरिने खर्चको विश्लेशणात्मक अध्ययन लाई प्रस्तुत गरिएको छ । जुन कुरालाई निम्नअनुसार तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका ४.१८**

**शिक्षणपेशामा संलग्नहुनुपूर्वको क्षेत्रगत वार्षिक खर्च २०७२**

| खर्चका क्षेत्रहरु | कुल वार्षिक खर्च(रु.मा) | प्रतिशत |
|---|---|---|
| शिक्षा | २८,००,००० | ६५.४३ |
| स्वास्थ्य | ८०,००० | १.८६ |
| उपभोग | १०,००,००० | २३.३७ |
| मनोरन्जन | २,००,००० | ४.६७ |
| अन्य | २,००,००० | ४.७६ |
| जम्मा | ४२,८०,००० | १००.०० |

औसत वाषिक खर्च रु ४२,८००
वार्षिक आम्दानी रु. १,०४,००,०००
वार्षिक वचत = आम्दानी– खर्च
=१,०४,००,००० –४२,८०,०००
= ६,१२,०००

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.१८ मा महिला शिक्षिकाहरुको परिवारको शिक्षण पेशामा संलग्न हुनु अघिको क्षेत्रगत वार्षिक खर्चको विवरणलाई विभिन्न शिर्षकमा अलग-अलग रुपमा देखाइएको छ । शिक्षामा सबैभन्दाबढी वार्षिक रु.२८,००,००० अर्थात् ६५.४३ प्रतिशत, स्वास्थ्यमा रु.८०,००० अर्थात् १.८६ प्रतिशत खर्च गरेको देखिन्छ भने मनोरञ्जनमा र अन्य क्षेत्रमा

रु.२०,०००/२०,००० अर्थात् ४.६७ प्रतिशत खर्च गरेको देखिन्छ । स्वस्थ्यमा भने अन्य क्षेत्रको तुलनामा कम मात्रामा खर्च गरेको पाईयो ।

### ४.७.५. शिक्षण पेशामा संलग्नभएपछिको तहगत आर्थिक अवस्था ( Levelwise Economic Condition after Involve in Teaching)

प्रस्तुत अध्ययनमा शिक्षण पेशामा संलग्नभएपछिको महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र तहगत वार्षिक आम्दानी लाई देखाउन खोजिएको छ । जुन निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१९**

**शिक्षणमा संलग्नभएपछिको तहगत वार्षिक आम्दानी २०७२**

| क.स. | वार्षिक आम्दानी(रु.मा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.३०,००,००० देखि रु. ६०,००,००० | ५० | ५० |
| २ | रु.६०,००,००० देखि रु.८०,००,००० | २० | २० |
| ३ | रु.१,००,००,००० देखि रु. १,२०,००,००० | ३० | ३० |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.१९ मा शिक्षण पेशामा संलग्नभएपछिको महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र तहगत वार्षिक आम्दानी लाई देखाइएको छ । तालिकामा न्यूनतम वार्षिक आम्दानी रु.३०,००,००० देखि रु. ६०,००,००० गर्ने परिवारको प्रतिशत ५० रहेको छ । त्यसैगरी रु.६०,००,००० देखि रु.८०,००,००० सम्म आम्दानी गर्ने परिवार २० प्रतिशत देखिन्छ भने रु.१,००,००,००० देखि रु. १,२०,००,००० सम्म आम्दानी गर्ने परिवार ३० प्रतिशत रहेको देखिन्छ ।

### ४.७.६. शिक्षणपेशामा संलग्नभएपछिको क्षेत्रगत आर्थिक अवस्था ( Sectorwise Economic Condition After Involve In Teaching Profesion)

प्रस्तुत अध्ययनमा परिवारको सदस्य शिक्षण पेशामा सहभागी भएपछि उनीहरुको परिवारको आम्दानीलाई देखाउन खोजिएको छ ।

**तालिका ४.२०**

**शिक्षणपेशामा संलग्न भएपछिको क्षेत्रगत वार्षिक आम्दानी २०७२**

| पेशा | वार्षिक आम्दानी(रु.मा) | प्रतिशत |
|---|---|---|
| कृषि | ५०,००,००० | १४.७१ |
| व्यापार | १०,००,००० | २.९४ |
| नोकरी | २,६०,००,००० | ७६.४७ |
| वैदेशिक रोजगारी | २०,००,००० | ५.८८ |
| जम्मा | ३,४०,००,००० | १०० |
| औसत वार्षिक आम्दानी रु ३,४०,००० | | |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.२० मा शिक्षण पेशामा संलग्न भएपछिको महिला शिक्षिकाहरुको परिवारको मुख्य पेशा र क्षेत्रगत वार्षिक आम्दानीको अवस्थालाई देखाइएको छ । तालिका अनुसार सबैभन्दा बढी नोकरीबाट आम्दानी भएको देखिन्छ । जसमा जम्मा वार्षिक आम्दानी रु ३,४०,००,००० रहेको छ । त्यसमा सबैभन्दा बढी आम्दानी नोकरीबाट रु. २,६०,००,००० (७६.४७ प्रतिशत) र सबैभन्दा कम आम्दानी व्यापारबाट रु. १०,००,०००(२.९४प्रतिशत) रहेको छ ।

### ४.७.७ शिक्षणपेशामा संलग्न भएपछिको तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure after Involved in Teaching Profesion)

प्रस्तुत अध्ययनमा शिक्षण पेशामा संलग्न भएपछिको तहगत वार्षिक खर्चलाई प्रस्तुत गर्न खोजिएको छ । शिक्षण पेशामा संलग्न भएपछि खर्चमा तुलनात्मक रुपमा वृद्धि भएको छ । जुनकुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२१**

**तहगत वार्षिक खर्च २०७२**

| कुल वार्षिक खर्च(रु.मा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १,००,००,००० सम्म | २० | २० |
| १,००,००,०००देखि २,००,००,००० | १० | १० |
| २,००,०००००देखि ३,००,००,००० | ४० | ४० |
| ३,००,००,००० भन्दामाथि | ३० | ३० |
| जम्मा | १०० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.२१ मा शिक्षण पेशामा संलग्न भएपछिको तहगत वार्षिक खर्चको अवस्थालाई देखाइएको छ । उक्त तालिका अनुसार २० प्रतिशत घरपरिवारले वार्षिक रु.१,००,००,००० सम्म खर्च गर्ने गरेको देखिन्छ । त्यसैगरी १० प्रतिशतले रु. १,००,००,००० देखि रु.२,००,००,००० सम्म खर्च गरेको पाइयो । त्यसैगरी ४० प्रतिशतले रु.२,००,००,००० देखि रु.३,००,००,००० सम्म खर्च गर्ने गरेको पाइयो भने ३,००,००,००० भन्दामाथि ३० प्रतिशतले खर्च गरेको देखिन्छ ।

### ४.७.८ शिक्षण पेशामा संलग्न भएपछिको क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure after Involved in Teaching Profesion)

प्रस्तुत अध्ययनमा महिला शिक्षिकाहरुको परिवारको शिक्षण पेशामा संलग्न भएपछिको खर्च गर्ने शैली तथा खर्चको दायरा बढेको पाईयो । जुन कुरालाई निम्नअनुसार तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका ४.२२**

**क्षेत्रगत वार्षिक पारिवारिक खर्च २०७२**

| खर्चका क्षेत्रहरु | कुल वार्षिक खर्च(रु.मा) | प्रतिशत |
|---|---|---|
| शिक्षा | १५,००,००० | ३० |
| स्वास्थ्य | ८,००,००० | १६ |
| उपभोग | १०,००,००० | २० |
| मनोरञ्जन | १०,००,००० | २० |
| अन्य | ७,००,००० | १४ |
| जम्मा | ५०,००,००० | १००.०० |
| औसत वार्षिक खर्च रु ५०,०००<br>वार्षिक बचत = आम्दानी – खर्च<br>= ३,४०,००,००० – ५०,००,०००<br>= २,९०,००,००० | | |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.२२ मा महिला शिक्षिकाहरुको परिवारको शिक्षण पेशामा संलग्न भएपछिको क्षेत्रगत वार्षिक पारिवारिक खर्चको विवरणलाई विभिन्न शिर्षकमा अलग-अलग रुपमा देखाइएको छ । शिक्षामा सबैभन्दाबढी वार्षिक रु.१,५,००,००० अर्थात् ३० प्रतिशत, स्वास्थ्यमा रु.८,००,००० अर्थात् १६ प्रतिशत खर्च गरेको देखिन्छ भने मनोरञ्जनमा र अन्य क्षेत्रमा रु.१०,००,०००/१०,००,००० अर्थात् २० प्रतिशत खर्च गरेको देखिन्छ । अन्य क्षेत्रमा १४ प्रतिशत खर्च भएको पाइयो ।

### ४.७.९ शिक्षणपेशामा संलग्नहुनु अघि र पछिको आम्दानीको तुलना (Comparision of Income before and after Involved in Teaching Profesion)

घर परिवारका सदस्यहरु कुनैपनि रोजगारीमा सम्लग्न हुदा र नहुदाको अवस्थामा तुलनात्मक रुपमा भिन्नता रहेको हुन्छ । प्रस्तुत अध्ययनले पनि उपर्युक्त कुरालाई प्रस्ट पारेको देखिन्छ । त्यसैले उक्त अवस्थालाई तालिकामा देखाइएको छ ।

तालिका ४.२३

**शिक्षणपेशामा संलग्न हुनु अघि  र पछिको आम्दानीको तुलना २०७२**

| पेशा | वार्षिक आम्दानी( रु.मा) पहिले | प्रतिशत | वार्षिक आम्दानी( रु.मा) अहिले | प्रतिशत |
|---|---|---|---|---|
| कृषि | ५,००,००० | ४.८० | ५०,००,००० | १४.७१ |
| व्यापार | ४०,००,००० | ३८.४७ | १०,००,००० | २.९४ |
| नोकरी | ९,००,००० | ८.६६ | २,६०,००,००० | ७६.४७ |
| वैदेशिक रोजगारी | ५०,००,००० | ४८.०७ | २०,००,००० | ५.८८ |
| जम्मा | १,०४,००,००० | १०० | ३,४०,००,००० | १०० |
| | औसत आम्दानी रु १,०४,००० | | औसत आम्दानी रु ३,४०,००० | |

स्रोत : स्थलगत अध्ययन, २०७२ ।

तालिका ४.२३ मा शिक्षण पेशामा संलग्न हुनु अघि  र पछिको आम्दानीको तुलना गरिएको छ । तालिकामा कुल वार्षिक आम्दानी पहिले १,०४,००,००० रहेको देखिन्छ भने पछि बढेर रु ३,४०,००,००० भएको देखिन्छ । शिक्षण पेशामा संलग्नहुनु पहिलेको अवस्थाहेर्दा सबैभन्दा बढी आम्दानी वैदेशिक रोजगारबाट भएको देखिन्छ जुन ४८.०७ प्रतिशत छ । शिक्षण पेशामा संलग्न भएपछि भने सबैभन्दा बढी आम्दानी नोकरीबाट ७६.४७ प्रतिशत भएको छ ।

### ४.७.१० शिक्षणपेशामामा संलग्न हुनु अघि र पछिको खर्चको तुलना (Comparision of Expenditure before and after Involved in Teaching )

प्रत्येक व्यक्तिको आम्दानीमा भएको वृद्धि सँगै खर्चको क्षेत्रमा पनि वृद्धि हुन्छ यो हरेक व्यक्तिमा लागु हुन्छ । प्रस्तुत अध्ययनले पनि शिक्षण पेशामा संलग्न हुनु अघि  र पछिको खर्चको तुलना गर्दा आम्दानीको बृद्धि सगै खर्चको मात्रामा पनि बृद्धि भएको देखाएको छ । जसलाई  तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**शिक्षण पेशामा संलग्न हुनु अघि  र पछिको खर्चको तुलना २०७२**

| खर्चका क्षेत्रहरु | वार्षिक खर्च(रु.मा) पहिले | प्रतिशत | वार्षिक खर्च(रु.मा) अहिले | प्रतिशत |
|---|---|---|---|---|
| शिक्षा | २८,००,००० | ६५.४३ | १५,००,००० | ३० |
| स्वास्थ्य | ८०,००० | १.८६ | ८,००,००० | १६ |
| उपभोग | १०,००,००० | २३.३७ | १०,००,००० | २० |
| मनोरञ्जन | २,००,००० | ४.६७ | १०,००,००० | २० |
| अन्य | २,००,००० | ४.६७ | ७,००,००० | १४ |
| जम्मा | ४२,८०,००० | १०० | ५०,००,००० | १००.०० |
| | औसत खर्च रु ४२,८०० | | औसत खर्च रु ५०,००० | |

स्रोत : स्थलगत अध्ययन, २०७२ ।

तालिका ४.२४ मा शिक्षण पेशामा संलग्न हुनु अघि  र पछिको खर्चको तुलना गरिएको छ । तालिकामा कुल वार्षिक खर्च पहिले ४२,८०,००० रहेको देखिन्छ भने पछि बढेर रु ५०,००,००० भएको देखिन्छ । शिक्षण पेशामा संलग्नहुनु पहिलेको अवस्थाहेर्दा सबैभन्दा बढी खर्च शिक्षामा २८,००,००० जुन ६५.४३ प्रतिशत छ । शिक्षण पेशामा संलग्न भएपछि पनि सबैभन्दा बढी खर्च  रु.१५,००,००० शिक्षामा नै पाइएको छ । शिक्षाको महत्व सबैले बुझेको देखिन्छ । मनोरञ्जनात्मक क्षेत्रमा भने पहिलाको तुलनामा १५.३३ प्रतिशतले खर्च बढेको देखियो ।

## ४.८ चल अचल सम्पतिमाथि महिलाको अवस्था (Current and Fixed Property Holding by Women)

अध्ययन क्षेत्रमा रहेका महिलाशिक्षिकाहरुको परिवारमा रहेको चल /अचल सम्पतिमा रहेको स्वामित्वको अवस्थाको अध्ययन गर्दा निम्नानुसारको वितरण रहेको पाईयो । जसलाई तलको तालिका बाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका ४.२५**

**चल  सम्पतिमाथि महिलाको अवस्था २०७२**

| महिला | पुरुष | जम्मा | महिलाको चल सम्पत्ति % | पुरुषको चल सम्पत्ति % | जम्मा % |
|---|---|---|---|---|---|
| ४५ | ५५ | १०० | ४५ | ५५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.२५ मा चल सम्पतिमाथि महिलाको अवस्था लाई तालिकाको  देखाउने प्रयास गरिएको छ । चल सम्पत्तिमाथि महिलाको अवस्थालाई हेर्दा ४५ जना अर्थात् ४५ प्रतिशत महिला तथा ५५ जना पुरुष अर्थात् ५५ प्रतिशत रहेको देखिन्छ । यस बाट के प्रष्ट हुन्छ भने महिलाको तुलनामा पुरुष १० प्रतिशतले बढी देखिन्छ । अझैपनि सम्पतिमाथिको स्वामित्व समानरुपमा रहन सकेको छैन ।

**तालिका ४.२६**

**अचल सम्पतिमाथि महिलाको अवस्था २०७२**

| महिला | पुरुष | जम्मा | महिलाको अचल सम्पत्ति % | पुरुषको अचल सम्पत्ति % | जम्मा % |
|---|---|---|---|---|---|
| ३० | ७० | १०० | ३० | ७० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

तालिका ४.२६ मा अचल सम्पतिमाथि महिलाको अवस्था लाई तालिकाको माध्यमबाट देखाउने प्रयास गरिएको छ । अचल सम्पत्तिमाथि महिलाको अवस्थालाई हेर्दा ३० जना अर्थात् ३० प्रतिशत महिला तथा ७० जना पुरुष अर्थात् ७० प्रतिशत रहेको देखिन्छ । यस बाट के प्रष्ट हुन्छ भने महिलाको तुलनामा पुरुष ४० प्रतिशतले बढी देखिन्छ । अझपनि सम्पत्तिमाथिको स्वामित्व समानरुपमा रहन नसक्नुका साथै पुरुषको समान हैसियतमा महिलालाई हेर्न नसकेको देखिन्छ ।

## ४.९. महिला शिक्षिकाहरु प्रति सरोकारवालाहरुको धारणा (Opinion of Stakeholders Towards Female Teachers)

महिला शिक्षिकाहरुको पेशाप्रति सरोकारवालाहरुको धारणा, विचार बुझ्नको लागी विभिन्न प्रश्नावलीहरुको निर्माणगरी प्राप्त सुचनाहरुको आधारमा महिला शिक्षिकाहरुप्रतिको विश्लेषण गरिएको छ । सरोकारवाला व्यक्तिहरु भन्नाले यस अध्ययनमा मुख्यतः प्र.अ., पुरुष शिक्षक र विद्यार्थीहरुलाई मात्र लिइएको छ ।

### ४.९.१. महिला शिक्षिकाहरुको पेशाप्रति प्र.अ. को धारणा (Openion of Headteacher Towards Professions of Female Teachers)

महिला शिक्षिकाहरुको शैक्षिक योग्यता र दक्षताप्रतिको धारणा बुझ्नको लागी यस अध्ययन अनुसन्धानमा छनोटमा परेका ६ वट विद्यालयका ६ जना प्रध्यानाध्यापकहरुबाट प्राप्त प्रतिक्रिया यस प्रकार रहेको छ ।

महिला शिक्षिकाहरुको शैक्षिक योग्यता र अनुभवले शिक्षण सिकाई प्रक्रियामा प्रभावकारीता ल्याउने हुनाले ८० प्रतिशत प्र.अ.हरुले शैक्षिक योग्यता र अनुभव सन्तोषजनक रहेको प्रतिक्रिया दिए । साथै महिला शिक्षिकाहरु बालमनोविज्ञान प्रति बढी सचेत हुनाले पुरुष शिक्षकको तुलनामा बालबालिकाको भावना बढी बुझ्ने गरेको भनाई प्र.अ.को रहेको छ । विद्यालयमा समयमा नै उपस्थित हुने सवालमा सबै शिक्षिक शिक्षिकाहरु समयमा नै उपस्थित हुने प्रतिक्रिया प्र.अ.हरुले दिनुभयो । विद्यालयले गर्ने क्रियाकलापमा अथवा विद्यालयको निर्णय प्रक्रियामा महिला शिक्षिकाहरुको संलग्नता रहेको, शिक्षक बैठकमा निर्णयहरु लिदा महिला शिक्षिकाहरुको पनि पुरुष शिक्षक सरह नै भूमिका रहेको र विद्यालय प्रशासनले पुरुष र महिला शिक्षकमा कुनै पनि प्रकारको भेदभाव नगरेको साथै क्षमता अनुसारको जिम्मेवारी सबैले समान रुपमा प्राप्त गरेको प्र.अ. हरुको भनाई रहेको छ । बालबालिकाका लागि महिला शिक्षिकाहरु आमा, दिदी सरह हुने भएकाले बालबालिकाहरु उनीहरुप्रति आकर्षित हुनुका साथै यसको सकारात्मक प्रभाव विद्यार्थी भर्नामा परेको प्रतिक्रिया व्यक्त गरे ।

### ४.९.२. महिला शिक्षिकाहरुको पेशाप्रति पुरुष शिक्षकहरुको धारणा (Openion of Male Teachers Toward Femal Teachers' Professions)

महिला शिक्षिकाहरुको शैक्षिक दक्षता र शिक्षण कार्यका सम्बन्धमा विभिन्न प्रश्नावलीहरुको निर्माण गरी उक्त प्रश्नावलीको सहायताबाट पुरुष शिक्षकहरुबाट प्राप्त प्रतिक्रियाहरु संकलन गरिएको छ । ६४ जना अर्थात् ८० प्रतिशत पुरुष शिक्षिकहरुले महिला शिक्षिकाहरुको शैक्षिक योग्यता, स्तर दक्ष र सन्तोषजनक रहेको प्रतिक्रिया जनाए भने १६ जना अर्थात् २० प्रतिशत शिक्षकहरुले भने व्यक्तिगत भिन्नता रहेको बताए । महिला शिक्षिकाहरुले पुरुष शिक्षकको तुलनामा बालबालिकाको भावना बढी बुझ्ने गरेकोमा ५४ जना अर्थात् ६७ प्रतिशत शिक्षकहरुले सहमति जनाए भने २६ जना अर्थात् ३३ प्रतिशत पुरुष शिक्षकहरुले असहमति जनाए । प्राय महिला शिक्षिकाहरु बढी समय बालबालिकाहरुसँग रहने, बढी हेलमेल गर्ने भएकाले विद्यार्थीहरु विनाडर सिक्ने र बुझ्ने गर्दछन् भनेर पुरुष शिक्षकहरुले बताए ।

### ४.९.३. महिला शिक्षिकाहरुको पेशाप्रति विद्यार्थीहरुको धारणा (Openion of Student Toward Female Teachers)

महिला शिक्षिकाहरुको शैक्षिक दक्षता र योग्यताका सम्बन्धमा कक्षा ९ र १० मा अध्ययनरत २ जना र कक्षा ८ मा अध्ययनरत २ जना लाई अप्रत्यक्ष मौखिक अन्तर्वाता सोधिएको थियो । उक्त विद्यार्थोहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई विश्लेषण गर्दा ५० प्रतिशत विद्यार्थोहरुले महिला शिक्षिकाहरुले भन्दा पुरुष शिक्षिकहरुले राम्रो शिक्षण गर्ने बताए किनभने पुरुष शिक्षिकहरुले विषयवस्तु सम्बन्धी धेरै जानकारी प्रस्तुत गर्ने भनाई व्यक्त गरे । ३५ प्रतिशत विद्यार्थीहरुले भने महिला शिक्षिकाहरुले राम्ररी शिक्षण गर्ने गरेको, महिला शिक्षिकाहरुमा सहनसक्ने क्षमता रहेको र रिस नदेखाउने बानी हुने हुनाले बढी समय लगाएर भएपनि विषयवस्तु प्रष्ट पार्ने प्रतिक्रिया व्यक्त गरे । त्यस्तैगरी १५ प्रतिशतले भने दुबै शिक्षक शिक्षिकाहरुले राम्ररी शिक्षण गर्नेगरेको बताए ।

### ४.९.४. महिला शिक्षिकाहरुको आफ्नो धारणा (Own Openion of Female Teachers)

महिला शिक्षिकाहरुको आफ्नो पेशाप्रति वा कार्यसम्पादन प्रति उनीहरुको धारणा लिदाँ विद्यालय प्रशासनले गर्ने व्यवहार समान नै रहेको र प्र.अ. तथा अन्य शिक्षकहरुले पनि शिक्षणको क्रममा आवश्यक सहयोग गर्ने गरेको प्रतिक्रिया जनाए । साथै प्रशासनिक तथा शिक्षण सम्बन्धि सबै क्षेत्रमा सहयोग रहेको,पेशागत विकासको लागी महिला शिक्षिकाहरु आफैले विभिन्न किसिमका शिक्षण विधिको प्रयोग गर्नुका साथै शिक्षण सिकाई क्रियाकलापमा विषयवस्तु अनुसार र उपलब्ध शैक्षिक सामाग्रीहरुको आवश्यक मात्रामा प्रयोग गर्ने गरेको बताए । विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप साथै शिक्षक वैठकहरु, विद्यालयको निर्णय प्रक्रियामा भने सहभागिता न्यून रहेको वा खासै समय दिन नसकेको बताए । अधिकांश महिला शिक्षिकाहरु आफ्नो घरायसी समस्याहरु/जिम्मेवारी, व्यक्तिगत कारणहरुले गर्दा विभिन्न किसिमका प्रशिक्षण,तालिम, गोष्ठीहरुमा उपस्थित हुन नपाएको बताए ।

### ४.१० महिला शिक्षिकाहरु शिक्षण पेशामा प्रवेश गर्दा भोल्नुपरेका समस्याहरु (Problems Facing Femal Teachers on Teaching Profession)

अध्ययन क्षेत्रमा महिला शिक्षिकाहरुलाई शिक्षण पेशामा प्रवेश गर्दा भोल्नुपरेका समस्याहरुबारे अध्ययन गर्दा ७५ प्रतिशतले कुनै समस्या भोल्नु नपरेको बताए । २५ प्रतिशत मध्ये पनि ५ प्रतिशतले बहुकक्षा शिक्षण, घरायसी समस्या जस्ता कारण देखाए भने २० प्रतिशतले राजनैतिक खिचातानी, नातावाद, सेवाप्रवेशमा समस्या तथा यातायात र पाठ्यपुस्तकको समस्या जस्ता कारणहरु रहेको बताए ।

### ४.११ प्राप्तीहरुको सारंश (Summary of Finding )

यो अध्ययन भापा जिल्लाको दमक नगरपालिकामा शिक्षणपेशामा संलग्न महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन शीर्षकमा गरिएको थियो । यस अध्ययनको प्रमुख उद्देश्य महिला शिक्षिकाहरुको पेशागत अवस्थाको पहिचान गर्नु, शिक्षण पेशामा संलग्न हुनुपहिला र पछिको महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु र समस्याहरुको पहिचान गरी समाधानका

उपायहरुको खोजी गर्नु रहेको छ । उक्त उद्देश्यहरुलाई पुरा गर्न वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ । जसकालागि प्राथमिक र द्धितीय तथ्याङ्कको विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिका र वृत्तचित्रको प्रयोग गरि प्राथमिक र द्धितीय तथ्याङ्कको माध्यमबाट विश्लेषण गरिएको छ ।

- तथ्याङ्क संकलनको क्रममा महिला शिक्षिकाहरु, अभिभावकहरु, पुरुष शिक्षक र विद्यार्थीहरुबाट छुट्टाछुट्टै प्रश्नावलीहरुको निर्माण गरि तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै गरी स्थलगत अवलोकन फारम निर्माणगरी आवश्यक सुचनाहरु संकलन गरिएको छ । निजी तथा सामुदायिक विद्यालयमा अध्यापन गराउने १०० जना महिला शिक्षिकाहरु अर्थात् शतप्रतिशत लाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको थियो ।

- सामुदायिक तथा निजी विद्यालयहरुमा छनोट गरिएको १०० जना महिला शिक्षिकाहरुको संख्या हेर्दा प्रा.वि. मा ४० प्रतिशत रहेको छ भने नि.मा.वि. र मा.वि मा ३०/३० प्रतिशत मात्र रहेको छ ।

- महिला शिक्षिकाहरुको शैक्षिक योग्यता लाई हेर्दा निजी तथा सामुदायिक विद्यालयका कुल १०० जना महिला शिक्षिकाहरुमध्ये ४० प्रतिशत एस.एल.सी. पास रहेका छन् भने ५प्रतिशतले मात्र स्नतकोत्तरतह उत्तिर्ण गरेको पाईयो ।

- शिक्षक तालिमको अवसर हेर्दा ५० प्रतिशत तालिम प्राप्त रहेका छन् भने ५० प्रतिशतले नै तालिम प्राप्त नगरेको पाइयो ।

- पेशागत स्थितीलाई हेर्दा स्थायी २० प्रतिशत र अस्थायी ८० प्रतिशत रहेको पाइयो ।

- महिला शिक्षिकाहरुको अध्यापनरत विषय हेर्दा नेपाली अध्यापन गराउने ३५ प्रतिशत, सामाजिक २० प्रतिशत, गणित १५ प्रतिशत, विज्ञान १० प्रतिशत, अंग्रेजी १५ प्रतिशत र अन्य विषय ५ प्रतिशत रहेको पाईयो ।

- शिक्षणपेशामा लाग्नुका कारणहरुलाई हेर्दा शैक्षिक सोच भएकाले ४० प्रतिशत, बेरोजगारी १५ प्रतिशत, क्षमता अभिवृद्धि गर्न ३० प्रतिशत, कमजोर आर्थिक स्थिती ५ प्रतिशत र सेवाको भावना १० प्रतिशत रहेको पाईयो ।

- महिला शिक्षिकाहरुको कार्यभारको वितरण प्रतिहप्ता ३५-४० पिरियड सम्म शिक्षिण गर्ने महिला शिक्षिकाहरु ४० प्रतिशत र २०- २५ प्रतिशत पिरियड सम्म शिक्षिण गर्ने ५ प्रतिशत रहेको पाईयो ।

- कक्षाकोठा र फर्निचरको अवस्थालाई हेर्दा ९० प्रतिशतले उचित व्यवस्था नभएको बताए भने १० प्रतिशतले मात्र उचित व्यवस्था भएको बताए । त्यसैगरी शैक्षिक सामग्री राख्ने ठाउँ भएको ३० प्रतिशतले बताए भने ७० प्रतिशतले उचित ठाउँ नभएको बताए जसले गर्दा शैक्षिक सामग्रीहरु हराउने, छिटो बिग्रने गरेको पाईयो ।

- खानेपानी र शौचालयको अवस्था हेर्दा ९० प्रतिशत विद्यालयमा महिला र पुरुषकालागी छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको र १० प्रतिशतमा नभएको साथै ८० प्रतिशत विद्यालयमा खानेपानीको व्यवस्था भएको र २० प्रतिशतमा शुद्धखानेपानीको व्यवस्था नभएको पाईयो ।

- उमेरगत जनसंख्या ०-५ वर्ष समुहका १३.१४ प्रतिशत, ६-१५ वर्ष समुहका १२.८२ प्रतिशत, १६-६० वर्ष समुहका ६९.२३ प्रतिशत र ६० भन्दा माथिको जनसंख्या रहेको पाईयो ।

- परिवारको प्रकार हेर्दा ४ जना सम्म ४७ प्रतिशत, ५ देखि ६ जनासम्म ४८ प्रतिशत र ७ जना वा सो भन्दा माथि ५ प्रतिशत जनसंख्या रहेको पाइयो । ९५ प्रतिशत महिला शिक्षिकाहरु विवाहित र ५ प्रतिशत अविवाहित रहेको पाइयो ।

- शिक्षिणपेशाप्रति परिवारको दृष्टिकोण हेर्दा ९० प्रतिशतको सकारात्मक, ५ प्रतिशतको नकारात्मक र ५ प्रतिशतकै कुनैप्रतिक्रिया नभएको पाइयो ।

- शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको आम्दानीको तुलनागर्दा शिक्षणपेशामा संलग्न हुनु अघिको वार्षिक आम्दानी रु १,०४,००,००० भएको देखिन्छ । त्यसैगरी औसत आम्दानी रु १,०४,००० रहेको थियो भने शिक्षण पेशामा संलग्नभए पछिको वार्षिक आम्दानी रु ३,४०,००,००० भएको देखिन्छ । त्यसैगरी औसत आम्दानी रु. ३,४०,००० रहेको देखिन्छ । यसरी शिक्षणपेशामा संलग्न भएका कारण उक्त परिवारको आम्दानी वृद्धि भएको देखिन्छ ।

- शिक्षण पेशामा संलग्न हुनु अघि र पछिको खर्चको तुलनागर्दा शिक्षण पेशामा संलग्न हुनु अघिको खर्च रु ४२,८०,००० र बचत रु. ६१,२०,००० रहेको थियो भने शिक्षणपेशामा संलग्नभए पछिको खर्च रु. ५०,००,००० र बचत २,९०,००,००० रहेको पाइयो ।

- चल सम्पत्तिमाथि महिलाको अवस्था ४५ प्रतिशत महिला र पुरुष ५५ प्रतिशत रहेको तथा अचल सम्पत्ति ३० प्रतिशत महिलाको र ७० प्रतिशत पुरुषको स्वमित्व रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER - FIVE)

## ५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations)

यस अध्ययमा राखिएका उद्धेश्यहरु प्राप्त गर्नको लागि तथ्याङ्कको व्याख्या विश्लेषण गरिसकोपछि प्राप्त नतिजाहरुलाई निष्कर्ष र सुझावहरुको रुपमा तल प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको उद्देश्य छनोट गरिएको झापा जिल्ला दमक नगरपालिकामा अवस्थित निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको पेशागत अवस्थाको पहिचान गर्नु, शिक्षण पेशामा संलग्न हुनुपहिला र पछिको महिला शिक्षिकाहरुको पारिवारिक, आर्थिक तथा शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गर्नु र समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्नु रहेको छ । उल्लेखित उद्देश्यहरु पुरा गर्नको लागी प्राथमिक र सहायक तथ्याङ्कहरुको स्रोतबाट प्राप्त गरिएको नतिजाहरुलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ जुन यसप्रकार रहेको छ ।

१. सामुदायिक तथा निजी विद्यालयहरुमा छनोट गरिएको १०० जना महिला शिक्षिकाहरुको संख्या हेर्दा प्रा.वि. मा ४० प्रतिशत रहेको छ भने नि.मा.वि. र मा.वि मा ३०/३० प्रतिशत मात्र रहेको छ ।

२. महिला शिक्षिकाहरुको शैक्षिक योग्यता लाई हेर्दा निजी तथा सामुदायिक विद्यालयका कुल १०० जना महिला शिक्षिकाहरुमध्ये ४० प्रतिशत एस.एल.सी. पास रहेका छन् भने ५ प्रतिशतले मात्र स्नतकोत्तरतह उत्तिर्ण गरेको पाईयो ।

३. शिक्षक तालिमको अवसर हेर्दा ५० प्रतिशत तालिमप्राप्त रहेका छन् भने ५० प्रतिशतले नै तालिम प्राप्त नगरेको पाइयो । पेशागत स्थितीलाई हेर्दा स्थायी २० प्रतिशत र अस्थायी ८० प्रतिशत रहेको पाइयो । महिला शिक्षिकाहरुको अध्यापनरत विषय हेर्दा नेपाली अध्यापन गराउने ३५ प्रतिशत, सामाजिक २० प्रतिशत, गणित १५ प्रतिशत, विज्ञान १० प्रतिशत, अंग्रेजी १५ प्रतिशत र अन्य विषय ५ प्रतिशत रहेको पाईयो ।

४. शिक्षणपेशामा लाग्नुका कारणहरुलाई हेर्दा शैक्षिक सोच भएकाले ४० प्रतिशत, बेरोजगारी १५ प्रतिशत, क्षमता अभिवृद्धि गर्न ३० प्रतिशत, कमजोर आर्थिक स्थिती ५ प्रतिशत र सेवाको भावना १० प्रतिशत रहेको पाईयो । महिला शिक्षिकाहरुको कार्यभारको वितरण प्रतिहप्ता ३५-४० पिरियड सम्म शिक्षिण गर्ने महिला शिक्षिकाहरु ४० प्रतिशत र २०- २५ प्रतिशत पिरियड सम्म शिक्षिण गर्ने ५ प्रतिशत रहेको पाईयो ।

५. कक्षाकोठा र फर्निचरको अवस्थालाई हेर्दा ९० प्रतिशतले उचित व्यवस्था नभएको बताए भने १० प्रतिशतले मात्र उचित व्यवस्था भएको बताए । त्यसैगरी शैक्षिक सामग्री राख्ने ठाउँ भएको ३० प्रतिशतले बताए भने ७० प्रतिशत उचित ठाउँ नभएको बताए जसले गर्दा शैक्षिक सामग्रीहरु हराउने, छिटो बिग्रने गरेको पाईयो ।

६. खानेपानी र शौचालयको अवस्था हेर्दा ९० प्रतिशत विद्यालयमा महिला र पुरुषकालागी छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको र १० प्रतिशतमा नभएको साथै ८० प्रतिशत विद्यालयमा खानेपानीको व्यवस्था भएको र २० प्रतिशतमा शुद्धखानेपानीको व्यवस्था नभएको पाईयो ।

७. उमेरगत जनसंख्या ०-५ वर्ष समुहका १३.१४ प्रतिशत, ६-१५ वर्ष समुहका १२.८२ प्रतिशत, १६-६० वर्ष समुहका ६९.२३ प्रतिशत र ६० भन्दा माथिको जनसंख्या रहेको पाईयो ।परिवारको प्रकार हेर्दा ४ जना सम्म ४७ प्रतिशत, ५ देखि ६ जनासम्म ४८ प्रतिशत र ७ जना वा सो भन्दा माथि ५ प्रतिशत जनसंख्या रहेको पाइयो । ९५ प्रतिशत महिला शिक्षिकाहरु विवाहित र ५ प्रतिशत अविवाहित रहेको पाइयो ।

८. शक्षण पेशाप्रति परिवारको दृष्टिकोण हेर्दा ९० प्रतिशतको सकारात्मक, ५ प्रतिशतको नकारात्मक र ५ प्रतिशतकै कुनैप्रतिक्रिया नभएको पाइयो ।

९. शिक्षणपेशामा संलग्न हुनु अघि र पछिको आम्दानीको तुलनागर्दा शिक्षणपेशामा संलग्न हुनु अघिको वार्षिक आम्दानी रु १,०४,००,००० भएको देखिन्छ । त्यसैगरी औसत आम्दानी रु १,०४,००० रहेको थियो भने शिक्षण पेशामा संलग्नभए पछिको वार्षिक आम्दानी रु ३,४०,००,००० भएको देखिन्छ । त्यसैगरी  औसत आम्दानी

रु. ३,४०,००० रहेको देखिन्छ । यसरी शिक्षणपेशामा संलग्न भएका कारण उक्त परिवारको आम्दानी वृद्धि भएको देखिन्छ ।

१०. शिक्षण पेशामा संलग्न हुनु अघि र पछिको खर्चको तुलनागर्दा शिक्षण पेशामा संलग्न हुनु अघिको खर्च रु ४२,८०,००० र बचत रु. ६१,२०,००० रहेको थियो भने शिक्षणपेशामा संलग्नभए पछिको खर्च रु. ५०,००,००० र बचत २,९०,००,००० रहेको पाइयो ।

११. चल सम्पत्तिमाथि महिलाको अवस्था ४५ प्रतिशत महिला र पुरुष ५५ प्रतिशत रहेको तथा अचल सम्पत्ति ३० प्रतिशत महिलाको र ७० प्रतिशत पुरुषको स्वमित्व रहेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendations)

यस अध्ययनको आधारमा दमक नगरपालिकामा रहेका निजि तथा सामुदायिक विद्यालयमा अध्यापनकार्यमा संलग्न शिक्षिक शिक्षिकाहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संचालक समिति, नीति निर्माता, र सम्बन्धीत सरोकारवालाहरुको लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ निति सम्बन्धी सुझावहरु (Policy Releted Recommendations)

स्थलगत अध्ययन र सुचना संकलनका क्रममा पाइएका तथ्य र सुचनाहरुलाई विश्लेषण गर्दा प्राप्तहुने निष्कर्षका आधारमा निजी तथा सामुदायिक विद्यालयहरुले शैक्षिक विकास गर्न र शिक्षाको गुणस्तरलाई अझमाथि उठाउनुका साथै महिला शिक्षिकाहरुको अवस्थामा थप सुधार गर्नका लागि निम्नलिखित नितिगत सुझावहरु प्रस्तुत गरिएको छ :

१. शिक्षक तालिमको अवसर हेर्दा ५० प्रतिशत तालिमप्राप्त रहेका र ५० प्रतिशतले नै तालिमको अवसर प्राप्त नगरेको पाइएकाले गर्दा शिक्षक तालिमको उचित व्यबस्था गर्नुपर्ने ।

२. महिला शिक्षिकाहरुको स्थायीत्वको अवस्था हेर्दा ८० प्रतिशत अस्थायी र २० प्रतिशत स्थायी महिला शिक्षिकाहरु रहेकाले स्थायीत्वको प्रक्रियालाई प्राथमिकताका साथ अगाडी बढाउनुपर्ने ।

३. चल सम्पत्तिमाथि महिलाको अवस्था ४५ प्रतिशत महिला र पुरुष ५५ प्रतिशत रहेको तथा अचल सम्पत्ति ३० प्रतिशत महिलाको र ७० प्रतिशत पुरुषको स्वमित्व रहेको  अर्थात् सम्पत्तिमाथि महिलाको समान पहुँचकालागी सरकारले निती निर्माण गर्नुपर्ने ।

४. अध्ययन क्षेत्रमा अंग्रजी, विज्ञान र गणित जस्ता विषयहरुमा महिला शिक्षिकाहरुको सहभागिता कम देखिएकाले छात्राहरुलाई विद्यालयस्तरदेखि नै यस्ता विषयहरु पठनमा विद्यालय एवम् परिवारले उत्प्ररणा दिनु पर्दछ ।

५. खानेपानी र शौचालयको व्यबस्था ९० प्रतिशत विद्यालयमा नभएको हुनाले सरकारीतवर बाट उचित व्यवस्था गर्नुपर्ने ।

६. विद्यालय व्यवस्थापन समिति ,विद्यालय निरिक्षक जस्ता पदहरुमा महिला शिक्षिकाहरुको पहुच बृद्धिका लागि सरकारले उचित पहल गर्नुपर्ने ।

## ५.२.२ प्रयोगात्मक क्षेत्र सँग सम्बन्धित सुझावहरु (Practicle Releted Recommendations)

निजी तथा सामुदायिक विद्यालयहरुलाई भविष्यमा अझ सक्षम र व्यवहारिक जनशक्ति उत्पादन गर्नका लागि निम्नलिखित प्रयोगात्मक सुझावहरु प्रस्तुत गरिएको छ :

१. शिक्षण पेशामा संलग्न हुनुपूर्वको वार्षिक आम्दानी रु.१,०४,००,००० र खर्च रु.४२,८०,००० र वार्षिक बचत रु.६१,२०,००० रहेको छ भने शिक्षणमा संलग्न भएपछि वार्षिक आम्दानी रु.३,४०,००,००० र खर्च रु. ५०,००,००० र वार्षिक बचत रु.२,९०,००,००० रहेको देखिन्छ । तसर्थ आम्दानीमा बृद्धि अनुसार खर्चको क्षेत्रमा बृद्धि भएको देखिन्छ त्यसैले आम्दानी अनुसार बचत बढाउनुपर्ने देखिन्छ ।

२. शिक्षक पेशामा संलग्न भएपछि मनोरञ्जनमा  २० प्रतिशत खर्च गरेको देखिन्छ भने पहिला ४.६७ प्रतिशत देखिन्छ । आम्दानीमा बृद्धिसगै अनाश्यक खर्च बढेको देखिएकाले उत्पादनमुलक क्षेत्रमा लगानी बढाउनुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरु (Further Research Releted Recommendations)

महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण विषयमा अध्ययन अनुसन्धान गर्दा महिला शिक्षिकाहरुको अवस्था सुधारकालागी आगामी नयाँ अनुसन्धानकर्ताहरुलाई निम्न सहयोग मिल्नेछ ।

१. यस अध्ययनमा महिला शिक्षिकाहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको मात्र अध्ययन गरिएकाले यो बाहेक उनीहरुको सामाजिक क्षेत्रको विकासमा भूमिकाको अध्ययन गर्न सकिन्छ ।
२. झापा जिल्लाका अन्य नगरपलिका तथा गा.वि.स.मा रहेका लिद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको अवस्थाको अध्ययन गर्न सकिने छ ।

# सन्दर्भ सूची (References)


आचार्य, ईश्वरी कुमारी (२०६७), **सामुदायिक विद्यालयमा महिला शिक्षिकाको अवस्था को अध्ययन प्रतिवेदन,** स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि. कीर्तिपुर, शिक्षण शास्त्र संकाय, पाठ्यक्रम तथा मुल्याङ्कन विभाग ।

अधिकारी, किसान प्रसाद (२०६८), **शिक्षामा सामाजिक न्याय,** काठमाडौं : अक्सफोर्ड पब्लिकेशन ।

आचार्य,बलराम (२०६०), **लैङ्गिक अध्ययन,** काठमाडौं : नेशनल बुक सेन्टर ।

अधिकारी, बिष्णु प्रसाद (२०६८), **शिक्षा सेवा प्राविधिक सहायक,** काठमाडौं :आषिस बुक्स हाउस प्रा.लि. ।

कार्की, मनमाया (२०७०), **सामुदायिक विद्यालयहरुमा महिला शिक्षिकाहरुको पेशागत अवस्था,** अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर, शिक्षा शास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

कोइराला, विद्यानाथ (२०६१), **सामाजिक न्यायको सेरोफेरो शिक्षा,** प्रथम संस्करण, कीर्तिपुर, काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग, (२००४), **पपुलेशन मनोग्राफ अफ नेपाल,** काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

गौतम, दिनानाथ (२०६७), **दुरशिक्षा**, सानोठिमी : शैक्षिक जनशक्ति केन्द्र ।

घिमिरे, दुर्गा (२०७०), **राजनीतिमा महिला सहभागिता,** काठमाडौं : कान्तिपूर दैनिक पत्रिका साउन ३०, पृष्ट ७ ।

जि.वि.स. (२०७१), **जि.वि.स. प्रोफाईल पुस्तिका,** चन्द्रगढी, झापा ।

जोशी, पदम राज (२०६८), **लैङ्गिकहिंसा र महिला अधिकार, लैङ्गिक समविकास,** भक्तपुर : शिक्षा विभाग प्रकाशन ।

न.पा.(२०७१), **न.पा. प्रोफाइल पुस्तिका,** दमक न.पा.,झापा ।

पोखेल, कमल प्रसाद, (२०६९), “लैङ्गिक समानता र विकास : अन्तर सम्बन्ध र चुनौतीहरु”, **सोपान मासिक** भदौ बर्ष ९ अकं ३ पूर्णाङ्क ९९, पे. २३ ।

पौडेल, जानुका (२०६५), **सामुदायिक विद्यालयमा महिला शिक्षिकको भुमिका, शैक्षिक स्मारिक अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा राष्ट्रिय साक्षरता दिवस,** सानोठिमी : शिक्षा विभाग ।

बस्नेत,बाबा (२०६३), **नारी प्रश्नै प्रश्न,** काठमाडौं : कालिकास्थान डिल्लीबजार ।

मैनाली,दुर्गा (२०६१), **नारी अधिकार, समानता तथा स्वतन्त्रताको प्रसंग,** नेपाल समाचार पत्र दैनिक, १३ कार्तिक ।

युनेस्को, (२००६), **नेपालको शिक्षामा लैङ्गिक समानताको मापन,** काठमाडौं :युनेस्को रिपोर्ट ।

राष्ट्रिय योजना आयोग, (२०७०), **तेह्रौं योजना आ.व. २०७०/७१-२०७२/७३ आधारपत्र,** काठमाडौं : राष्ट्रिय योजना आयोग,नेपाल ।

लुइटेल, सुनिता (२०६४), **बनेपा नगरपालिका स्थित सामुदायिक विद्यालयहरुमा महिला शिक्षकहरुको अवस्थाको प्रतिवेदन,** स्नातकोत्तर तहको शोधपत्र, त्रि. वि. कीर्तिपुर,शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

सर्वोत्तम नारी,असोज (२०६१), **अघि बढ्दैनन् पाइलाहरु,** काठमाडौं : कान्तिपूर पब्लिकेशन ।

शर्मा चिरञ्जिवी र निर्मला (२०६०), **शिक्षा मनोबिज्ञान,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिाष्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जिवी (२०६१), **शिक्षाका आधारहरु,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिाष्ट्रिब्युटर्स ।

शिक्षा विभाग, (२०६४)ख, **शिक्षा विभागको प्रतिवेदन,** भक्तपुर : शिक्षा विभाग ।

शिक्षक शिक्षा, (२०६६/०६७), **नेपाल सरकार शिक्षा विभाग,** सानोठिमी, भक्तपुर ।

शिक्षा मन्त्रालय, (२०६३), **शिक्षा नियमावली,** काठमाडौं :नेपाल सरकार शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय, (२०६६), **विद्यालय क्षेत्र सुधार कार्यक्रम,** काठमाडौं :नेपाल सरकार शिक्षा मन्त्रालय ।

**शिक्षा विभागद्धारा गरिएको अध्ययनहरुको प्रतिवेदन** (आ.ब. २०५९/०६०), सानोठिमी : शिक्षा विभाग ।

शिक्षा विभाग, (आ.ब. २०६३/०६४), **विद्यालयमा लैङ्गिक समानताको अवस्थामाथी एक अनुसन्धान तथा शैक्षिक सुचना तथा व्यवस्थापन महाशाखा,** सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६६), **लैङ्गिक समानताका लागि सचेतनामुलक हाते पत्रिका,** सानोठिमी : शिक्षा विभाग, लैङ्गिक समविकास शाखा ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६७), **शिक्षकको पेशागत दक्षता विकास कार्यान्वयन पुस्तिका,** सानोठिमी : शैक्षिक जनशक्ति विकास केन्द्र ।

हिराभट्ट, कुमारी (२०६६), **विकासमा महिलाहरुको स्थिती,** काठमाडौं : आर्थिक सम्प्रेषण वार्षिक पत्रिका,अङ्क २ कीर्तिपुर, काठमाडौं ।

त्रिभुवन विश्वविद्यालय, (१९९७), **जनसंख्या सर्वेक्षण,** काठमाण्डौं : केन्द्रिय जनसंख्या अध्ययन विभाग ।

Baidhya, L.B. (1996). **"Female's Empowerment :A must for statainablen Development."** The Rising Nepal. June 2nd, Kathmandu.

Bista Min Bahadur (2006), **Status of female Teacher in Nepal.** Kathmandu: UNESCO.

Sharma,Ishan (1980). **Professional Female and Development : A case study of Kathmandu Valley,** Kathmandu: CEDA.

CERID (1990), **Female Teacher for Promotion of Universal Primary Education for Girls.** Kathmandu : CERID.

CERID (2000), **Increase of female teachers in rural Schools of Nepal.** Kathmandu.CERID.

NEC (2011), **Report of the National Education Commission.** Kathmandu.

Shrestha, Purn Kumar (2006). **Women Teachers and Gender Equality in Education in Nepal.**

## अनुसुचि -१ (Appendix-I)

## महिला शिक्षिकाहरुका लागितयार पारिएको प्रश्नावली

विद्यालयको नाम :-

शिक्षकको नाम थर :-

स्थायी/अस्थायी :-

अध्यापन गर्ने तह :-

अध्यापन गरिने विषय :-

वैंवाहिक स्थिति :-

**शैक्षिक अवस्थाको बारेमा प्रश्नावली**

१. तपाईले अध्यापन गर्नुभएको कति समय भयो ?

........................................................................................................

२. तपाईको शैक्षिक योग्यता कति छ ?

| क्र.स. | तह | मुख्य बिषय |
|---|---|---|
| १. | एस. एल. सी. | |
| २. | प्रमाण पत्र तह | |
| ३. | स्नातक तह | |
| ४. | स्नातकोत्तर तह | |

३. तपाईले शिक्षण सम्बन्धि कुनै तालिम लिनुभएको छ ?

क) छ

छ भने कति अवधि ..............................................................................

ख) छैन

छैन भने तालिम लिन नसक्नुका कारणहरु ..................................................

**पेशागत अवस्था सम्वन्धि प्रश्नावली**

१. तपाईले अध्यापन गर्ने विद्यालयमा कति जना शिक्षक, शिक्षिका हुनुहुन्छ ?

क) शिक्षक.................... जना

ख) शिक्षिका............. जना

२. तपाई शिक्षण बाहेक अन्य कुनै पेशामा संलग्न हुनुहुन्छ ?

क) छु

हुनुहुन्छ भने कुन पेशामा...........................................................

ख) छैन

३. तपाई किन यस पेशामा प्रवेश गर्नुभयो ?

...........................................................................................................

४. तपाई आफ्नो पेशाप्रति  सन्तुष्ट हुनुहुन्छ ?

क) छु

हुनुहुन्छ भने किन ....................................................................................

५. के शिक्षण पेशा मर्यादित पेशा हो ?

क) *हो*

ख) होइन

ग) थाहाछैन

यो मर्यादित पेशा हो भने थप मर्यादित बनाउनुपर्ने देखिन्छ ?

६. तपाईले यस पेशामा प्रवेश गर्दा के कस्ता समस्यहरु झेल्नुपरेको छ ?

...........................................................................................

७. शिक्षण पेशा प्रति आकर्षित हुनुको मुख्य कारण के हो ?

.....................................................................................................

८. तपाईले आफ्नो पेशागत विकासको लागि आफैले के प्रयास गर्नुभएको छ ?उल्लेख गर्नुहोस् ।

...........................................................................................................

९. तपाईको शिक्षण पेशामा नियुक्ति भएपछि बढुवा भएको छ कि छैन ?

...........................................................................................................

१०. तपाई कक्षाकोठामा जानुअघि शिक्षणको पूर्वतयारी कतिको गर्नुहुन्छ ?

क) सधै ख) कहिलेकाहि ग) गरिदैन

यदि गर्नुहुन्नभने के कारणले पूर्वतयारी गर्न सक्नुहुदैन ?

...........................................................................................................

११. महिला शिक्षिकाहरुको पेशागतप्रभावकारिता बढाउन कस्तो कार्यक्रम तथा योजना निर्माण गर्न सकिन्छ?

.......................................................................................................

१२. कक्षाकोठामा विद्यार्थीहरुबाट कस्ता समस्याहरु उत्पन्न हुने गर्छन् ?

............................................................................................

१३. तपाईको पेशागत विकासको लागि कसले भुमिका निर्वाह गर्नुपर्ला ?

क) शिक्षक आफैले ख) विद्यालय प्रशासनले

ग) व्यवस्थापन समितीले घ) थाहा छैन

## विद्यालय वातावरण सम्बन्धी प्रश्नावली

१. तपाईले दैनिक कति घण्टी अध्यापन गराउनुहुन्छ ?

..................................................................................................

२. तपाई सरहका पुरुष शिक्षकले दैनिक कति घण्टी अध्यापन गराउनु हुन्छ ?

..................................................................................................

३. विद्यालयले गर्ने निर्णय प्रकृयामा तपाईको भुमिका छ कि छैन ?

क) छ ख) छैन

यदि छ भने कस्तो क्षेत्रमा रहेको छ ?

...................................................................

यदि छैन भने तपाईको भुमिका नरहनुका कारणहरु के-के हुन् ?

४. महिला शिक्षिका र पुरुष शिक्षक बिच विद्यालय प्रशासनले गर्ने व्यवहार समान छ ?

क) छ ख) छैन

यदी छैन भने कुन कुन पक्षमा विभेद देख्नुहुन्छ. ?

.............................................................

५. महिला भएकैकारण तपाईले हिनताबोध गर्नुभएको छ ?

क) छ ख) छैन

छ भने कसरी...................................

६. महिला शिक्षिकाको शैक्षिक अवसरमा वाधा पुऱ्याउने तत्वहरु के-के हुन सक्छन् ?

.......................................................................................

७. तपाईले शिक्षणको क्रममा शैक्षिक सामाग्रीको प्रयोग गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

यदि गर्नुहुन्छ भने किन ? र गर्नुहुन्न भने किन ?

.......................................................................................

८. तपाईको विद्यालयमा शौचालय छ ?

क) छ ख) छैन

छैन भने शौचालय नभएका कारण भोग्नुपरेका समस्याहरु के के हुन् ?

.......................................................................................

९. महिला र पुरुष शिक्षकका लागि फरक शौचालयको व्यवस्था छ ?

क) छ ख) छैन

यदि छैन भने किन फरक फरक शौचालय निर्माण हुन नसकेको हो ?

.......................................................................................

१०. तपाईको विद्यालयमा स्वच्छ पिउने पानीको सुविधा छ ?

क) छ ख) छैन

११. पुरुष शिक्षकहरुले महिला शिक्षिकाहरुलाई अध्यापनको क्रममा सहयोग गर्नुहुन्छ कि हुदैन ?

क) गर्नुहुन्छ ख) गर्नुहुदैन

यदि सहयोग गर्नुहुन्छ भने कस्तो किसिमको सहयोग गर्नुहुन्छ ?

.......................................................................................

यदि सहयोग गर्नुहुदैन भने के कस्ता अवरोधहरु उत्पन्न हुनेगरेको छ ?

.......................................................................................

१२. महिला शिक्षिकाहरुको शैक्षिक अवसरमा वाधा पुऱ्याउने तत्वहरु के के हुन् ?

**पारिवारिक वातावरण सम्बन्धी प्रश्नावली**

१. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

.......................................................................................

२. तपाइले अपनाएको पेशा प्रति घरपरिवारको दृष्टिकोण कस्तो छ ?

क) सकारात्मक ख) नकारात्मक ग) कुनै प्रतिकृया छैन

३. तपाईका बच्चा सरकारी विद्यालयमा अध्ययन गर्छन् कि निजी विद्यालयमा ?

क) सरकारी ख) निजी

यदि निजी विद्यालयमा अध्ययन गर्छन् भने किन निजी विद्यालय रोज्नुभयो ?

.....................................................................................

४. घर परिवारमा गरिने निर्णय प्रकृयामा तपाईको कस्तो भुमिका रहन्छ ?

.....................................................................................

५. तपाईलाई व्यक्तिगत निर्णय लिने कार्यमा स्वतन्त्रता छ कि छैन ?

क) छ ख) छैन

यदि छैन भने त्यसका कारणहरु के के हुन् ?

...................................................

६. पारिवारिक जनसंख्याको विवरण

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ०-५ | | | |
| २ | ६-१५ | | | |
| ३ | १६-६० | | | |
| ४ | ६०भन्दा माथी | | | |

७. तपाईको परिवारमा साक्षरता र निरक्षरताको अवस्था कस्तो छ ?

| | साक्षर | निरक्षर |
|---|---|---|
| पुरुष | | |
| महिला | | |

७. तपाईको पारिवारिक शैक्षिक अवस्था कस्तो छ ?

| क्र.सं. | शैक्षिक तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | प्रा.बि. | | | |
| २ | नि.मा.बि | | | |
| ३ | मा.बि | | | |
| ४ | उ.मा.बि | | | |
| ५ | उच्च शिक्षा | | | |

८. तपाईले पारिवारिक र सामाजिक रुपमा सामना गर्नुपरेका समस्याहरु के के छन् ?

.........................................................................

## आर्थिक अवस्था सम्बन्धि प्रश्नावली

१. तपाईको परिवारको मुख्य पेशा र बार्षिक आम्दानी कति हो ?

| पेशा | आम्दानी | आम्दानी गर्ने व्यक्तिको संख्या |
|---|---|---|
| कृषि | | |
| व्यापार | | |
| नोकरी | | |
| बैदेशिक रोजगारी | | |
| अन्य | | |

२. तपाईले कुन क्षेत्रमा कति खर्च गर्नुहुन्छ ?

क) शिक्षा.................. ख) स्वास्थ्य..................... ग) उपभोग.....................

घ) मनोरञ्जन................... ङ) अन्य............................

३. तपाईको परिवारमा रहेको चल अचल सम्पत्ति कसको नाममा छ ?

| व्यक्ति | चल सम्पत्ति | अचल सम्पत्ति |
|---|---|---|
| महिला | | |
| पुरुष | | |

४. तपाईको परिवारको बार्षिक आम्दानीले बर्षभरी खान पुग्छ की पुग्दैन ?

क) पुग्छ ख) पुग्दैन

यदी पुग्दैन भने कसरी व्यवस्था मिलाउदै आउनुभएको छ ?

....................................................................................

५. परिवारका कुनै सदस्य बैदेशिक रोजगारमा संलग्न रहेका छन् कि छैनन् ?

क) छन् ख) छैनन्

६. तपाईको परिवारको जग्गा जमिन कति छ ?

...........................................................................................

७. आयआर्जन प्रकृयामा महिला र पुरुष कसको भुमिका बढी महत्वपूर्ण ठान्नुहुन्छ ?

क) महिला ख) पुरुष

८.	यदि तपाईले ऋण लिनुभएको छ भने त्यसका श्रोतहरु के के हुन् ?

क) बैक	ख) सहक	ा	ग) स्थानिय साहुमहाजन

९.	व्यक्तिगत  सम्पत्तिमा तपाइको स्वामित्व छ की छैन ?

क) छ	ख) छैन

१०.	महिलाहरुको आर्थिकस्तर माथी उठाउन के गर्नुपर्छ ?

..........................................................................................................

११.	यदि तपाइले बचत गर्नुभएको छ भने कुन निकायमा गर्नुहुन्छ र कति व्याज पाउनुहुन्छ ?

| विवरण | व्याजदर |
|---|---|
| बैकं | |
| सहकारी | |
| साहुमहाजन | |

१२.	तपाईले ऋण लिने श्रोतहरु मध्ये कसलाइ कति व्याज तिर्नुहुन्छ ?

| विवरण | व्याजदर |
|---|---|
| बैकं | |
| सहकारी | |
| साहुमहाजन | |

यदि  साहुमहाजन सँग ऋण लिनु वा दिनु भएको छ भने किन ?

....................................................................................................................

३.	तपाईको परिवारमा रहेको चल अचल सम्पत्ति कसको नाममा छ ?

| व्यक्ति | चल सम्पत्ति | अचल सम्पत्ति |
|---|---|---|
| महिला | | |
| पुरुष | | |

४.	तपाईको परिवारको बार्षिक आम्दानीले बर्षभरी खान पुग्छ की पुग्दैन ?

क) पुग्छ	ख) पुग्दैन

यदी पुग्दैन भने कसरी व्यवस्था मिलाउदै आउनुभएको छ ?

..............................................................................................

५.	परिवारका कुनै सदस्य बैदेशिक रोजगारमा संलग्न रहेका छन् की छैनन् ?

क) छन्	ख) छैनन्

६. तपाईको परिवारको जग्गा जमिन कति छ ?

.......................................................................................

७. आयआर्जन प्रकृयामा महिला र पुरुष कसको  भुमिका बढी महत्वपूर्ण ठान्नुहुन्छ ?

क) महिला   ख) पुरुष

८. यदि तपाईले ऋण लिनुभएको छ भने त्यसका श्रोतहरु के के हुन् ?

क) बैकं   ख) सहकारी संस्था   ग) स्थानिय साहुमहाजन

९. व्यक्तिगत सम्पत्तिमा तपाईको स्वामित्व छ की छैन ?

क) छ   ख) छैन

१०. महिलाहरुको आर्थिकस्तर माथी उठाउन के गर्नुपर्छ ?

...............................................................................

११. यदि तपाइले बचत गर्नुभएको छ भने कुन निकायमा गर्नुहुन्छ र कति व्याज पाउनुहुन्छ ?

| विवरण | व्याजदर |
|---|---|
| बैकं | |
| सहकारी | |
| साहुमहाजन | |

१२. तपाईले ऋण लिने श्रोतहरु मध्ये कसलाई कति व्याज तिर्नुहुन्छ ?

| विवरण | व्याजदर |
|---|---|
| बैकं | |
| सहकारी | |
| साहुमहाजन | |

यदि  साहुमहाजन सँग ऋण लिनु वा दिनु भएको छ भने किन ?

..................................................................................................

## अनुसुची -२ (Appendix - II )

**अभिभावकहरुको लागि तयार पारिएको प्रश्नावली**

१) तपाईलाई शिक्षण पेशा कस्तो लाग्छ ?

२) महिलाहरुलाई घरबाहिर रोजगारीकालागि अवसर दिनु कतिको उचित ठान्नुहुन्छ ?

३) शिक्षण पेशामा आफ्नो सन्तानको भविष्य कस्तो देख्नुहुन्छ ?

४) तपाईले आफ्नो छोरी शिक्षण पेशामा प्रवेश गरेपछि  घरव्यवहार चलाउन कतिको सहज महशुस गर्नुभएको छ ?

५) तपाईको छोरीले शिक्षण पेशामा प्रवेश गरेपछि परिवारकालागि कतिको समय दिनुभएको छ ?

## अनुसुची -३ (Appendix - III )

**विद्यार्थीहरुको लागि तयार पारिएको प्रश्नावली**

१) महिला तथा पुरुष शिक्षक कसले राम्ररी शिक्षण गर्नुहुन्छ ?

२) कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग कतिको गर्नुहुन्छ ?

३) महिला शिक्षिकाहरुले विद्यार्थीहरुमा कुनै भेदभाव गर्नुहुन्छ कि गर्नुहुन्न ?

४) यदि गर्नुहुन्छ भने कस्तो किसिमको भेदभाव गर्नुहुन्छ ?

५) महिला तथा पुरुष शिक्षक कसले विषयवस्तु वा पाठ प्रस्टसँग बुझाउनुहुन्छ ?

६) पढाई बाहेक अन्य मनोरञ्जनात्मक क्रियाकलाप महिला तथा पुरुष शिक्षक कसले बढी गराउनुहुन्छ ?

## अनुसुची -४ (Appendix - IV )

**पुरुष शिक्षकहरुको लागि तयार पारिएको प्रश्नावली**

१) महिला शिक्षिकाहरुको योग्यता र अनुभवप्रति तपाईको धारणा कस्तो छ ?

२) विद्यालयको निर्णय प्रक्रियामा महिला शिक्षिकाहरुको भूमिका के कस्तो रहेको छ ?

३) पेशागत रुपमा महिला शिक्षिकाहरुले कस्ता समस्याहरु सामना गर्ने गर्दछन् ?

४) महिला शिक्षिकाहरुको पेशागत दक्षता अभिवृद्धि गर्न कस्ता निती निर्माण गर्न सकिन्छ ?

५) बालबालिकाहरुलाई विद्यालयमा भर्नाका लागि पुरुष शिक्षकहरुलाई भन्दा महिला शिक्षिकाहरुलाई अभिभावकहरुले बढी मात्रामा प्ररित गर्दछन् भन्ने भनाई प्रति तपाई कतिको सहमत हुनुहुन्छ ?

## अनुसुची -५ (Appendix - V )

निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरु तथा उनीहरुका अभिभावकहरुलाई छलफलका लागि तयार पारिएको छलफल सुची

| क.स. | छलफलको विषय |
|---|---|
| १ | विद्यालयको वर्तमान अवस्था |
| २ | खानेपानी तथा शैचालयको अवस्था |
| ३ | महिला शिक्षिकाहरुको आर्थिक तथा शैक्षिक समस्याहरुलाई समाधान गर्ने उपायहरु |
| ४ | शिक्षण पेशामा संलग्न भएपछि देखिएको परिवर्तन |

# अनुसुची -६ (Appendix - VI)

निजी तथा सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षिकाहरुको आर्थिक अवस्थाको तथ्याङ्क संकलन गर्न अवलोकन फारम निम्नानुसार निर्माण गरिएको थियो ।

| क.स | विवरण | अति उत्तम | उत्तम | मध्यम | न्युन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आम्दानीको अवस्था | | | | | |
| २ | खर्चको अवस्था | | | | | |
| ३ | बचतको अवस्था | | | | | |
| ४ | ऋणको अवस्था | | | | | |
| ५ | पेशाको अवस्था | | | | | |